# विद्यालय शिक्षाका दश अधिकारहरु

## अनुगमन तथा प्रवर्द्धन श्रोत पुस्तिका



“शिक्षा अधिकार सवाल तथा
शिक्षा अधिकारका लागि
नागरिक पहल परियोजना”
एक्सनएड अन्तर्राष्ट्रिय नेपाल
२०६८

actionaid





# विषय–सूचि


| | |
|---|---|
| प्राक्कथन | १ |
| विद्यालय शिक्षाका दश अधिकारहरु | २ |
| खण्ड १: विद्यालयहरुमा अधिकारहरुको अभिवृद्धिसम्बन्धी घोषणापत्र | ५ |
| खण्ड २: विद्यालयमा अधिकारहरुको अभिवृद्धि गर्ने कार्यविधि | ७ |
| खण्ड ३: विद्यालय शिक्षा अधिकार प्रवर्द्धन सन्दर्भ सामग्री र सूचकहरु | ११ |
| अधिकार १: नि:शुल्क र अनिवार्य शिक्षा पाउने अधिकार | १३ |
| अधिकार २: भेद्भावरहित/समानताको अधिकार | १९ |
| अधिकार ३: पर्याप्त भौतिक पूर्वाधारको अधिकार | २५ |
| अधिकार ४: तालिमप्राप्त शिक्षक पाउने अधिकार | ३१ |
| अधिकार ५: सुरक्षित र हिंसारहित वातावरणको अधिकार | ३७ |
| अधिकार ६: सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार | ४३ |
| अधिकार ७: आफ्ना अधिकारहरुबारे सुसूचित हुन पाउने अधिकार | ४७ |
| अधिकार ८: सहभागिताको अधिकार | ५१ |
| अधिकार ९: पारदर्शिता र जवाफदेहिताको अधिकार | ५५ |
| अधिकार १०: गुणस्तरीय सिकाईको अधिकार | ६१ |
| अनुसुचि: विद्यालय शिक्षामा अधिकारको प्रवर्द्धन – एक संयुक्त प्रयास | ६७ |






# प्राक्कथन:

विश्वका अन्य देशहरूसँगै नेपाल पनि सबैका लागि शिक्षा र शिक्षासम्बन्धी सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्न निरन्तर लागि परेको छ । सरकारी र गैरसरकारी क्षेत्रको सक्रियताका कारण विगतका केही वर्षमा नेपालले प्राथमिक शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्नेतर्फ प्रगति गरेको छ । शिक्षा अधिकार सुनिश्चित गर्नका लागि नेपालको गन्तव्य भने अझै पनि निकै टाढा छ । यसका लागि केन्द्रदेखि विद्यालय तहसम्म शिक्षा अधिकारको सवाललाई केन्द्रविन्दुमा राखी समस्याको पहिचान, योजना तथा कार्यक्रमको पहिचान तथा तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न आवश्यक छ ।

एक्सनएड विश्वभरी नै शिक्षा अधिकारको प्रवर्द्धन र पैरवीमा लागेको छ । नेपालमा पनि विगतका केही वर्षदेखि नागरिक शिक्षा प्रतिवेदनमार्फत् शिक्षा अधिकारको बहस र पैरवीलाई एक्सनएड नेपालले आफ्नो उच्च प्राथमिकतामा राखेको छ। हालसम्मका प्रयासहरूमा शिक्षालाई व्यक्तिगत र सामाजिक अधिकारका रूपमा लिइरहेको अवस्थामा शिक्षासम्बन्धी अधिकारलाई समग्र विद्यालयसँग जोडेर हेर्ने प्रयासस्वरूप विद्यालय शिक्षाका दश अधिकारहरू आएका छन् । यी दश अधिकारहरूले विद्यालय शिक्षाका सम्पूर्ण पाटाहरूलाई समेटेका हुनाले यस अवधारणाले शिक्षा अधिकारको बहस तथा पैरवीलाई प्रक्रिया सङ्गत, खँदिलो र वैज्ञानिक बनाउने अपेक्षा गरिएको छ ।

शिक्षा अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यता र प्रयोगमा आधारित रही एक्सनएड नेपालले नेपालका अधिकारकर्मी र शिक्षाकर्मीहरूको प्रयोगलाई ध्यानमा राखेर यस श्रोत पुस्तिका तयार पारिएको छ । नेपाल इभालुयसन एण्ड एसेस्मेन्ट टीम (नीट) का तर्फबाट प्रा.डा. यज्ञराज पन्तले नेतृत्व गरेको हेमराज लेखक र जीवनराज लोहनी सहितको विशेषज्ञको टोलीले यस श्रोत पुस्तिकाको नेपाली संस्करण तयार पारेको हो । यस श्रोत पुस्तिकाको तयारीका क्रममा टीमलिडर नविन सुवेदी, शिक्षा अधिकार टोलीका इन्द्र गुरूङ, अशोकराज पोखरेल र रोशन ढकालको सक्रिय सहभागिता रहनुका साथै क्षेत्रीय स्रोत केन्द्रका प्रतिनिधि र साझेदार संस्थाहरूको पनि उल्लेखनीय भूमिका रहेको छ ।

यस श्रोत पुस्तिकाको प्रयोग नेपाल सरकार, शिक्षा विभाग र अन्य सरकारी निकाय, शिक्षा क्षेत्रका दाता,अन्तर्राष्ट्रिय तथा स्वदेशी गैरसरकारी संस्था, शिक्षा अधिकारमा काम गरिरहेका एक्सनएडका साझेदार संस्था, विशेषज्ञ, शिक्षाविद्, शिक्षा अधिकारकर्मी, विद्यार्थी, स्थानीय तहमा कार्यरत कर्मचारी र विद्यालयका सरोकारवालाहरूले गर्ने आशा गरिएको छ । यस स्रोत पुस्तिकाको समूचित प्रयोग गरी विद्यालय शिक्षा अधिकारका दश सवालहरूका माध्यमवाट शिक्षा क्षेत्रको समग्र सुधारतर्फ कार्यक्रमको पहिचान, तर्जुमा र सञ्चालन, अनुगमनका साथै पैरवी र सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु हुन अनुरोध छ ।

**एक्सनएड अन्तर्राष्ट्रिय नेपाल**

# विद्यालय शिक्षाका दश अधिकारहरु : अनुगमन तथा प्रवर्द्धन स्रोत पुस्तिका

## खण्ड – १ : भूमिका र परिचय

सन् १९४८ मा संयुक्त राष्ट्रसंघले जारी गरेको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रपछि विभिन्न देशहरूले औपचारिक रूपमा शिक्षा अधिकारलाई पहिचान गरी राष्ट्रिय कानुन तथा नीति र कार्यक्रममा समावेश गरे। साथै, बालबालिका र शिक्षासम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सहमति र घोषणा पत्रहरू आए । बाल अधिकार घोषणापत्र र अन्य मानव अधिकार सम्बन्धी दस्तावेजहरूले शिक्षालाई विश्वब्यापी रूपमा अधिकार का रूपमा स्थापना गरे पनि अधिकारको परिभाषा परिवर्तित र परिस्कृत हुँदै आएको छ। पछिल्ला समयमा सहस्राब्दी विकास लक्ष्य र ''सबैका लागि शिक्षा'' घोषणाहरूले शिक्षा अधिकार लाई परिभाषित र मापन गर्न सक्ने बनाएका छन् । वर्तमान परिप्रेक्ष्यमा शिक्षा अधिकार भन्नाले सबै बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित गरी विद्यालय तहसम्मको शिक्षा सबै बालबालिकाहरूको पहुँचमा ल्याउने अवस्थाको सिर्जना गर्नु भन्ने बुझिन्छ।

यस स्रोत पुस्तिकाले विद्यालय शिक्षाका दश अधिकारलाई विद्यालय र विद्यार्थीसँग नजिक रहेर परिभाषित गरेको छ । यी दश अधिकारहरूले एउटा गुणस्तरीय शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालय कस्तो हुनुपर्दछ भन्ने जानकारी पनि दिन्छ । यस प्रयासले सामुदायिक शिक्षाको सुदृढिकरण गरी सबैका लागि निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि बहस तथा पैरवी गर्न मद्दत गर्नेछ।

शिक्षाका अधिकारहरूको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने प्रमुख जिम्मेवारी राज्यको हो । शिक्षा अधिकारका उद्देश्यहरूलाई प्राप्त गर्न विद्यालयका सरोकारवाला (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षकहरू) र विभिन्न राज्यका निकायहरू जस्तै : श्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग, शिक्षा मन्त्रालय र नेपाल सरकार जवाफदेही हुनु पर्दछ । विद्यालयहरूले प्राप्त गर्ने स्रोतहरू अर्थ मन्त्रालय, दातृ निकायहरू, अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरू (विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष), राष्ट्रिय तथा निजी दाताहरूद्वारा पनि निर्देशित हुन्छन्। साथै विद्यालय तहमा भएका कार्यक्रमहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा थालिएका प्रचारात्मक र नीतिगत प्रयासहरूसँग जोड्न र तुलना गर्न सहयोग पुऱ्याउँछ। विशेषगरी, यस प्रयासले विद्यार्थीहरू, बालबालिकाहरू, समुदायहरू तथा स्थानीय नागरिक समाजको गुणस्तरीय शिक्षा अधिकारको वकालत गर्ने क्षमताको मात्र हैन यी आवश्यकताहरूबारे जनचेतना अभिवृद्धि गरी दीर्घकालीन रूपमा व्यवहारमा उतार्न सक्ने निर्णयात्मक क्षमताको विकास गर्ने लक्ष्य लिएको छ।

शिक्षा र मानव अधिकार खाकाका साथ साथै युनिसेफको विश्वव्यापी 'बालमैत्री विद्यालय' र संयुक्त अधिराज्यले जारी गरेको विद्यालयसम्बन्धी अधिकारहरू (Rights Respecting Schools Awards) जस्ता प्रयासहरूद्वारा उत्प्रेरित छ । नेपाल सरकारले पनि विद्यालय शान्ति क्षेत्र, भयरहित शिक्षा तथा बालमैत्री शिक्षण विधि आदि विषयमा प्रतिवद्धता जनाएको छ। जसअनुसार सरकारले विद्यालय शान्ति क्षेत्र घोषणा गरको छ भने बालमैत्री शिक्षणसम्बन्धी निर्देशिका तयार पारेको छ । यी प्रयासहरूले विद्यालय शिक्षाका दश अधिकार अवधारणालाई नेपालको सन्दर्भमा परिमार्जित गरी स्पष्ट खाका बनाउन प्रोत्साहित गरेको छ।

विद्यालय शिक्षाका दश अधिकारहरू अन्तर्राष्ट्रिय मानव अधिकार सन्धिहरू अथवा महासन्धिहरूबाट लिइएका हुन्। सबै अधिकारहरू स्वर्गीय कैटरिना टोमासभ्स्कीले प्रतिपादन गरेको 'चार ए' (4A) खाका अन्तर्गत् पर्दछन्। 'चार ए' संरचनाभित्र निम्न सूचकहरू पर्दछन् :

- **उपलब्धता** (Availability): शिक्षा निःशुल्क हुनु पर्दछ र सरकारले व्ययभारको जिम्मेवारी लिई पर्याप्त भौतिक पूर्वाधार तथा शिक्षकहरूको व्यवस्था गर्नुपर्दछ।
- **शिक्षामा पहुँच** (Accessibility): सरकारले कसैमाथि भेद्भाव गर्नुहुँदैन र सबैभन्दा सीमान्तकृतहरूमा पहुँच पुऱ्याउनका लागि सकारात्मक कदमहरू चाल्नु पर्दछ।
- **स्वीकार्य शिक्षा** (Acceptability): शिक्षाको विषयवस्तु सान्दर्भिक तथा सांस्कृतिक रूपले समूचित र स्तरीय हुनु पर्दछ।
- **अनुकूल शिक्षा** (Adaptability): समाजका तथा विभिन्न पक्षका परिवर्तनशील आवश्यकताहरूलाई शिक्षाले सम्बोधन गर्नु पर्दछ।

विद्यालय शिक्षाका दश अधिकारहरूले नागरिकको शिक्षा अधिकारसँग प्रत्यक्ष सम्बन्ध राख्नुका साथै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अनुगमन तथा तुलनात्मक विश्लेषण गर्न स्पष्ट खाका प्रदान गर्दछन्। यी अधिकारहरू मध्ये आवश्यकता अनुसार कुनै एक अधिकारलाई मात्र जोड दिन सकिने भए पनि सबै अधिकारहरूले एक अर्कालाई बल पुऱ्याउने र एक अर्कासँग सम्बन्धित भएकाले सबै अधिकारहरूको प्रयोग गर्नु उचित हुन्छ। यस स्रोत पुस्तिकाले हरेक अधिकारका सूचकहरूको पहिचान

गरी ती सूचकहरू सम्बन्धी सूचना सङ्कलन गर्न आवश्यक पर्ने विधि र औजारहरू प्रष्ट पारेको छ । विद्यालयबाट सङ्कलित सूचनालाई विद्यालय, जिल्ला र राष्ट्रिय 'नागरिक प्रतिवेदनहरू' मा सङ्ग्रह गरी नागरिक शिक्षा प्रतिवेदन तयार पार्न सकिन्छ। ती प्रतिवेदनहरूलाई शिक्षा अधिकारको सुनिश्चताका लागि अभियान थाल्ने, प्रचार प्रसार गर्ने र विभिन्न साझेदार संस्था र सरोकारवालाहरूको परिचालन गर्ने जस्ता कामकारबाहीको आधारपत्रका रूपमा प्रयोग गर्न सकिन्छ ।

विद्यालयमा सूचना सङ्कलनका क्रममा गरिने प्रक्रिया पनि नागरिक शिक्षा प्रतिवेदन जत्तिकै महत्वपूर्ण हुन्छ । तसर्थ, प्रक्रियाको तयारीदेखि तथ्याङ्क सङ्कलन तथा विश्लेषण र निचोड निकाल्ने लगायतका सम्पूर्ण कामकारबाहीमा बालबालिका, अभिभावक, नागरिक समाजका प्रतिनिधि, गैससं र शिक्षक सङ्गठन लगायतका सबै सरोकारवालाहरूलाई संलग्न गराएमा कुन कुरामा परिवर्तन आवश्यक छ र कसरी परिवर्तन ल्याउन सकिन्छ भन्ने बारेमा सचेतना अभिवृद्धि गर्न सकिनेछ ।

## नेपालको परिवेशमा शिक्षा अधिकार

नेपाली अर्थ राजनीतिमा विगतका ६ वर्ष अत्यन्तै परिवर्तनमूखी र महत्वपूर्ण रहेका छन् । १२ वर्षसम्म रहेको आन्तरिक द्वन्द्वलाई शान्ति प्रक्रियामार्फत् अन्त्य गर्ने अठोट गरेपछि देशको राजनीतिमा आमूल परिवर्तनहरू देखा परेका छन् । राजतन्त्रको अन्त्य, अन्तरिम संविधानको निर्माण, संविधानसभाको चुनाव र नयाँ संविधानको निर्माण प्रक्रियावाट नेपाल र नेपाली जनताको अधिकारको संघर्षले नयाँ मोड लिएको छ । आर्थिक सामाजिक क्षेत्रमा र आम नागरिकहरूको सचेतना स्तरमा पनि राजनीतिक परिवर्तनको प्रभाव परेको छ र यी सबै प्रक्रियामा गैरसरकारी क्षेत्रको भूमिका पनि विशेष रहेको छ । व्यक्तिगत, सामुदायिक र संस्थागत प्रयासहरूका मद्दतले गर्दा अधिकारको सवाल र बहसले पनि गति लिएको छ । शिक्षा र स्वास्थ्य सम्बन्धी विकास लक्ष्यहरूलाई हेर्ने हो भने विश्वका अन्य देशहरूको तुलनामा धेरै नै द्रूत गतिमा लक्ष्यतिर लम्किरहेको देशको रूपमा नेपाललाई संयुक्त राष्ट्रसंघले प्रशंसा पनि गरेको छ। यति हुँदाहुँदै पनि आगामी दिनहरूमा सबै सरोकारवालाहरू मिलेर बृहत् रूपमा नलागेमा हाल देखिएका प्रगतिहरू नेपालका समग्र विकास लक्ष्यहरू पूरा गर्नका लागि पर्याप्त भने हुने छैनन् ।

बालबालिकाको शिक्षा र अन्य अधिकारहरूको परिपूर्तिका लागि कटिवद्धता देखाउँदै नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरी सन् १९९० देखि शिक्षा अधिकारलाई देशको संविधानमा मौलिक अधिकार भित्र किटानीका साथ राखेको छ । हाल विद्यमान अन्तरिम संविधान, २०६३ ले शिक्षा र संस्कृतिसम्बन्धी अधिकार अन्तर्गत् हरेक नागरिकले राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउनु पर्ने व्यवस्था गरेको छ । यद्यपि, यस्तो व्यवस्था घोषणामा आए पनि कार्यान्वयन भने हालसम्म पनि गरिएको छैन । अन्तरिम संविधान पटक पटक संशोधन भए पनि संविधानमा व्यवस्था भए बमोजिम शिक्षा ऐन र नियमावली संशोधन भने सरकारको उच्च प्राथमिकतामा परेका छैनन् । शिक्षा ऐन सातौं संशोधन, २०५८ ले सबै सामुदायिक विद्यालयहरूमा कक्षा ५ सम्मको प्राथमिक शिक्षा निःशुल्क हुने र सबै प्राथमिक तहका बालबालिकालाई राज्यले निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने प्रावधान राखेको छ । ऐनले गरिबीको रेखामुनि रहेका दलित, जनजाति र अन्य पिछडिएका समूहहरूका बालबालिकाका लागि भने माध्यमिक तहसम्म नै निःशुल्क शिक्षा दिने व्यवस्था गर्ने उल्लेख गरेको छ। संविधान र ऐनमा निःशुल्क शिक्षाको परिभाषा नगरिए पनि विद्यालय क्षेत्र सुधार योजनाले (२००९-२०१५) निःशुल्क शिक्षा अन्तर्गत् भर्ना शुल्क, उपभोक्ता वा सेवा शुल्क, र परीक्षा शुल्कहरू मिनाहा गरी थप पाठ्यपुस्तक र आवश्यकता भएका समूहलाई छात्रवृत्ति दिनु पर्ने व्यवस्था उल्लेख गरेको छ । योजनाले आधारभूत शिक्षा (कक्षा ८ सम्मको शिक्षा) लाई निःशुल्क बनाएको छ ।

विद्यालय शिक्षा अन्तर्गत् प्राथमिक तह (१-५ कक्षा), निम्न माध्यमिक तह (६-८ कक्षा), माध्यमिक तह (९-१० कक्षा) र उच्च माध्यमिक तह (११-१२ कक्षा) पर्दछन् भने कक्षा १ देखि ८ लाई आधारभूत तह मानिन्छ । बाल विकास र पूर्व प्राथमिक कक्षाहरू ३ देखि ४ उमेर समूहका बालबालिकालाई लक्षित गरी सञ्चालन गरिए पनि तिनीहरूको सञ्चालन मुख्यतः समुदायको सहयोगमा नै निर्भर रहेको छ । शिक्षा ऐनमा व्यवस्था गरिए अनुसार विद्यालयहरू मुख्यतः दुई प्रकारका छन् : सामुदायिक विद्यालय (सरकारी सहायता प्राप्त) र संस्थागत विद्यालय (सरकारी सहायता नपाउने र निजी क्षेत्रवाट व्यवस्थित) । सामुदायिक विद्यालयहरू पनि तीन प्रकारका छन् -सरकारले पूर्णतया सहयोग गरेका सामुदायिक विद्यालय (स्थायी शिक्षक दरवन्दी भएका), सरकारले आंशिक सहयोग गरेका सामुदायिक विद्यालय (स्थायी दरवन्दी नभएका), र समुदायले व्यवस्थापन गरेका विद्यालय (सरकारले पूर्ण सहयोग गरे पनि समुदायले व्यवस्थापन जिम्मेवारी लिएका) । यस बाहेक विभिन्न धार्मिक विद्यालयहरू पनि सञ्चालनमा रहेका छन् ।

शैक्षिक सत्र २०६७/२०६८ मा माध्यमिक तहसम्मको शिक्षालाई हेर्दा २८,५०७ सामुदायिक र ५,१०३ संस्थागत

विद्यालयहरू सञ्चालनमा छन । धार्मिक विद्यालयहरूमा ६७४ मदरसाहरू, ५१ गुम्बा अथवा विहार र ३० हिन्दू आश्रम वा गुरूकूलहरू पर्छन । लगभग ८५ प्रतिशत बालबालिकाहरू सामुदायिक विद्यालयहरूमा अध्ययन गर्छन् । शिक्षा विभागको फ्ल्यास प्रतिवेदनका अनुसार खुद भर्ना दर ९४.५ प्रतिशत रहेको उल्लेख गरे पनि २०६७/२०६८ मा नै प्रकाशित नेपाल जीवनस्तर सर्वेक्षणले सो दर जम्मा ७८ प्रतिशत रहेको जनाएको छ । यस्तै, फ्ल्यास प्रतिवेदनका अनुसार कक्षा १-५ सम्मको उत्तीर्ण दर ८२%, कक्षा दोहोऱ्याउने दर १२%, कक्षा छाड्ने दर ६% र टिकाउ दर ८१% रहेको छ । कक्षा ५ को औसत सिकाई उपलब्धि भने ४०% मात्र रहेको छ। शैक्षिक सूचकहरूमा विगतका केही वर्षहरूमा भएको वृद्धिलाई हेर्ने हो भने सिकाई, भर्ना र विद्यार्थी टिकाउ दरका हिसाबले सहस्राब्दी विकास लक्ष्य हासिल गर्न असम्भव प्रायः देखिन्छ। सङ्ख्यात्मक हिसाबले वृद्धि देखिए पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने क्रममा विभिन्न समस्याहरू देखिएका छन् ।

यी सबै तथ्यहरूलाई मध्यनजर गर्दा नेपालमा शिक्षा अधिकार सुनिश्चित गर्न विद्यालय शिक्षाका विभिन्न पक्षहरूमा ठोस परिवर्तन र सुधार आवश्यक छ । सुधार आवश्यक भएका पक्षहरूको विद्यालयदेखि राष्ट्रिय तहसम्म अनुगमन र विश्लेषण गरी बहस, पैरवी गर्नका लागि विद्यालय शिक्षाका दश अधिकार प्रवर्द्धन श्रोत पुस्तिकाको विकास गरिएको छ ।

## नेपालमा नागरिक शिक्षा प्रतिवेदनका अनुभवहरु

शिक्षामा नागरिकका सवालहरूलाई ल्याई शिक्षा अधिकारको बहसलाई अगाडि बढाउन तथा शिक्षा सुधारका लागि नागरिकहरूको सक्रियता बढाउन एक्सनएड नेपालले सन् २००९ देखि विद्यालय, जिल्ला र राष्ट्रिय तहमा नागरिक शिक्षा प्रतिवेदनहरू तयार पारी शिक्षा अधिकारको प्रवर्द्धनका लागि पैरवी गर्दै आएको छ । नागरिक शिक्षा अभियानले नागरिकको शिक्षाप्रतिको बुझाई, स्थानीय परिवेश र शक्ति सम्बन्धको उजागर गर्ने, बिभिन्न समुदाय, बर्ग, जाति र लिङ्गको शिक्षा अधिकारमा पहुँच र उपभोग गर्नमा आइपरेका बाधाहरूको मूल कारण खोतल्न र राज्यले अवलम्बन गरेका शैक्षिक नीतिनियम तथा प्रावधानहरूको प्रभावकारिताको लेखाजोखा गर्ने उद्देश्य राखेको थियो ।

सन् २०१० मा एक्सनएड नेपालले आफ्ना साझेदार संस्थाहरूसँगको सहकार्यमा मध्य-पश्चिमाञ्चल र सुदुर-पश्चिमाञ्चलका ९ जिल्लाका ३५ विद्यालयहरूमा नागरिक शिक्षा अभियान क्रियाकलापहरू सञ्चालन गऱ्यो । अभियानका क्रममा एक्सनएड र साझेदार संस्थाको टोलीले विद्यालयको भ्रमण गरी विभिन्न सहभागितात्मक विधि र औजारहरूको प्रयोग गरी शिक्षा अधिकारका विभिन्न पक्षहरूमा सूचना सङ्कलन गरेका थिए । सूचना सङ्कलनका लागि धरातलीय हिंडाई, सामाजिक साक्षरता नक्साङ्कन, समूहकेन्द्रित छलफल, घटना अध्ययन तथा व्यक्तिगत अन्तवार्ता, मौसमी पात्रो, विद्यालयका अभिलेखहरू अध्ययन तथा अवलोकन, विद्यालयको बाहृय तथा भित्री वातावरण अवलोकन र प्राप्त तथ्य र सूचनाहरूको विद्यालय र जिल्ला तहमा छलफल जस्ता विधिहरूको प्रयोग पनि गरिएको थियो । यसरी विद्यालय तहबाट सङ्कलन गरिएका सूचनाहरूका आधारमा विद्यालय, जिल्ला र राष्ट्रिय तहको नागरिक प्रतिवेदन तयार गरी सम्बन्धित तहमा प्रकाशन र प्रचार प्रसार गरियो । अभियानमा करिब ४,१०० भन्दा बढी शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतका सरोकारवालाहरूको प्रत्यक्ष सहभागिता रहेको थियो भने सो कार्यका लागि २९ स्थानीय साझेदार संस्थाहरू र ५० भन्दा बढी अभियानकर्ताहरू सक्रिय रूपमा परिचालित भएका थिए । प्रतिवेदन तयारीका क्रममा अपनाइएको प्रक्रिया र प्रतिवेदनको प्रचारप्रसारले गर्दा विद्यालय तहमा तात्कालिक परिर्वतनहरू (जस्तै : सरसफाई, विद्यालय रेकर्डको उचित व्यवस्थापन आदि) देखा परेका छन् भने राष्ट्रियस्तरमा प्रतिवेदनमाथि छलफल गरी प्रचारप्रसार गर्ने आगामी कार्यक्रम रहेको छ ।

## शिक्षाका दश अधिकार र नागरिक शिक्षा अभियान

सन् २०१० र २०११ मा सञ्चालन गरिएका नागरिक शिक्षा अभियानहरूले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा विद्यालय शिक्षाका दश अधिकारहरूका सम्बन्धमा सूचना सङ्कलन गरी विश्लेषण गरेका हुनाले एक्सनएड नेपालले आगामी दिनहरूमा विद्यालय शिक्षाका दश अधिकारसम्बन्धी अवधारणा र नागरिक शिक्षा प्रतिवेदनलाई एकीकृत गरी लैजानेछ । यस निर्देशिकाले विद्यालय शिक्षा अधिकार सम्बन्धमा सूचना सङ्कलन गर्न आवश्यक विभिन्न सूचकहरू पहिचान गरी उपयुक्त विधि तथा औजारहरू उल्लेख गरेको छ । आगामी दिनमा नागरिक शिक्षा अभियानहरूका क्रममा यस श्रोत पुस्तिकाको आधारमा प्रक्रियागत रूपमा सूचनाहरू सङ्कलन गरी विद्यालय, जिल्ला र राष्ट्रिय तहका नागरिक प्रतिवेदनहरू तयार पारिनेछ ।

## श्रोत पुस्तिकाको रुपरेखा

**यस स्रोत पुस्तिकामा तीनवटा खण्ड रहेका छन् :**

**खण्ड १** ले १० वटा अधिकारहरूलाई सरल 'घोषणापत्र' का रूपमा पुनर्लेखन गरेको छ ।

**खण्ड २** ले घोषणापत्रलाई प्रयोग गर्न र सूचकहरूलाई सघाउन सहभागितामूलक विधिको रूपरेखा प्रस्तुत गर्दछ ।

**खण्ड ३** ले उल्लेख गरिएका प्रत्येक अधिकारहरूका लागि सूचकहरू प्रस्तुत गरेको छ ।



# खण्ड १

# विद्यालयहरुमाअधिकारहरुको अभिवृद्धिसम्बन्धी घोषणापत्र

# विद्यालयहरुमा अधिकारहरुको अभिवृद्धिसम्बन्धी घोषणापत्र

## सबै विद्यालयहरूले निम्नलिखित मौलिक अधिकारहरूको पालना गर्नु पर्दछ :

१ **निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार** : विद्यालय जाने उमेरका सबै बालबालिकाको विद्यालयमा सर्वसुलभ पहुँच हुनुपर्दछ । आधारभूत तहको शिक्षा अध्ययनका लागि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाउनु हुँदैन र शिक्षालाई क्रमशः सबै तहमा निःशुल्क बनाउँदै लैजानुपर्दछ ।

२ **भेद्भावरहित / समताको अधिकार** : राज्यले गरेको विशेष नीतिगत सकारात्मक व्यवस्थाबाहेक विद्यालयले लिङ्ग, जातजाति, भाषाभाषी, धर्म, राजनीतिक आस्था, राष्ट्रियता, जातीयता, अपाङ्गता वा अन्य कुनै अवस्थाका आधारमा कोही कसैलाई भेद्भाव गर्नुहुँदैन ।

३ **पर्याप्त भौतिक पूर्वाधारको अधिकार** : प्रत्येक कक्षाको लागि सबैलाई पहुँच हुने विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, प्रयोगशाला, खानेपानी छात्रछात्राको लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाईको व्यवस्था हुनुपर्दछ ।

४ **तालिमप्राप्त शिक्षक पाउने अधिकार** : विद्यालयमा पर्याप्त तालिमप्राप्त शिक्षकको व्यवस्था हुनुपर्दछ । जस अनुसार एक शिक्षक बराबर कम्तिमा राज्यले तोकेको विद्यार्थीको अनुपात कायम गर्नुपर्दछ । शिक्षकहरूलाई उचित तलव, सेवापूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ ।

५ **सुरक्षित र हिंसारहित वातावरणको अधिकार** : विद्यार्थीलाई बाटोमा आउँदा /जाँदा, विद्यालयमा विपद् वा अन्य घटनाहरूवाट सुरक्षित रहने वातावरण हुनुपर्दछ । विद्यालयमा दण्ड, सजाय वा हिंसाका साथै बालअधिकार हनन् हुने घटनाहरू भएमा पीडितको गोपनीयतालाई ध्यान दिइ पीडकलाई कारबाही हुनुपर्दछ ।

६ **सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार** : विद्यार्थीहरूको भाषा र संस्कृतिको पहिचानसँग तालमेल हुने तथा उनीहरूको सामाजिक, साँस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगिता हुने पाठ्यक्रम तथा शिक्षण विधिको व्यवस्था गरिनुपर्दछ ।

७ **आफ्ना अधिकारहरुबारे सुसूचित हुन पाउने अधिकार** : प्रत्येक विद्यार्थीहरूले मानव अधिकार, खासगरी बालअधिकारको बारेमा जान्ने अवसर पाउनु पर्दछ, र उमेर अनुसारको यौन तथा प्रजनन् शिक्षासम्बन्धी जानकारी पाउने अधिकारसमेत सुनिश्चित गरिनु पर्दछ ।

८ **सहभागिताको अधिकार** : छात्र तथा छात्राहरूले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रतापूर्वक बोल्न वा सहभागी हुन पाउनु पर्दछ र उनीहरूको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।

९ **पारदर्शी र जवाफदेहिताको अधिकार** : राज्यले गरेको नीतिगत व्यवस्था अनुरूप विद्यालयका सरोकारवालाहरू (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, स्रोत व्यक्ति, विद्यालय निरीक्षक, गाउँ तथा जिल्ला शिक्षा समिति र सम्बन्धित निकाय) ले आ-आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सो अनुसार पारदर्शी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

१० **गुणस्तरीय सिकाइको अधिकार** : विद्यार्थीहरूको पूर्ण शारीरिक र मानसिक विकासका साथै वौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

# खण्ड २

# विद्यालयमा अधिकारहरुको अभिवृद्धि गर्ने कार्यविधि



## अभिप्राय

**विद्यालय शिक्षामा दश अधिकारसम्बन्धी प्रारुप तयार गर्नुको अभिप्राय शिक्षाको गुणस्तर सुधार गर्न नागरिकहरुलाई संलग्न गराउनु रहेको छ । प्रारुप र सूचकहरुले नागरिकको सहभागिता गरी शिक्षाका अधिकारहरुबारे स्थानीय, जिल्ला र राष्ट्रिय नागरिक शिक्षाका प्रतिवेदनहरुको निर्माणमा सहयोग पुऱ्याउँछन । यस प्रयासले अनुसन्धानका आधारमा क्रियाकलाप गर्ने, तथ्य प्रमाणहरु सहित प्रचार प्रसार गर्ने, र विभिन्न सरोकारवालाहरुको सहभागितामा अभियान थाल्ने कुरालाई बढावा दिन्छ। विद्यालय शिक्षाका दश अधिकारको प्रवर्द्धनले शिक्षा क्षेत्रमा दिगो परिवर्तन ल्याउने छ ।**

## उद्देश्य

यस निर्देशिकाको मुख्य उद्देश्य विद्यालयमा शिक्षाका दश आधारभूत अधिकारको प्रवर्द्धन तथा अनुगमनमा सहयोग पुऱ्याउनु हो । अन्य उद्देश्यहरू यस प्रकार छन् :

- दश वटा प्रमुख शैक्षिक अधिकारमध्ये एक अथवा बढी अधिकारबारे सत्यतथ्य सुचनाहरू सङ्कलन गर्न सक्ने गरी अभिभावकहरू, बालबालिकाहरू, शिक्षकहरू र अन्य सरोकारावालाहरूको संलग्नता रहने सहभागितामूलक र सशक्त प्रक्रियाको विकास गर्ने,
- शिक्षा अधिकारहरूको प्रवर्द्धनका लागि विद्यालय तहमा भविष्यको कार्यलाई उत्प्रेरित गर्नका लागि विद्यालय स्तरका नागरिक प्रतिवेदनहरू तयार गर्ने,
- नागरिक केन्द्रित प्रचार प्रसार र अभियानका लागि जिल्लास्तर र राष्ट्रियस्तरका प्रतिवेदनहरू सङ्ग्रह गर्ने,
- दश अधिकारका आधारमा शिक्षा क्षेत्रमा भएका सकारात्मक प्रगति तथा बाँकि रहेका चुनौतिहरूलाई पहिचान गर्ने,
- शिक्षाका दश अधिकार तथा अन्तर्राष्ट्रिय सन्धिहरू/सम्झौता तथा राष्ट्रिय संविधान र अन्य नीतिनियम बारे जानकारी गराउने ।

## कार्यविधि

विद्यालय शिक्षामा अधिकारहरूको प्रवर्द्धनसम्बन्धी क्रियाकलापका लागि सहभागितामूलक कार्यविधि अपनाइनु पर्दछ । यस कार्यविधिको शुरूवात विद्यालय तहमा गरिने सर्वेक्षण प्रक्रियाबाट हुन्छ । दश अधिकारका सूचकहरूलाई सहभागितामूलक प्रक्रियाहरू र आपसी छलफलका माध्यमबाट तथ्याङ्कहरू सङ्कलन गर्नु पर्दछ । यस स्रोत पुस्तिकामा दिएका प्रश्नहरूको ढाँचाले सहयोगी कार्यकर्ताहरूलाई व्यवस्थित किसिमले आवश्यक सूचना सङ्कलन गर्न सघाउ पुग्नेछ । प्रत्येक विद्यालय र सर्वेक्षण क्षेत्रमा सशक्तिकरण र विश्लेषणको एउटा बृहत् प्रक्रिया थाल्न यस्ता सहभागितामूलक औजारहरू प्रस्तावित गरिएको छ । यी प्रक्रियाहरूबाट सङ्कलित तथ्याङकहरूलाई समूहकेन्द्रित छलफलहरू र विद्यालयका अभिलेखहरूको समीक्षाद्वारा परिपूर्ति गर्न सकिन्छ । सफल प्रयासका उदाहरणहरू, कथाहरू र अन्य सूचना सामग्रीहरू पनि सङ्कलन गर्नु पर्छ । यस प्रक्रियाको विभिन्न चरणमा तथ्याङ्कहरू कसरी सङ्कलन गरिए र कति जना र कुन सहभागी भए भन्ने कुराहरूको जानकारी समावेश गर्नु पर्दछ । सूचना सङ्कलन गर्न प्रयोग गरिएका फोटोहरू अथवा दृश्य औजारहरूका उदाहरणहरू अथवा तिनीहरूको निर्माण प्रक्रिया पनि समावेश गर्नु पर्दछ ।

यस प्रक्रियालाई विद्यालयहरूमा बृहत् रूपमा लैजानका लागि तीन दिनको समय लाग्नेछ । विशेष सन्दर्भहरूमा समय कम वा बढी लाग्न सक्दछ । सहभागितामूलक प्रक्रिया र तथ्याङ्कहरूको सङ्गठित अभिलेखनले भविष्यमा प्रमाणमा आधारित प्रचारात्मक प्रयासहरूको आधारशिला तयार गर्नेछ ।



## सर्वेक्षण औजारहरु

- **विद्यालय क्षेत्रको सामाजिक साक्षरता नक्साकन-** प्रत्येक घरपरिवार बारेका सूचनाहरूको अभिलेखन, विद्यालयमा र विद्यालय बाहिर रहेका बालबालिकाहरू, विभेद तथा वञ्चितीकरणमा परेका समुदायहरू बारे सूचना (जस्तै, जाति, लैङ्गिक, जातीय अल्पसङ्ख्यक, अपाङ्गता, बालश्रम आदी), विद्यालयसम्मको दूरी र जान लाग्ने समय इत्यादि ।
- **विद्यालय समय रेखा** - सन् २००० (अथवा सम्भव भए अझ त्यस अगाडि) देखि मुख्य विकास क्रमको अभिलेखन जस्तै, भर्ना सङ्ख्याको प्रवृत्ति, शिक्षक सङ्ख्या र योग्यता, कक्षा कोठाहरू, विव्यस इत्यादि ।
- **मौसमी वा मासिक पात्रो**
- **धरातलीय हिंडाई** - विद्यालयको भौतिक पूर्वाधार र विद्यालय क्षेत्रको अवलोकन गर्ने ।
- **केही मुख्य सरोकारवालाहरुसँग अन्तर्वार्ता** - विद्यालय बाहिर रहेका बालबालिकाहरू, विद्यालय छोडका बा लबालिका र तिनका अभिभावकहरू, प्रधानाध्यापक, विव्यस अध्यक्ष, स्रोत व्यक्ति, स्थानीय नागरिक समाज, बुद्धिजीवि र जिल्ला शिक्षा अधिकारीसँग गर्न सकिने ।
- **समूहकेन्द्रित छलफलहरु** - विद्यार्थीहरू, आमाहरू, शिक्षकहरू, विव्यस र शिअसंका प्रतिनिधिकहरूसँग,
- **विद्यालय अभिलेखहरुको समीक्षा** - विद्यालय रजिस्टरको आधारमा विद्यालयमा भर्ना हुने बेला, अर्ध-वार्षिक रूपमा र शैक्षिक सत्रको अन्तिमका सूचनाहरूको समीक्षा गर्ने ।
- **सार्वजनिक सुनूवाई** - (समयमै विज्ञापन गरिएको) विद्यालयमा शिक्षकहरू, अभिभावकहरू, बालबालिकाहरू, सामुदायिक नेताहरू, स्थानीय सङ्गठनहरू आदिको संलग्नतामा कुनै एक वा थप अधिकारहरूका विषयमा विस्तृत छलफल गर्ने ।
- **टोली परिचालन गरी विद्यालयको विस्तृत विवरण ल्याउने ।**

माथि उल्लिखित औजारहरू प्रयोग गरी प्रत्येक विद्यालयबाट सङ्कलन गरिएका तथ्याङ्कलाई जिल्ला तथा राष्ट्रियस्तर को शिक्षाको अवस्था झल्काउन एकीकृत ढाँचामा प्रतिवेदन तयार गर्न सकिन्छ । सबै सरोकारवालालाई सूचनाको विश्ले षण र ती सूचनाको आधारमा आगामी योजनाहरूका बारेमा छलफल गर्नका लागि प्रोत्साहित गर्नु पर्दछ । गाँठीकुरा के भने स्थानीय, जिल्ला तथा राष्ट्रिय प्रत्येक स्तरका व्यक्तिहरूले सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण र प्रयोग गर्नेछन् । यस स्रोत पुस्तिकालाई विद्यालय सुधार योजनाको विकास गर्नका लागि प्रयोग गर्न प्रोत्साहित गर्नुपर्दछ । यस प्रक्रियाबाट विद्यालयहरूले १० अधिकारहरूमा आफ्नो अवस्थाका बारेमा पत्ता लगाउनुका साथै विद्यालयका बलिया र कमजोर पक्षका बारेमा थाहा पाउँछन् । विद्यालयले यो प्रक्रियालाई आत्मसात गरेर यसबाट आएका तथ्यहरूको विश्लेषण गर्न सकेमा यसले विद्यालय सुधार योजना बनाउन र विद्यालय विकासका अन्य पक्षहरूमा पनि मद्दत गर्दछ । पहिलो चरणको अभियान सञ्चालन गरेपछि विद्यालयमा परिवर्तनहरू भैरहेका छन् छैनन् भन्ने कुरा पत्ता लगाउन अनुगमन गरी पृष्ठपोषण दिनु जरूरी छ ।

### नेपालका सन्दर्भमा शिक्षा अधिकार प्रवर्द्धन, प्रयोग तथा फाइदाहरु

नेपालको शिक्षा क्षेत्रमा क्षमता अभिवृद्धि र सचेतना क्रियाकलापहरूका लागि यो प्रक्रिया उपयोगी देखिएको छ । यस श्रोत पुस्तिकालाई एक्सनएड, साझेदार संस्था, अध्ययन अनुसन्धान निकाय, विशेषज्ञ, शिक्षाविद्, शिक्षा अधिकारकर्मी, विद्यार्थी, स्थानीय तहमा कार्यरत कर्मचारी र विद्यालयका सरोकारवालाहरूले प्रयोग गर्न सक्दछन् । सामुदायिक विद्यालयहरूको गुणस्तर मापन र अभिवृद्धिका लागि प्रयोगमा ल्याउनु पर्ने हुनाले नेपाल सरकार, शिक्षा मन्त्रालय (शिक्षा विभाग) ले यस प्रक्रियालाई आत्मसात गर्नुपर्ने देखिन्छ ।



**विद्यालय शिक्षा अधिकारको प्रवर्द्धनका लागि प्रस्तावित प्रक्रियाको संक्षिप्त विवरण**

१. विद्यालय शिक्षा अधिकारको प्रवर्द्धनका लागि सरोकारवालाहरू मध्येबाट प्रमुख साझेदारहरूको पहिचान गर्नुहोस् । बालबालिका, अभिभावक, आमा समूह, शिक्षक, समुदायका अगुवाजस्ता विद्यालय तहका सरोकारवालाहरू लगायत मानव अधिकारकर्मी, पत्रकार, शिक्षक सङ्गठन, महिला र युवा सङ्गठनहरू तथा गैससहरूको सहभागिता सुनिश्चित गर्नुहोस् ।

२. अन्तर्राष्ट्रिय तथा क्षेत्रीय कानुनी सन्दर्भहरूका आधारमा राष्ट्रिय संविधान, कानुन अथवा राज्यका नीति तथा कार्यक्रमहरूमा परिमार्जन गर्न साझेदारहरूसँग मिली बहस तथा पैरवी गर्नुहोस् ।

३. दश वटा अधिकारहरूमा आधारित पोष्टर, पर्चा र पम्पलेटहरू तयार गर्नुहोस् र उक्त सामग्रीहरूलाई सरकार, गैरसरकारी संस्था, विद्यालय र समुदायको चेतना अभिवद्धि गर्न प्रयोग गर्नुहोस् ।

४. विद्यालय, जिल्ला तथा राष्ट्रियस्तरमा तथ्याङ्क सङ्कलनका लागि सजिलो गरी प्रयोग गर्न सकिने ढाँचा तयार गर्नुहोस् । आवश्यकता अनुसार सहभागितात्मक ढङ्गले ढाँचा परिमार्जन गर्नुहोस् ।

५. कार्यविधिका बारेमा स्थानीय सहजकर्ताहरूलाई तालिम दिनुहोस् र यस प्रक्रियालाई स्थानीय सन्दर्भ अनुकूल र दूरगामी बनाउन स्थानीय साझेदार तथा सरोकार वालाहरूलाई संलग्न गराउनुहोस् ।

६. सहभागीमूलक विधिद्धारा सर्वेक्षण गरिने विद्यालयहरू छनौट गर्नुहोस् र विद्यालयहरूको सहभागितामूलक सर्वेक्षण सञ्चालन गर्नुहोस् ।

७. सङ्कलन गरिएका सूचनालाई आधार मानी विभिन्न तहमा छाँया प्रतिवेदनको रूपमा 'नागरिक शिक्षा प्रतिवेदन' तयार गर्नुहोस् । सरकारले गरेका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा सम्झौता कार्यान्वयनका निचोडहरू तथा आवधिक समीक्षा प्रक्रियासँग दाँज्नुहोस् ।

८. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले प्रत्येक वर्ष अध्यावधिक विद्यालय सुधार योजना तर्जुमा तथा हरेक वर्ष सामाजिक परीक्षण गर्ने कुरा लगायत अन्य प्रक्रियाहरूबारे प्रचारात्मक अभियानमा संलग्न भई स्थानीय अनुगमन सुनिश्चित गर्नुहोस् । जनचेतना फैलाउन र उल्लङ्घनका कुराहरूलाई प्रकाशमा ल्याउन स्थानीय पत्रकार र समुदायसँग काम गर्नुहोस् ।

१३.नागरिक शिक्षा प्रतिवेदन विद्यालयमा अनिवार्य रूपमा पठाउनुहोस्, र समीक्षा गर्न प्रोत्साहित गर्नुहोस् ।

१४.संलग्न सबै संघसंस्था र सरोकारवालाहरूलाई विद्यालयमा प्रगति तथा परिवर्तनको अनुगमन गर्न र त्यसैका आधारमा विद्यालय तहमा योजना निर्माण, कार्यान्वयन र निरन्तर अनुगमन गर्न प्रोत्साहित गर्नुहोस् ।

१५.शिक्षाका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष प्रतिनिधिलाई भ्रमणका निम्ति प्रोत्साहित गर्नुहोस् साथै शिक्षा समूह तथा मानव अधिकारकर्मीहरू बीच सहयोग तथा समन्वयका लागि पहल गर्नुहोस् ।

*केही स्थानहरूमा तपाईले १० वटै अधिकारहरूमा तथ्याङ्क सङ्कलन गर्नुको सट्टामा कुनै विशेष अधिकारहरूमा जोड दिन /छान्न सक्नु हुनेछ । तथापि, तपाईले सम्पूर्ण घोषणापत्रबारे समुदायको चेतना अभिवृद्धि गर्न कुनै प्रक्रिया अपनाउनु महत्वपूर्ण हुनेछ ।

# खण्ड ३

# विद्यालय शिक्षा अधिकार प्रवर्द्धन सन्दर्भ सामग्री र सूचकहरु



**नागरिक शिक्षा**

विद्यालयस्तरीय अध्ययन मस्यौदा प्रतिवेदन

प्रस्तावित प्रतिवेदनको खाका

१. **अध्ययन क्षेत्र तथा विद्यालयको परिचय** (**समाजिक, आर्थिक, सांस्कतिक, भौगोलिक परिवेशलाई समेत उल्लेख गर्ने** )

**पृष्ठभूमि**

१.१.१ अध्ययन गरेको जिल्लाको परिचय

१.१.२ अध्ययन गरेको समुदायको परिचय (समुदायको नाम र अवस्थिति)

१.१.३ विद्यालयको पृष्ठभूमि

१.२ अध्ययनको औचित्य

१.३ अध्ययनको उद्देश्य

१.४ अध्ययनको प्रक्रिया/विधि तथा सहभागीहरू

**प्रक्रियामा सहभागीहरुको विवरणः**

अध्ययन प्रतिवेदन तयारीका क्रममा निम्नानुसारका सरोकारवालाहरूसँग छलफल तथा परामर्श गरिएको थियो ।

**तालिका नं. : सहभागीहरुको बिवरणः**

| शिक्षक | | | विद्यार्थी | | | अभिभावक | | | वि.ब्य.स./अ.शि.सं. | | | अन्य | | | कुल | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा | म | पु | जम्मा |
| | | | | | | | | | | | | | | | | | |

१.५ अध्ययनको सीमा

२. **शिक्षा अधिकारका १० सवाल** (**प्रत्येक सवालमा तय गरिएको सुचकाङ्को आधारमा गुणात्मक तथा सङ्ख्यात्मक विश्लेषण सुचकाङ्मा आधारित तथ्याङ्क विशेष भनाई, घटना अध्ययन, फोटो आदि**)

२.१ निःशुल्क तथा अनिवार्य शिक्षाको अधिकार

२.१.१ विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा पहुँच

२.१.२ पहुँच वृद्धि गर्न छात्रवृत्तिलगायत अन्य सुविधा

२.१.३ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विद्यालयले लिने सेवाशुल्क छात्रवृत्ति

२.१.४ निःशुल्क तथा अनिवार्य शिक्षाका लागि अभिभावक तथा सरोकारवालाहरूको भूमिका

२.२ विना भेद्भावको अधिकार

२.३ पर्याप्त भौतिक सुविधाको अधिकार

२.४ तालिमप्राप्त शिक्षक पाउने अधिकार

२.५ सुरक्षित तथा हिंसारहित वातावरणको अधिकार

२.६ उपयोगी शिक्षाको अधिकार

२.७ आफ्नो अधिकार थाहा पाउने अधिकार

२.८ सहभागिताको अधिकार

२.९ पारदर्शिता र जवाफदेहिताको अधिकार

२.१० गुणस्तरीय सिकाईको अधिकार

**३.निष्कर्ष र सुझाव**

३.१ निष्कर्ष

३.२ सुझाव

४. **विद्यालय सरोकारवालाहरुको अनुमोदन अनुसूचीहरु** ...................................................................

# १ निःशुल्क र अनिवार्य शिक्षा पाउने अधिकार

विद्यालय जाने उमेरका प्रत्येक बालबालिकाको विद्यालयमा सर्वसुलभ पहुँच हुनु पर्दछ। आधारभूत तहको शिक्षा अध्ययनका लागि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाइनु हुँदैन र शिक्षालाई क्रमशः सबै तहमा निःशुल्क बनाउँदै लैजानु पर्दछ।

# १ नि:शुल्क र अनिवार्य शिक्षा पाउने अधिकार

विद्यालय जाने उमेरका प्रत्येक बालबालिकाको विद्यालयमा सर्वसुलभ पहुँच हुनु पर्दछ । आधारभूत तहको शिक्षा अध्ययनका लागि कुनै पनि प्रकारको प्रत्यक्ष वा अप्रत्यक्ष शुल्क लगाइनु हुँदैन र शिक्षालाई क्रमश : सबै तहमा नि:शुल्क बनाउँदै लैजानु पर्दछ ।

## १.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

"कम्तिमा प्राथमिक र आधारभूत चरणहरूमा शिक्षा नि:शुल्क हुनेछ । प्राथमिक शिक्षा अनिवार्य हुनेछ[1]"

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु

कानुनी बाध्यता भएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १३.२(ए) (बी) र (सी)
- बाल अधिकार महासन्धिको धारा २८.१ (ए) र (बी)
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २४.२

बाध्यता नभएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको साधारण टिप्पणी ११, अनुच्छेद ६ (अनिवार्य) र अनुच्छेद ७ (नि:शुल्क) र साधारण टिप्पणी १३, अनुच्छेद ६ (बी) (आर्थिक पहुँच), तथा अनुच्छेद १४ (क्रमश: नि:शुल्क माध्यमिक शिक्षा)
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी ७/रेभ १ अनुच्छेद २८ (प्राथमिक शिक्षा अनिवार्य तथा नि:शुल्क, प्रारम्भिक बाल्यावस्था शिक्षा जुन जन्मेदेखि प्रारम्भ हुन्छ)

### क्षेत्रीय सन्दर्भहरु:

बालकल्याण अभिवृद्धिका लागि क्षेत्रीय संयन्त्रका बारेमा भएको सार्क सम्मेलनको घोषणापत्रको धारा ४.२ ले दक्षिण एसियाली देशहरूका लागि बाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रलाई अनुमोदन गरी, निम्नानुसार थप व्यवस्था गरेको छ :




[1]संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रको धारा २६.१
[2]अनौपचारिक अनुवाद ।

"शिक्षा र स्वास्थ्य (रोगबाट बचावट र कुपोषणलाई मध्यनजर गरी) जस्ता आधारभूत सेवाहरूलाई बालबालिकाको जीवन र विकासको आधार मानी देशहरूले बालबलिकाको विकास सम्बन्धी विकास नीति र राष्ट्रिय कार्ययोजना तयार गर्नुपर्दछ । यस्ता नीतिहरूले बालबालिकाहरूको आधारभूत सेवामाथिको पहुँचलाई द्रुत गतिमा सर्वसुलभ बनाउनेतर्फ ध्यान केन्द्रित गर्नुपर्दछ ।[२]"

## राष्ट्रिय सन्दर्भहरुः

### संविधान

- नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको आधारभूत अधिकारभित्र शिक्षासम्बन्धी अधिकारलाई स्थान दिएको छ :

### धारा १७ – शिक्षा र संस्कृतिसम्बन्धी अधिकारहरु

(१) प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(३) नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, सँस्कृति, साँस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक हुनेछ ।

- नेपाल संविधानसभामार्फत् नयाँ संविधान निर्माणको प्रक्रियामा छ र नयाँ बन्ने संविधानले पनि शिक्षासम्बन्धी आधारभूत अधिकारहरू सुनिश्चित गर्ने लगभग निश्चित छ ।

शिक्षा ऐन तथा नियमावली

- शिक्षा ऐन (सातौं संशोधन), २०५८ को दफा १६ (घ) ले सामुदायिक विद्यालयहरूमा कक्षा ५ सम्मको प्राथमिक शिक्षा निःशुल्क रहने र सो तहसम्म सामुदायिक विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थीलाई राज्यले पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने उल्लेख गरेको छ । यसका साथै ऐनले दलित, जनजाति र गरिबीको रेखामुनि पर्ने छात्राहरूका लागि निम्न माध्यमिक र माध्यमिक तहको शिक्षा पनि निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । विद्यालयले एक विद्यार्थीसँग एकपटक भन्दा बढी भर्ना शुल्क लिन नपाउने व्यवस्था पनि ऐनमा उल्लेख गरिएको छ ।

क्षेत्रगत कार्यक्रमहरूको प्रावधान

- सन् २००९ वाट लागु गरिएको विद्यालय क्षेत्र सुधार योजनाले कक्षा ८ सम्मको आधारभूत शिक्षा देशभरीका सामुदायिक विद्यालयहरूवाट निःशुल्क प्रदान गर्ने व्यवस्था गरेको छ । कार्यक्रमले सो तहसम्म अध्ययनरत सबै दलित र छात्राहरूलाई प्रति  वर्षे छात्रवृत्तिको पनि व्यवस्था गरेको छ । यसका अतिरिक्त अपाङ्ग बालबालिका, कर्णाली अञ्चलका सामुदायिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थी, र माध्यमिक तहमा सर्वोत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने प्रावधान छ ।



## १.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु :**

- विद्यालयमा लिइने शिक्षाका प्रत्यक्ष र अप्रत्यक्ष खर्चहरू,
- सेवा क्षेत्रका विद्यालयबाहिर रहेका बालबालिकाहरूको सङ्ख्या,
- सेवा क्षेत्र ओगटेको विद्यालयको नक्सा ।

**तथ्याङ्कहरु निम्न विधिवाट सङ्कलन गर्न सकिन्छ :**

- विद्यालयका अभिलेखहरूको समीक्षा,
- सरोकारवालाहरूसँगका बैठकहरू,
- समूहकेन्द्रित छलफलहरू, र
- विद्यालय सेवाक्षेत्रको नक्साङ्कन ।

### १.२.१ के विद्यालयले अभिभावकहरुलाई प्रत्यक्ष अथवा अप्रत्यक्ष शुल्कहरु लगाएको छ ? शुल्कहरु अनिवार्य छन् कि ऐच्छिक ? (कक्षा १, ३, ५, ८ र १० कक्षामा अध्ययनरत विद्यार्थीका पाँच जना जति अभिभावकहरुसँग अन्तर्वार्ता गरी सङ्कलन गर्ने)

| | | | |
|---|---|---|---|
| ■ अध्ययन शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति .. .. |
| ■ भर्ना शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ आवश्यक पाठ्यपुस्तक शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ थप पाठ्यपुस्तक शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ स्टेशनरी (कापी, कलम) | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ परीक्षा शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ विद्यालय मरमत सम्भार | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ पुस्तकालय शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ थप शिक्षक शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ चन्दा शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ भ्रमण शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ कोचिङ्ग कक्षा शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ सिफारिस शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ बालक्लब (जस्तै :रेडक्रस)शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ सुविधा (बिजुली, पानी) शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ गयल शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिदिन कति ?.. . |
| ■ प्रमाणपत्र शुल्क | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |
| ■ अन्य (.........................) | ☐अनिवार्य | ☐ऐच्छिक | प्रतिवर्ष कति ?.. . |

यदि अभिभावकहरूले उपर्युक्त मध्ये कुनै शुल्क तिर्न सकेनन् भने के हुन्छ ?.......................................................

### १.२.२ विद्यार्थीको हाजिरीमा प्रभाव पर्ने खालका बालबालिकाले तिर्नुपर्ने अन्य कुनै खर्चहरु छन् ?

| | | | |
|---|---|---|---|
| ■ पोशाकहरू | ☐ के तिनीहरू अनिवार्य छन् ? | ☐ | प्रति वर्षको औसत खर्च : .. |
| ■ यात्रा खर्च | ☐ के तिनीहरू अनिवार्य छन् ? | ☐ | प्रति वर्षको औसत खर्च : |
| ■ खाजा खर्च | ☐ के तिनीहरू अनिवार्य छन् ? | ☐ | प्रति दिनको औसत खर्च : |
| ■ कापी, कलम र स्टेशनरी | ☐ के तिनीहरू अनिवार्य छन् ? | ☐ | प्रति वर्षको औसत खर्च : .. |
| | कक्षा १ को खर्च : | | कक्षा ८ को खर्च : |
| ☐ थप सामग्री/पुस्तकहरू | ☐ के तिनी अनिवार्य छन् ? | ☐ | प्रति वर्षको औसत ? |
| ☐ अन्य खर्च | | | |
| क) ......................... | ☐ के तिनीहरू अनिवार्य छन् ? | ☐ | प्रति वर्षको औसत खर्च : .. |

### १.२.३ कति जना बालबालिकाहरु स्थानीय तहमा विद्यालयबाहिर छन् (अनुमानित) ?

**विद्यालयबाहिर भन्नाले प्रतिहप्ता एक दिनभन्दा कम हाजिर भएको विद्यार्थी भन्ने मान्नु पर्दछ ।**

५-९ वर्ष उमेर जम्मा ........ बालिकाहरू ........... बालकहरू ............

१०-१२ वर्ष उमेर जम्मा ........ बालिकाहरू ........... बालकहरू ............

यस प्रश्नको लागि आवश्यक सूचना हरेक विद्यालयले निम्नानुसारको फाराम भरी अनुगमन गर्न सकिनेछ :

| घरधूरी क्र.सं | ५-९ उमेर समूहका बालबालिकाहरूको सङ्ख्या | १० -१२ उमेर समूहका बालिबालिकाको सङ्ख्या | यस विद्यालयमा अध्ययनरत बालिबालिका | अन्य विद्यालयमा अध्ययनरत बालबालिका | विद्यालय बाहिर रहेका बालबालिका |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**१.२.४ कुन प्रमुख लोपोन्मुख/सीमान्तकृत समूहहरु (जस्तै : दलित/अपाङ्ग/अल्पसङ्ख्यक/न्यून आम्दानी भएका/ प्रकोप प्रभावित/सुकुम्वासी) विद्यालयमा छैनन् ?**

१.

२.

३.

४

**१.३.५ के भर्ना नभएका, अनियमित उपस्थित हुने अथवा विद्यालय छाड्ने बालबालिकाहरुलाई पछ्याउन र प्रोत्साहित गर्न कुनै सक्रिय कदम चालिन्छन्?**

☐ छैन ☐ छ यदि छन् भने कसद्वारा र के के हुन् ? ..........

**१.३.६ बालबालिकाहरुको उपस्थिति दर कस्तो छ ? (विद्यालय रजिष्टरका आधारमा सङ्कलन गर्ने)**

छात्र : ......% छात्रा :...... % दलित :........% अन्य :..........%

**१.३.७ कति बालबालिकाहरुले यस वर्ष छात्रवृत्ति पाए ?**

कक्षा १ देखि ८ सम्म अध्ययनरत दलित विद्यार्थीहरू : ..........जना, छात्रवृत्ति पाउने दलित : ..........

कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्राहरू : ..........जना, छात्रवृत्ति पाउने छात्राहरू : .......

कक्षा १ देखि ८ सम्म अध्ययनरत अपाङ्गहरू : ..........जना, छात्रवृत्ति पाउने अपाङ्गहरू : ......

**१.३.८ के विद्यार्थीहरुले समयमा नै नि:शुल्क पाठ्यपुस्तक पाए ?**

विद्यालयमा नयाँ शैक्षिक सत्र शुरू भएको मिति :

विद्यार्थीहरूले नि:शुल्क पाठ्यपुस्तक पाएको मिति :

शैक्षिक सत्र शुरू भएको कति दिनमा विद्यार्थीले नि:शुल्क पाठ्यपुस्तक पाए ? .......... दिन

**१.४ गुणात्मक सूचकहरु (समुहकेन्द्रित छलफल र अन्तर्वार्ताका लागि)**

- विद्यालय भर्ना अभियान अन्तर्गत् गरिने क्रियाकलाप र तिनीहरूको प्रभावकारिता
- बालबालिकाहरू विद्यालय भर्ना नहुनुका कारणहरू
- विद्यार्थीहरू विद्यालयमा उपस्थित नहुनुका कारणहरू
- विद्यालयमा छात्रवृत्तिको वितरण, सो रकमको प्रयोग र प्रभाव
- विद्यार्थीहरूले विद्यालय छाड्नुका कारणहरू
- विद्यालय पोशाक र त्यसको अनुकूलता
- शिक्षामा घरायसी खर्च (खाजा खर्चसमेत)
- बालबालिकाको लागि अवसर खर्च (बालश्रममा संलग्नता)
- विद्यालयमा खाजा कार्यक्रम र त्यसको प्रभाव
- विद्यालय शिक्षा नि:शुल्क गर्नका लागि गरिएका प्रयासहरू

## १.५ विद्यालयमा अनिवार्य र नि:शुल्क शिक्षाको अधिकारलाई प्रवर्द्धन गर्न निम्नलिखित कामकार बाहीहरु सुझाव गरिएको छ :

१. नि:शुल्क शिक्षाका लागि राष्ट्रिय अथवा स्थानीय स्तरमा अभियानहरू प्रारम्भ गर्नुहोस् अथवा सघाउनु होस् । यदि बाध्य पारेर सङ्कलन गरिने कुनै अनिवार्य अथवा ऐच्छिक शुल्कहरू छन् भने जिल्ला अधिकारीहरू/शिक्षा मन्त्रालयलाई जानकारी दिई सम्पूर्ण विद्यालय समुदायबाट कारबाही गरिनु पर्दछ ।

२. अनिवार्य शिक्षासम्बन्धी विद्यमान राष्ट्रिय कानुनहरूको समीक्षा गर्नुहोस् । विद्यालय प्रारम्भ गर्ने/अन्त गर्ने उमेरबारे विभिन्न देशहरूका न्यूनतम वर्षहरूको सङ्ख्याका विभिन्न परिभाषाहरू छन् तर थुप्रै उपयोगी सन्दर्भ बिन्दुहरू छन् । विद्यालय क्षेत्र सुधार कार्यक्रमले ५ देखि १४ उमेर समूहलाई आधारभूत विद्यालय तहको लागि उपयुक्त उमेर समूह तोकेको छ ।

३. अनिवार्य शिक्षाको बारेमा अभियान र सचेतना क्रियाकलापहरू गर्दा यससम्बन्धी द्वि-पक्षीय जिम्मेवारीलाई बढावा दिनुहोस् । अभिभावकहरूले बालबालिकाहरूको विद्यालयमा भर्ना र निरन्तर उपस्थित सुनिश्चित गर्नु पर्दछ र राज्यले बालबालिकाहरूलाई विद्यालयमा अध्ययन गर्न आवश्यक वातावरण सुनिश्चित गर्नु पर्दछ ।

४. सबै विद्यालयहरूले विद्यालय भर्ना नभएका बालबालिकाहरूलाई भर्ना गर्न सक्रियताका साथ लाग्नु पर्दछ भन्ने कुरा सुनिश्चित गर्नुहोस् । यसका लागि विद्यालयहरूले घरदैलो अभियान सञ्चालन गर्नुपर्दछ । एक्सन एडका साझेदार संस्था र विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सञ्जालले यस कार्यक्रम सञ्चालन गर्न विद्यालयलाई मद्दत गर्नुपर्दछ ।

५. सबै प्रकारका बालश्रम निर्मूल गर्ने अभियानहरूलाई सघाउनुहोस् । यसका लागि बालक्लब र अन्य बाल अधिकार सम्बन्धी स्थानीय समूहहरूसँग सहकार्य गरी सचेतना फैलाउनु उपयुक्त हुन्छ ।

६. अभिभावकले शिक्षामा गर्नुपर्ने खर्चहरूको लेखाजोखा राख्नुहोस । अभिभावकहरूलाई तोकिएका/उनीहरूले बेहोर्नु पर्ने (अनिवार्य/ऐच्छिक/ प्रत्यक्ष र अप्रत्यक्ष) खर्चहरूको वर्गीकरण गर्नुहोस् र अभिलेख राख्नुहोस् तथा यसले स्थानीय तहमा पहुँच/निष्पक्षतालाई कसरी प्रभावित पार्दछ भन्ने कुराको विश्लेषण गर्नुहोस् ।

७. स्थानीय तहमा उपलब्ध हुन सक्ने नि:शुल्क खाजालाई बढावा दिनुहोस् । यसले अभिभावकले बालबालिकाको शिक्षामा खर्च कम गर्न पनि मद्दत पुऱ्याउन सक्दछ । यदि बालबालिकाहरू दिनभरी विद्यालयमा हुन्छन् भने उनीहरूलाई खाने व्यवस्था गर्नु अनिवार्य हुन्छ ।



# २ भेद्भावरहित/समानताको अधिकार



विद्यालयहरूले लिङ्ग,
जाति/जनजाति, रङ्ग, भाषा,
धर्म, राजनीतिक आस्था,
राष्ट्रियता, जातीयता, योग्यता
अथवा अन्य कुनै अवस्थाका
आधारमा आफ्नो सेवा प्रदान
गर्दा भेद्भाव गर्नु हुँदैन ।

# २ भेद्भावरहित/समानताको अधिकार

विद्यालयहरूले लिङ्ग, जाति/जनजाति, रङ्ग, भाषा, धर्म, राजनीतिक आस्था, राष्ट्रियता, जातीयता, योग्यता अथवा अन्य कुनै अवस्थाका आधारमा आफ्नो सेवा प्रदान गर्दा भेद्भाव गर्नु हुँदैन ।

## २.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

"राज्यहरूले आफ्नो अधिकार क्षेत्रभित्र प्रत्येक बालबालिकाका लागि यस महासन्धिमा तय गरिएका अधिकार हरूको बालबालिकाको आफ्नो वा उसको आमाबुवाको अथवा उसको वैधानिक अभिभावकको जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य आस्था, राष्ट्रिय, जनजातीय अथवा सामाजिक उत्पत्ति, सम्पत्ति, अपाङ्गता, जन्म अथवा अन्य अवस्था जे भए पनि विना कुनै किसिमको भेद्भावले पालना गर्नेछन्" ।[३]

भेद्भावरहित शिक्षा र अन्य बाल अधिकारहरू विश्वव्यापी रूपमा लागू हुन्छन् । यस सम्बन्धी अधिकारहरू स्रोत साधनहरू नभएको अवस्था पालना गर्नुपर्ने हुन्छ ।

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भ विन्दुहरु:

कानुनी बाध्यता भएका

- मानवअधिकार सम्बन्धमा संयुक्त राष्ट्रसंघीय घोषणपत्रको धारा २
- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २.२ र ३
- नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २ (१)
- बालअधिकार महासन्धिको धारा २, ३०
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको धारा २.३ र ५
- महिला विरूद्धका सबै प्रकारका भेद्भाव उन्मूलनसम्बन्धी महासन्धि, धारा १) (बालिकाहरू सम्बन्धी)

बाध्यता नभएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, साधारण टिप्पणी ११, अनुच्छेद ६ र १०, साधारण टिप्पणी १३, अनुच्छेद ६ (बी), ३१-३७, ४३, साधाराण टिप्पणी २०
- बालअधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद १० र ११, साधारण टिप्पणी ९, अनुच्छेद ८ र ६२ ।

### क्षेत्रीय सन्दर्भहरु :

- दक्षिण एशियाका बालबालिकासम्बन्धी कोलम्बो विज्ञप्तिले निःशुल्क प्राथमिक शिक्षामा बालबालिकाहरूको भेदभावरहित पहुँचमा विशेष जोड दिएको छ ।
- बालमैत्री शिक्षा र गुणस्तरीय स्वास्थ्य सेवाका प्रावधानहरूका माध्यमबाट निःशुल्क प्राथमिक शिक्षा र स्वास्थ्य सेवामा बालबालिकाहरूको भेदभावरहित पहुँचको विस्तार गरिनु पर्दछ । जसले गर्दा शिक्षाले रोजगारमूलकसीपको सुनिश्चितता गरोस् र सबै बालबालिका विशेषगरी केटीहरू र विशेष आवश्यकता भएका बालबालिकाहरूले कम्तीमा प्राथमिक तहको विद्यालय शिक्षा, बाल रोगहरूको एकीकृत व्यवस्थापन र हेरचाह, एचआइभी सङ्क्रमित बालबालिकाहरूको हकमा रोकथाम, सहायता, र आमाबाट बच्चामा एचआइभी सङ्क्रमण सर्न नदिने सुनिश्चितता होस ।

राष्ट्रिय सन्दर्भहरू :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ ले सबै समूहहरूलाई राज्यका तर्फबाट समान व्यवहारको सुनिश्चितता गरेको छ । अन्तरिम संविधानमा निम्नानुसारको व्यवस्था छ :
- "महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदायहरू, शोषित समूहहरू, गरीब कृषक र मजदूरहरू जो आर्थिक, सामाजिक र शैक्षिक हिसाबले पिछडिएका छन् उनीहरूको राज्यका हरेक संरचनाहरूमा समानुपातिक समाहितताको सिद्धान्तका आधारमा सहभागिताको अधिकार हुनेछ ।"

[३] बाल अधिकार महासन्धिको धारा २.१

## २.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामहरुको नमुना

सम्भाव्य सूचकहरू:

- विभेदमा परेका स्थानीय समूह तथा समुदायहरूका लागि भर्ना, हाजिरी र आधारभुत तह पूरा गर्ने दर आदिको छुट्टाछुट्टै विश्लेषण,
- जानकारीमा आएका विभेदका घटनाहरू,
- विव्यस, शिअसं र बालक्लवमा महिला, दलितलगायत विभिन्न समूहहरूको प्रतिनिधित्व,
- बैठकहरूमा महिला र अन्य समुहहरूको सहभागिता र निर्णय प्रक्रियामा प्रभाव
- सूचना दिइएका विभेदका घटनाहरू ।

**तथ्याङ्कहरु निम्नलिखित विधिहरु प्रयोग गरी सङ्कलन गर्न सकिनेछ :**

- विद्यालय क्षेत्रहरूको नक्साङ्कन (लैङ्गिकता, जाति, वर्गीय)
- समूहकेन्द्रित छलफल (शिक्षकहरू, विद्यालय जाने बालबालिकाहरू, महिला, पिछडिएका वर्गहरू, अभिभावकहरू र शिक्षक सङ्गठन)
- विद्यालयका अभिलेखहरूको समीक्षा ।
- विद्यालयका नियम, कानुनहरू र आचारसंहिता ।
- उजुरी तथा सुझावपेटिका ।

### २.२.१ विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लिङ्ग, जाति/जनजाति, अपाङ्गता र अन्य स्थानीयस्तरमा अनुकूल हुने अवस्थाका आधारमा कक्षागत विवरण कस्तो छ ?

| कक्षा | जम्मा विद्यार्थी | दलित | जनजाति | छात्र | छात्रा | अपाङ्ग | अन्य : | अन्य : |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

### २.२.२ लिङ्गका आधारमा हुने विभेदहरु

**क) छात्र र छात्राको उपस्थितिमा भिन्नता (गतवर्ष पढाई भएको जम्मा दिनको आधारमा)**

| कक्षा | नियमित(८०-१००%) | | अनियमित(५०-८०%) | | एकदमै कम(२५-५०%) | | नभएको | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| कक्षा १ | | | | | | | | |
| कक्षा ३ | | | | | | | | |
| कक्षा ५ | | | | | | | | |
| कक्षा ८ | | | | | | | | |

**ख) कक्षाकोठामा मिश्रित बस्ने व्यवस्था छ कि छैन ?**

| | | | |
|---|---|---|---|
| १. दलित/गैरदलित | (क) छ | (ख) छैन | (ग) प्राथमिक तहमा मात्रै छ । |
| २. छात्र /छात्रा | (क) छ | (ख) छैन | (ग) प्राथमिक तहमा मात्रै छ । |

**ग) छात्र – छात्राका सिकाइ उपलब्धिको तूलना**

| कक्षा | उत्तीर्ण प्रतिशत | | कक्षा दोहोऱ्याउने दर | | कक्षा छाड्ने दर | | औसत सिकाइ उपलब्धि | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| १<br>३<br>५<br>८ | | | | | | | | |

**२.२.३ दलित समुदायका बालबालिकाहरु**

| दलित समुदाय | नियमित(८०-१००%) | | अनियमित(५०-८०%) | | एकदमै कम(२५-५०%) | | छँदै छैन | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| कक्षा १<br>कक्षा ३<br>कक्षा ५<br>कक्षा ८ | | | | | | | | |

**ख) दलित र अन्य बालबालिकाहरुको तुलना**

| कक्षा | उत्तीर्ण प्रतिशत | | कक्षा दोहोऱ्याउने दर | | कक्षा छाड्ने दर | | औसत सिकाइ उपलब्धि | |
|---|---|---|---|---|---|---|---|---|
| | दलित | अन्य | दलित | अन्य | दलित | अन्य | दलित | अन्य |
| १<br>३<br>५<br>८ | | | | | | | | |

**ग) कक्षा १ भर्ना भएका दलित समुदायका बालबालिकाहरु मध्ये कति प्रतिशतले कक्षा ८ उत्तीर्ण गर्दछन् ?**

क) कक्षा १ देखि ५ :

ख) कक्षा १ देखि ८ :

**घ) के दलित समुदायका बालबालिकाहरु/ निम्नलिखित पक्षद्वारा विभेदबाट पीडित छन् ?**

अ) अन्य बालबालिकाहरू छन् ☐ छैनन् ☐ यदि छन् भने कसरी ? ............

आ) शिक्षकहरू छन् ☐ छैनन् ☐ यदि छन् भने कसरी ? ............

इ) विव्यस र शिअसका पदाधिकारीहरू छन् ☐ छैनन् ☐ यदि छन् भने कसरी ? ............

**ङ) के दलित समुदायका बालबालिकाका लागि कुनै सकारात्मक विभेदका उपायहरु अवलम्वन गरिएका छन् ?**

छन् ☐ छैनन् ☐ छन् भने के ? ..............

**च) के कुनै शिक्षकहरु दलित जातिका समुदायबाट छन् ?**

छन् ☐ छैनन् ☐ के तिनीहरू विभेदबाट पीडित छन् ? ..............

छन् ☐ छैनन् ☐ छन् भने कसरी ? ..............

२.२.४ अपाङ्ग बालबालिकाहरु

**क) विद्यालयमा कतिजना अपाङ्ग बालबालिकाहरु अध्ययनरत छन् ? .............. जना**

| | | | | | |
|---|---|---|---|---|---|
| दृष्टि कमजोर | .............. जना | कान कम सुन्ने | ......... जना | बहु-अपाङ्गता | ......... जना |
| शारीरिक | .............. जना | बौद्धिक अपाङ्गता | ......... जना | अन्य | ......... जना |

**ख) हाजिरी**

| अपाङ्ग बालबालिका | नियमित(८०-१००%) | | अनियमित(५०-८०%) | | एकदमै कम(२५-५०%) | | छँदै छैन | |
|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा |
| कक्षा १ | | | | | | | | |
| कक्षा ३ | | | | | | | | |
| कक्षा ५ | | | | | | | | |
| कक्षा ८ | | | | | | | | |

**ग) कक्षा १ मा भर्ना भएका अपाङ्ग बालबालिकाहरु मध्ये कति प्रतिशतले कक्षा ८ उत्तीर्ण गर्दछन् ?........%**

दृष्टि कमजोर .... % कान कम सुन्ने .... % शारीरिक .... %

बौद्धिक अपाङ्गता .... % बहु-अपाङ्गता .... %

**घ) के अपाङ्ग बालबालिकाहरुले निम्नलिखितहरुबाट विभेदको सामना गर्दछन् ?**

अ) अन्य बालबालिकाहरू छन् ☐ छैनन् ☐ छन् भने कसरी ? ...........

आ) शिक्षकहरू छन् ☐ छैनन् ☐ छन् भने कसरी ? ...........

इ) विव्यस पदाधिकारीहरू छन् ☐ छैनन् ☐ छन् भने कसरी ? ...........

**ङ) के अपाङ्ग बालबालिकाहरुका लागि विभेदका कुनै सकारात्मक उपायहरु अपनाइएका छन् ?**

छन् ☐ छैनन् ☐ छन् भने के के छन् ?..................

**च) के अपाङ्गता भएका शिक्षकहरु छन् ?**

छन् ☐ छैनन् ☐

**छ) के तिनीहरु विभेदको सामना गर्छन् ?**

छन् ☐ छैनन् ☐ छन् भने कसरी ? ...................

## २.३ गुणात्मक सूचकहरु

- छात्र र छात्रा कक्षाकोठामा अनुपस्थित हुने कारणहरू
- कक्षाकोठामा हुने विभेदहरू
- छात्र र छात्राहरूको दैनिकी (बिहानदेखि बेलुकीसम्म)
- दलित, अपाङ्ग तथा अन्य पिछडिएका वर्गका विद्यार्थीहरूको उपस्थिति र सिकाइलाई असर पार्ने तत्वहरू
- दलित तथा अपाङ्ग बालबालिकाहरूको खानेपानी र अन्य विद्यालय सेवाहरूमा पहुँच
- विभेदका घटनाहरूको दर्ता तथा निरूपण प्रक्रिया
- जान्ने र नजान्ने विद्यार्थी बीचमा हुने विभेद
- विद्यालयमा अपाङ्गमैत्री संरचनाको उपलब्धता र प्रयोग
- छात्राहरूमाथि हुने विशेष विभेद

## २.४ भेद्भावरहित शिक्षाको अधिकारलाई सुनिश्चित गर्न निम्नानुसारको प्रयास चालिनु पर्दछ :

१. विद्यालयमा विभेदमा पर्न सक्ने सम्भावित समूहको पहिचान गर्नुहोस् । उदाहरणका लागि कैलाली र वर्दियाका विद्यालयहरूमा बादी र कमैयाहरू दलित जस्तै पिछडिएका वर्गमा पर्छन् ।

२. विभेद्सँग सम्बन्धित तथ्याङ्कहरू सङ्कलन गर्नुहोस् - प्रमुख सूचकहरूमा ध्यान दिँदै स्थानीय तहमा विभेद्का वर्गीकरणहरू (जस्तै :- अल्पसङ्ख्यक समूहहरू, बालिकाहरू, अनाथहरू, एचआइभी सङ्क्रमित र प्रभावितहरू, शरणार्थीहरू/शरणार्थी हुन खोज्नेहरू, विस्थापित हुनेहरू, अपाङ्गता भएका बालबालिकाहरू, ग्रामीण/शहरी, क्षेत्रीय आदि) र विद्यालयले तिनीहरूलाई प्रोत्साहित कि निरूत्साहित गर्छन् भन्ने कुरा पत्ता लगाउनुहोस् ।

३. विद्यालयमा अध्यापन हुने पाठ्यपुस्तकहरूको समीक्षा गर्नुहोस् र तिनीहरूले रूढिवादी धारणाहरूलाई प्रोत्साहित गर्दछन् कि चुनौति दिन्छन् पत्ता लगाउनुहोस् । यस कार्यका लागि राष्ट्रियस्तरको शिक्षासम्बन्धी अनुसन्धान संस्थासँग सहकार्य गर्न सकिन्छ ।

४. समस्याको सहभागितामूलक पहिचान गर्नुहोस् । स्थानीय तहमा शिक्षा प्रदान गर्ने व्यवस्थामा विभेदसम्बन्धी समस्याहरूको विभेदमा परेका समूहसँग नै बसी विस्तृत परीक्षण गर्ने र सो को निदान गर्न सम्भाव्य उपायहरूको पहिचान गर्नुहोस् ।

५. विभेद् हटाउन समुदाय र विद्यालय तहमा मानव अधिकार शिक्षाको प्रवर्द्धन गर्नुहोस् । यसका लागि बालिका क्लवहरू, बालक क्लवहरू, मानव अधिकार शिक्षा क्लवहरू बनाउन सकिन्छ । यस्ता समूहले बालबालिकाहरूवाट विभेद्सम्बन्धी गोप्य सूचनाहरू सङ्कलन गरी त्यसको समाधानतिर लैजान मद्दत गर्दछन् ।

६. अपाङ्गता भएका बालबालिकाहरूलाई मूलधारको शिक्षाप्राप्त गर्न सक्षम बनाउन समाहित शिक्षाको प्रवर्द्धन गर्नुहोस् ।

७. साझेदारी र सञ्जालीकरण : विभेद्मा परेका समूहहरूका मुद्दाहरूलाई सवालका रूपमा पैरवी गर्ने र यससम्बन्धी अभियानको योजना बनाउनमा मद्दत गर्न सक्ने स्थानीय र राष्ट्रिय तहमा कार्यरत गैरसरकारी संस्था, सामाजिक अभियानकर्ता, मञ्च आदिहरूसँग काम गर्नुहोस् । विभेद्सम्बन्धी विषयवस्तु शिक्षक तालिममा समावेश गर्न र मानव अधिकारको प्रयोग र समाहित शिक्षा विधिहरू र उपायहरूको सम्बोधनका लागि पहल गर्न शिक्षक सङ्गठनहरूसँग काम गर्नुहोस् । यसका लागि पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रसँग पनि समन्वय गर्नुपर्ने हुन्छ ।

८. विभिन्न समूहको शिक्षामा पहुँच सुनिश्चित गर्ने खालका सकारात्मक विभेदका लागि कुनै वैधानिक तथा नीतिगत व्यवस्था लागू गर्ने कुरा सुनिश्चित गर्नुहोस् । यसका लागि स्थानीय स्तरमा रिफ्लेक्ट सर्कल र साझेदार संस्थाहरूलाई परिचालन गर्दा राम्रो हुन्छ ।

९. विद्यालयहरूमा भेटिएका विभेदका प्रमाणहरूका बारेमा छलफल र प्रचारप्रसार गर्न स्थानीय पत्रकारहरू, स्थानीय युवा समूहहरू र अन्य स्थानीय सरोकारवालाहरूलाई परिचालन गर्नुहोस् । विभेद्लाई समाधान गर्न आवश्यक स्पष्ट प्रावधान नभएको खण्डमा त्यस्तो कानुनी व्यवस्थाको लागि पैरवी गर्नुहोस ।



# ३ पर्याप्त भौतिक पूर्वाधारको अधिकार

३

प्रत्येक कक्षाको लागि सबैलाई पहुँच हुने विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, खानेपानी र छात्रछात्राको लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाईको व्यवस्था हुनुपर्दछ ।

# ३ पर्याप्त भौतिक पूर्वाधारको अधिकार

प्रत्येक कक्षाको लागि सबैलाई पहुँच हुने विपद् जोखिमरहित कक्षाकोठाको व्यवस्था हुनुपर्दछ । पर्याप्त मात्रामा फर्निचर, पुस्तकालय, खानेपानी र छात्रछात्राको लागि छुट्टाछुट्टै सफा शौचालय र सरसफाईको व्यवस्था हुनुपर्दछ ।

## ३.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

"राज्यको देखरेखमा रहने गरी पर्याप्त सङ्ख्यामा शैक्षिक संस्थाहरू र कार्यक्रमहरू उपलब्ध हुनुपर्दछ । क्रियाशील हुनका लागि उनीहरूलाई के आवश्यक हुन्छ भन्ने कुरा जुन विकास सन्दर्भभित्र उनीहरू सञ्चालन हुन्छन् त्यस लगायतका विभिन्न कुराहरूमा भर पर्दछ । उदाहरणका लागि, सबै संस्थाहरू र कार्यक्रमहरूलाई सम्भवत: भवनहरू अथवा यी तत्वहरूबाट अन्य सुरक्षाको आवश्यकता हुन्छ दुबै लिङ्गहरूका लागि सरसफाईको सुविधा, सफा पिउने पानी, विद्यमान प्रतिस्पर्धात्मक तलव प्राप्त गर्ने तालिम प्राप्त शिक्ष(कहरू, अध्यापन सामग्रीहरू, आदि । कसैलाई पुस्तकालय, कम्प्यूटरको सुविधा र सूचनाजस्ता विधिकै आवश्यकता पनि रहन्छ ।"[४]

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु:

बाध्यता भएका

- आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १३.२ (इ)
- बाल अधिकार सम्बन्धी महासन्धिको धारा २८.१
- अपाङ्गता भएका बालबालिकाहरूको अधिकार सम्बन्धी महासन्धिको धारा २४.२ (सी), (डि) (इ) र २४.३

बाध्यता नभएका

आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद ६(बी) (भौतिक पहुँच पुग्न सक्ने अवस्थाबारे)

### राष्ट्रिय सन्दर्भहरु:

- नेपालको अन्तरिम संविधान, शिक्षा ऐन तथा नियमावलीमा विद्यालयको भौतिक पूर्वाधारको आवश्यकताका बारेमा स्पष्ट किटान गरिएको छैन ।
- विद्यालय क्षेत्र सुधार योजना (२००९ - २०१५) ले विद्यालयमा समुचित भौतिक वातावरणको महत्वका बारेमा उल्लेख गरेको छ । योजनाले सबै विद्यालयहरूमा न्यूनतम सिकाइ अवस्था तयार पार्नका लागि भौतिक वातावरणको निर्माण सुनिश्चित गरिनुपर्ने जनाएको छ । योजनाले भौतिक र सिकाइ गरी दुई प्रकारका वातावरणको पहिचान गरेको छ । विद्यालयको न्यूनतम भौतिक वातावरणभित्र विद्यालय भवनको अवस्था, आवश्यक मात्रामा कक्षाकोठाको व्यवस्था, छात्र छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था, खानेपानीको सुविधा र खेल मैदानलाई लिइएको छ भने सिकाइ वातावरणभित्र दक्ष र तालिमप्राप्त शिक्षकको व्यवस्था, पाठ्यक्रम र पाठ्यपुस्तकको उपलब्धता, शिक्षकको समय र कामका तारतम्य, अतिरिक्त क्रियाकलाप आदिलाई लिइएको छ ।
- विद्यालय क्षेत्र सुधार योजनाले कक्षाकोठाको लागि निम्न आधारभुत तत्वहरू तोकेको छ :

क) औसतमा प्रत्येक बालबालिकाले प्रतिविद्यार्थी एक वर्गमिटरको क्षेत्रफल पाउनु पर्दछ ।

ख) एक कक्षामा ४० भन्दा बढी विद्यार्थीहरू राखिँदैन ।

ग) हरेक कक्षामा आवश्यक मात्रामा प्रकाशको व्यवस्था हुनु पर्दछ ।

घ) हरेक कक्षामा हावा वारपार हुने व्यवस्था गरिएको हुनु पर्दछ ।

ङ) विशेष आवश्यकता भएका बालबालिकाहरूको लागि अनुकूल हुने कक्षाकोठा हुनुपर्दछ ।

च) सबै उमेर समूहका विद्यार्थीहरूलाई उपयुक्त कक्षाकोठा हुनुपर्दछ ।

छ) हरेक कक्षाकोठामा उपयुक्त र बालमैत्री फर्निचरको व्यवस्था हुनु पर्दछ जसले गर्दा शिक्षकले कक्षामा विभिन्न किसिमका क्रियाकलापहरू गर्न सकून् ।

- विद्यालय क्षेत्र सुधार कार्यक्रमले कक्षा कोठाका लागि न्यूनतम सूचकहरू तोके पनि सामुदायिक विद्यालयहरूको भवन र अन्य भौतिक पूर्वाधार विकासको लागि स्थानीय सरकारलाई जिम्मेवार बनाएको छ ।

[४] आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, साधारण टिप्पणी १३,अनुच्छेद ६(ए)

## ३.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु:**

- कक्षाकोठाहरूको उपलब्धता र अवस्था,
- कक्षाकोठाको सरसफाइ,
- विद्यालयको वातावरण,
- कक्षाकोठामा प्रकाश र हावा आवतजावत हुने व्यवस्था,
- भवन र स्थानीय हावापानीको अनुकूलता,
- कक्षाकोठामा विद्यार्थीलाई आवश्यक न्यूनतम क्षेत्रको उपलब्धता,
- फर्निचरको आकार प्रकार र विद्यार्थीको आकारको मेल,
- बाहृय ध्वनि तथा होहल्लाको कक्षाकोठामा प्रभाव(शहरका विद्यालयका लागि),
- आधारभूत सुविधा र सामग्रीहरूको उपलब्धता,
- बालबालिकाहरूका लागि सरसफाई सुविधाहरू,
- सफा पिउने पानीमा पहुँच,
- अपाङ्गता भएका बालबालिकाहरूका लागि पहुँच,
- विद्यालयहरूको दूरी र पुग्ने समय,
- भवन निर्माण संहिताको आधारमा विद्यालय भवन निर्माण भए/नभएको,
- प्रकोपका हिसाबले सङ्कटाभिमुखता, र
- प्रकोप जोखिम न्युनीकरणका बारेमा सचेतना ।

### तथ्याङ्कहरु निम्नलिखित विधिहरुको प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :

- विद्यालयको वरीपरी धरातलीय हिँडाइ,
- प्रमुख सरोकारवालाहरूसँगको छलफल र अन्तर्वार्ता,
- विद्यालय क्षेत्रको नक्साङ्कन,
- विद्यालय अवलोकन, र
- सहभागितामूलक सङ्कटाभिमुखता विश्लेषण

### ३.२.१ कक्षाकोठाहरुको उपलब्धता

- कक्षाकोठाहरूको सङ्ख्याः ................ कक्षाहरूको सङ्ख्या ................
- के एउटै कक्षाकोठामा विभिन्न कक्षाहरू संचालित छन् ? छन् ☐ छैनन् ☐ कति छन् .......
- के विद्यालयमा बिहान र बेलुकी कक्षा सञ्चालित छन् ? छन् ☐ छैनन् ☐ विवरण .........
- औसत बालबालिकाहरूले कक्षा कोठामा कति घण्टा सिक्छन् ?
  कक्षा १ मा ..... प्रतिहप्ता ..... प्रतिवर्ष
  कक्षा ६ मा ..... प्रतिहप्ता ..... प्रतिवर्ष

### ३.२.२ अधिकांश कक्षाकोठाहरुको के कस्तो अवस्था छ ?

- के छाना दुरूस्त छ ? राम्रो ☐ ठिकै ☐ कमजोर ☐
  विवरण .... (जस्तै :- के यो सुरक्षित छ अथवा चुहिन्छ ?)
- के पर्याप्त हावा आउने व्यवस्था छ ? राम्रो ☐ ठिकै ☐ कमजोर ☐ विवरण ....
- के कक्षा कोठामा अत्यधिक गर्मी छ ? अत्यधिक गर्मी ☐ अत्यधिक जाडो ☐ विवरण ..
- अत्याधिक गर्मी हुने भए, पङ्खाको व्यवस्था छ कि छैन ? छ ☐ छैन ☐
- अत्याधिक जाडो हुने भए हिटर वा तातोको व्यवस्था छ कि छैन ? छ ☐ छैन ☐
- के विद्युतको व्यवस्था छ ? छ ☐ छैन ☐ विवरण ....
- के विद्यालयमा घेरबार छ ? छ ☐ छैन ☐ विवरण ....

- के विद्यार्थीहरूले सफा पिउने पानी पाउँछन्?
  राम्रो ☐ ठिकै ☐ कमजोर ☐ विवरण ....................
- के विद्यालय स्थानीय प्रकोपहरूबाट सुरक्षित छ ?
  राम्रो☐ ठिकै☐ कमजोर ☐ विवरण ....................

**३.२.३ के कक्षाकोठाहरुमा समुचित सुविधाहरु छन् ?**

- कति प्रतिशत बालबालिकाहरू उपयुक्त बसाई छैन ? (भुँइमा बस्दछन्) ......................
- कति प्रतिशत बालबालिकाहरू कक्षाकोठामा डेस्क, बेन्च र कुर्चीमा बस्छन् ? ........................
- कति प्रतिशत कक्षाकोठाहरूमा समुचित किसिमको कालो पाटी छ ? ............
- कति प्रतिशत बालबालिकाहरूले समयमा नै पाठ्यपुस्तक पाउँदछन् ? ..................
- कति प्रतिशत कक्षा कोठाहरूमा कक्षा सुहाउँदो पोष्टर वा नक्सा आदि छन् ? ..................

**३.२.४ सरसफाईसम्बन्धी के कस्ता सुविधाहरु उपलब्ध छन् ?**

क)
ख)
ग)
घ)
ङ)

**३.२.५ शिक्षक, बालक र बालिकाहरुका लागि के छुट्टाछुट्टै शौचालयको व्यवस्था छ कि छैन ?**

- शिक्षकहरूका लागि ? छन् ☐ छैनन् ☐
  तिनीहरूको अवस्था कस्तो छ? राम्रो ☐ ठिकै ☐ कमजोर ☐
- बालिकाहरूका लागि छन् ☐ छैनन् ☐
  तिनीहरूको अवस्था कस्तो छ? राम्रो ☐ ठिकै ☐ कमजोर ☐
- बालकहरूका लागि छन् ☐ छैनन् ☐
  तिनीहरूको अवस्था कस्तो छ? राम्रो ☐ ठिकै ☐ कमजोर ☐

**३.२.६ विद्यालयमा खानेपानीको व्यवस्था छ कि छैन ?**

**छ** ☐ **छैन** ☐

खानेपानीको स्रोत : .......................................

खानेपानी कसरी प्रयोग गरिन्छ ? सिधै ☐ सादा फिल्टर गरी ☐ उमालेर ☐

**३.२.७ के विद्यालयले विशेष अवस्था (अपाङ्गता) भएका बालबालिकाहरुका लागि विशेष सुविधा दिएको छ ?**

**छ** ☐ **छैन** ☐

कुन किसिमको अवस्था छ ? (जस्तै छुट्टै बाटो, शौचालय) .... के उनीहरूका लागि अरू सुविधाहरू पनि छ ? (प्रविधिहरू, औजारहरू र विधिहरू)

**३.२.८ कति प्रतिशत विद्यार्थीहरुको घर र विद्यालयको दुरी निम्न अनुसार छ ?**

............ १ कि.मी भन्दा कम ............... १ देखि ५ कि.मी ........ ५ कि.मी. भन्दा बढी

**३.२.९ कति प्रतिशत विद्यार्थीहरुलाई विद्यालय पुग्न निम्न अनुसारको समय लाग्दछ ?**

३० मिनेटभन्दा कम .......% ३०-६० मिनेटसम्म ........% एकघण्टा भन्दा बढी ...........%

**३.२.१० विद्यालयमा कक्षाकोठाको व्यवस्थापन कस्तो छ ?**

क) पुस्तक कर्नर छ ☐ छैन ☐
ख) कालोपाटी छ ☐ छैन ☐
ग) सेतोपाटी छ ☐ छैन ☐
घ) विद्यार्थी वा शिक्षकले बनाएका चित्र वा सामग्रीहरू
छ ☐ छैन ☐

**३.२.११ विद्यालयले कक्षाको आकार निर्धारण गरेको छ कि छैन ?**

छ ☐ छैन ☐, छ भने, प्रतिकक्षा कति ? .............
विद्यालयले तोके अनुसार वा प्रतिकक्षा २० भन्दा बढी विद्यार्थीहरू एकै कक्षामा अध्ययनरत छन् कि छैनन ? ☐
सबै कक्षामा छन् ☐ केही कक्षामा छन् ☐ कुनै कक्षामा पनि छैनन

**३.२.१२ के विद्यालयमा निम्न सुविधाहरु उपलब्ध छन् ?**

खेल मैदान छ ☐ छैन ☐, प्रयोगमा, छ ☐ छैन ☐
पुस्तकालय छ ☐ छैन ☐, प्रयोगमा, छ ☐ छैन ☐
विज्ञान प्रयोगशाला छ ☐ छैन ☐, प्रयोगमा, छ ☐ छैन ☐
खेल सामग्रीहरू छ ☐ छैन ☐, प्रयोगमा, छ ☐ छैन ☐
अन्य

### ३.३ गुणात्मक सूचकहरु

- विद्यालयको भौतिक संरचनाका विषयमा बालबालिका र शिक्षकहरूको धारणा
- भौतिक संरचनासँग सम्बन्धित मौसम अनुसारका समस्याहरू
- विद्यालयमा उपलब्ध साधन र सुविधाको प्रयोग र मर्मत सम्भार
- भौतिक पूर्वाधार र सामग्रीको बालबालिकाको सिकाइमा परेको सकारात्मक र नकारात्मक प्रभावहरू
- कक्षाकोठाको व्यवस्थापन (विद्यार्थी र शिक्षकका लागि सजिलो वा असजिलो भए नभएको)
- पानी र सरसफाइ सम्बन्धी सुविधाहरूको उपलब्धता र प्रयोग
- कक्षा कोठाको व्यवस्थापन र त्यसले विद्यार्थीको सिकाइमा पारेको प्रभाव
- महिला शिक्षक र बालिकाहरूको लागि शौचालयको उपलब्धता



## ३.५ भौतिक संरचना सम्बन्धी अधिकारको सुनिश्चितता गर्न चालिनु पर्ने कदमहरु

१. विद्यालयको हालको अवस्था पत्ता लगाउनुहोस् । कुन विद्यालयहरूले भविष्यमा राम्रो र सुरक्षित भौतिक अवस्थाको न्यूनतम मापदण्ड पूरा गर्दछन् भन्ने कुरा पत्ता लगाउन विद्यालयको वर्तमान अवस्थाको अभिलेख राख्नुहोस् ।

२. अधिकारमूखिमा आधारित अवधारणामा आधारित भएर विद्यालयको भौतिक अवस्थाको सुधार गर्नमा मद्दत गर्नुहोस् । यस्ता सहयोग गर्दा प्रक्रियाहरूमा विशेष ध्यान पुऱ्याउनु अत्यावश्यक  छ । विद्यालयको भौतिक पूर्वाधार को विकास गर्ने प्रक्रियालाई अधिकारहरूबारे जानकारी प्रवर्द्धन गर्न, मागहरू पहिचान गर्न तथा सरकारी कामकारवाहीलाई आड दिने आधारका रूपमा प्रयोग गर्नुपर्दछ ।

४. भौतिक संरचनाको विकासमा सबै सरोकारवालाहरूलाई सहभागी बनाउनुहोस् । कुनै पनि भौतिक संरचनाको विकास प्रक्रियालाई स्थानीय जनता र सम्बन्धित सरकारी निकाय बीचको सम्बन्ध विकास गर्न वा बलियो बनाउनका लागि प्रयोग गर्नुहोस् ।

५. बाह्य ठेकेदारहरूको प्रयोग गर्नु भन्दा स्थानीय स्रोत साधनहरू र स्थानीय श्रमको प्रयोगलाई प्राथमिकता दिनुहोस् । यस प्रक्रियामा रोजगारीको अवसर सिर्जना गर्न सकिन्छ ।

६. आधारभूत स्वास्थ्य सरसफाइको सुनिश्चितताका लागि सरसफाइको सुविधा (बालक र बालिका दुबैका लागि) र पानीको उपलब्धता सुनिश्चित गर्नुहोस् । बालिकाहरूका लागि छुट्टै शौचालयको व्यवस्था गर्नाले भर्ना र टिकाउमा उल्लेखनीय प्रभाव पार्न सक्दछ । अपाङ्गता भएका बालबालिकाहरूका लागि सरसफाइका सुविधाहरूको पहुँच हुनु पनि उत्तिकै महत्वपूर्ण छ ।

७. कुनै स्थानीय रूपमा निरन्तर आइराख्ने प्रकोपहरूको सन्दर्भमा विद्यालयको वातावरण सुरक्षित र वाताकुनुलित छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् । हावाहुरी, वाढी, पहिरो, खोला नदी नाला आदि जोखिम हुन सक्छन् । त्यसैले, यदि कुनै क्षेत्रमा बाढी बढी आउँछ भने त्यस्तो ठाउँमा रहेको विद्यालयलाई हटाउनु पर्दछ, यदि भुइँचालो बढी आउँछ भने न्यूनतम सुरक्षा उपायहरूको व्यवस्था गरिएको हुनुपर्दछ । यसमा सुरक्षाका लागि पछि मिलाउन सकिने विद्यालयहरूमा सुरक्षा उपायहरूको सुरूआत गर्ने तथा विद्यालय निर्माण मार्गनिर्देशलाई परिवर्तन गर्नका लागि अग्रसर हुने कुराहरू पनि आउँछन् ।

८. सबै विद्यालयहरू अपाङ्गता भएका विद्यार्थीहरूको पूर्णतया पहुँचभित्र छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् - भौतिक पहुँच भित्रका कुराहरूमा कक्षाकोठामा बसाइ मात्रै होइन अन्य सबै सान्दर्भिक सहयोग र उपायहरू (विधि, औजार र भाषाहरू)लाई सम्बोधन गरिनु पर्दछ ।



# ४ तालिमप्राप्त शिक्षक पाउने अधिकार

४

विद्यालयमा पर्याप्त शिक्षण अनुमतिपत्र सहितका तालिमप्राप्त शिक्षकहरूको व्यवस्था हुनु पर्दछ, जसअनुसार एक शिक्षक बराबर कम्तिमा राज्यले तोके को विद्यार्थीको अनुपात कायम गर्नुपर्दछ। शिक्षकहरूलाई उचित तलब, सेवा, पूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ।

# ४ तालिमप्राप्त शिक्षक पाउने अधिकार

विद्यालयमा पर्याप्त शिक्षण अनुमतिपत्र सहितका तालिमप्राप्त शिक्षकहरूको व्यवस्था हुनु पर्दछ, जसअनुसार एक शिक्षक बराबर कम्तिमा राज्यले तोकेको विद्यार्थीको अनुपात कायम गर्नुपर्दछ । शिक्षकहरूलाई उचित तलब, सेवापूर्व र सेवाकालीन गुणस्तरीय तालिमको व्यवस्था गर्नुपर्दछ ।

## ४.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

"अध्यापकहरूका भौतिक अवस्थामा निरन्तर सुधार गरिनेछ"[५] ।

"राज्यको रेखदेखमा रहने गरी पर्याप्त सङ्ख्यामा शैक्षिक संस्था तथा कार्यक्रमहरू उपलब्ध हुनुपर्दछ । क्रियाशील हुनका लागि उनीहरूलाई के आवश्यक हुन्छ भन्ने कुरा जुन विकास सन्दर्भभित्र उनीहरू सञ्चालन हुन्छन् त्यस लगायतका विभिन्न कुराहरूमा भर पर्दछ[६] ।"

"शिक्षक, शिक्षा प्रशासक र बालबालिका शिक्षामा संलग्न अन्यका लागि पूर्वसेवाकालीन र सेवाकालीन तालिम योजनाहरू[७] अत्यावश्यक छन्"[८] ।

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु

बाध्यता भएका,

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा २.२, ३ र ६-८
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिको धारा २४.४

बाध्यता नभएका,

- आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद २७

राष्ट्रिय सन्दर्भहरू:

- शिक्षा ऐन सातौं संशोधन, २०५८ ले शिक्षक नियुक्ति र उनीहरूको आवश्यक योग्यताका बारेमा स्पष्ट व्यवस्था गरेको छ । ऐनले सामुदायिक विद्यालयमा शिक्षक नियुक्ति गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समितिलाई दिनुका साथै अध्यापन अनुमति पत्रलाई अनिवार्य र तहगत रूपमा शैक्षिक योग्यता तोकिएको छ ।

[५]आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, आइसीइएससीआर, धारा १३.२(इ)
[६]आर्थिक सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद ६(ए)
[७]जसले बाल अधिकार महासन्धिको धारा २९(१) मा प्रतिविम्वित भएका सिद्धान्तहरूलाई प्रवर्द्धन गर्दछन् ।
[८]बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद १८

- नेपाल सरकारले शिक्षक नियुक्ति गर्ने प्रक्रियालाई अगाडि बढाउन शिक्षक सेवा नियमावली जारी गरेको छ । शिक्षकको नियुक्ति र स्तरीकरणका लागि शिक्षा मन्त्रालय अन्तर्गत् शिक्षक सेवा आयोग रहेको छ ।
  कुनै निश्चित तहमा अध्यापन गर्न शिक्षकले सो तहको अध्ययन अनुमति पत्र प्राप्त गर्नुपर्दछ र यस्तो अनुमति पत्र शिक्षक सेवा आयोगले लिने परीक्षाका आधारमा वितरण गरिन्छ। शिक्षा ऐन सातौं संशोधनले शिक्षक सेवा अनुमति पत्र र तोकिएको शैक्षिक योग्यताका आधारमा शिक्षक नियुक्ति गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई दिएको छ । सबै स्थायी सामुदायिक शिक्षकलाई दश महिनाको सेवाकालीन तालिम प्रदान गरिएको छ ।
- शिक्षा ऐनले शिक्षकलाई विद्यालय शासन र व्यवस्थापनमा विशेष सहभागिता सुनिश्चित गरेको छ । विद्यालय व्यवस्थापन समितिमा दुई शिक्षक सदस्य रहने प्रावधान रहेको छ । प्रधानाध्यापक विद्यालय व्यवस्थापन समितिको सदस्य सचिव र सबै शिक्षकहरू मध्येबाट एकजना विव्यसको सदस्य रहने व्यवस्था छ ।
- शिक्षा ऐन सातौं संशोधनले शिक्षकहरूको पेशागत हकहित सुरक्षित गर्न राष्ट्रिय र जिल्ला स्तरमा शिक्षक युनियनको व्यवस्था गरेको छ । शिक्षक युनियनको उद्देश्य शिक्षक अधिकारको अनुगमन र सुनिश्चित गर्नुका साथै शिक्षकको अन्य पेशागत विकासमा संलग्न हुनु हो ।
- विद्यालय क्षेत्र सुधार योजना (२००९ - २०१५) ले सामुदायिक विद्यालयका शिक्षकका लागि निम्न माप दण्डहरू तोकेको छ :
  - आधारभूत शिक्षाका लागि आवश्यक शिक्षकको शैक्षिक योग्यता एसएलसी बाट बढाएर कक्षा १२ उत्तीर्ण बनाइएको छ ।
  - सेवापूर्वको शिक्षक तालिम र शिक्षक सेवा अनुमति पत्र सामुदायिक विद्यालयमा शिक्षक नियुक्तिका लागि अनिवार्य बनाइएको छ ।
  - कार्यरत शिक्षकहरू (स्थायी वा अस्थायी) को गुणस्तर शिक्षकको कार्य सम्पादन मूल्याङ्कन र पेशागत विकासका लागि थप अवसर प्रदान गरी सुनिश्चित गरिने छ ।

- शिक्षकको विद्यालय र कक्षाकोठामा उपस्थितिको निरन्तर मूल्याङ्कन गरिनेछ ।
- शिक्षकको टाइम अन टास्क (समय र कार्य सम्पादन) शतप्रतिशत पुग्नेछ ।
- शिक्षकले कक्षामा आवश्यक शिक्षण सामग्री प्रयोग गर्ने सुनिश्चित गरिनेछ ।
- शिक्षकहरूलाई जवाफदेही बनाइने छ जसले गर्दा विद्यार्थीले समयमा नै आफ्नो प्रगति सुधार्नका लागि प्रतिक्रिया पाउने छन् ।
- शिक्षकलाई कक्षामा अध्ययनरत बहुसङ्ख्यक बालबालिकाहरूको मातृभाषाको ज्ञान हुनेछ ।
- शिक्षकको नियुक्ति एक जवाफदेही र स्पष्ट प्रणालीका आधारमा हुने सुनिश्चित गरिनेछ ।

## ४.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु :**

- तह अनुसार शिक्षकहरूको नक्साङ्कन (शैक्षिक योग्यताको स्तर/तालिम/नियुक्तिको किसिम)
- विद्यार्थी शिक्षक अनुपात
- राष्ट्रिय तलबमानको तुलनामा शिक्षकहरूको तलब
- ट्रेड यूनियन सदस्यहरू भएका शिक्षकहरूको प्रतिशत/सङ्गठन बनाउन पाउने शिक्षकहरूका अधिकारहरू
- शिक्षकको उपस्थिति
- स्थानीय शिक्षकहरूको उपलब्धता
- महिला शिक्षकहरूको उपलब्धता ।

**उल्लिखित तथ्याङ्क निम्नलिखित तथ्याङ्कहरुको प्रयोग गरी सङ्कलन गर्न सकिन्छः**

- विद्यालयका अभिलेखहरू,
- योजनाबद्ध अवलोकन,
- स्थानीय र राष्ट्रिय स्तरका शिक्षक युनियनका प्रतिनिधिसँग बैठक,
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकसँग अन्तर्वार्ता,
- आमा समूह, विद्यार्थी समूह र शिक्षकहरूसँग समूहकेन्द्रित छलफल ।

### ४.२.१ शिक्षक विद्यार्थी अनुपात

| कक्षा | औसत शिक्षक विद्यार्थी अनुपात (सरकारी अनुदानमा राखिएका) | राष्ट्रिय मापदण्ड अनुसार मिले/नमिलेको |
|---|---|---|
| कक्षा १ देखि मावि तहसम्म | | |
| कक्षा ७ देखि १० | | |



### ४.२.२ शिक्षकहरुको वर्गीकरण

| शिक्षक सङ्ख्या | जम्मा | महिला | पुरूष | उनीहरूले गैर-अध्यापन कार्यमा समान्यतया बिताउने समयको प्रतिशत (जस्तै कक्षाकोठा बाहिर) |
|---|---|---|---|---|
| शिक्षकहरूको जम्मा सङ्ख्या | | | | |
| सामुदायिक स्थायी शिक्षकहरू | | | | |
| सामुदायिक अस्थायी शिक्षकहरू | | | | |
| राहत शिक्षक | | | | |
| पिसिएफ शिक्षक | | | | |
| निजी स्रोत शिक्षक | | | | |
| बालविकास सहजकर्ता | | | | |
| स्वयम्सेवकहरू | | | | |
| अन्य | | | | |

### ४.२.३ उपर्युक्त मध्ये कति शिक्षकहरुलाई निम्नानुसार नियुक्ति र तलबको व्यवस्था गरिएको छ ?

नेपाल सरकारले नियुक्त गरेका शिक्षक सङ्ख्या :
विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेका शिक्षक सङ्ख्या :
नेपाल सरकारले तलब उपलब्ध गराउने शिक्षक सङ्ख्या :
विद्यालय व्यवस्थापन समितिले तलब उपलब्ध गराउने शिक्षक सङ्ख्या :

### ४.२.४ के शिक्षकहरुको नियुक्ति व्यावसायिक रुपमा पारदर्शी किसिमले हुने गरेको छ ?

छ ☐ छैन ☐

### ४.२.५ उल्लिखित मध्ये कति शिक्षकहरुले निम्न तहको शिक्षा पुरा गरेका छन् ?

| विवरण | आधारभुत | मावि | उच्च मावि | जम्मा |
|---|---|---|---|---|
| विश्व विद्यालय शिक्षा (एम.एड वा सो सरह) | | | | |
| स्नातक तह (वि.एड सरह) | | | | |
| प्रवीणता प्रमाण पत्र (१२ कक्षा वा सो सरह) | | | | |
| एस.एल.सी | | | | |
| एस.एल.सी भन्दा कम | | | | |
| जम्मा | | | | |

### ४.२.६ कति प्रतिशत शिक्षकहरुले निम्नलिखित अवधिका तालिम प्राप्त गरेका छन् :

सेवापूर्वको तालिम : ..................%    १० महिने तालिम : ........... %
२ देखि ९ महिने तालिम : ..............%    १ महिना वा सो भन्दा कमको तालिम : .......... %
कुनै पनि तालिम नलिएका : ............%

**४.२.७ विद्यालयमा कति प्रतिशत शिक्षकहरुले सेवाकालीन तालिम लिएका छन् ?** ............... ☐

**४.२.८ के विद्यालयमा बढी योग्यता भएका/उच्च तहको तालिम पाएका शिक्षकहरुको आवश्यकता छ ?**

छ ☐ छैन ☐ छ भने कति जना जति कस्तो योग्यता भएको शिक्षक ? ..........

किन ? ......................................................................

**४.२.९ जम्मा शिक्षकहरूमध्ये कति प्रतिशत शिक्षक युनियन वा सङ्गठनहरुमा आबद्ध छन् ?** ...........☐

**४.२.१० कति प्रतिशत शिक्षकहरुले सरकारबाट तोकेको तलबभत्ता प्राप्त गर्दछन् ?**

जम्मा : ........... % महिला ...... % पुरूष.........%

अन्य शिक्षकले कति तलब पाउँछन् ? (तालिकामा उल्लेख गर्नुहोस्)

| शिक्षकको प्रकार | पाउने मासिक तलब (रू. मा) | स्केल भन्दा कम पाउने कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**४.२.११ निम्न माध्यमिक र माध्यमिक तहका लागि आवश्यक मात्रामा विषयगत शिक्षकहरु उपलब्ध छन् कि छैनन् ?**

छन् ☐ छैनन् ☐

छैनन् भने, आवश्यक सङ्ख्या : .................. र उपलब्ध सङ्ख्या : ......................

कुन कुन विषयका शिक्षकहरू उपलब्ध छैनन् ? ..................................................

**४.२.१२ शिक्षक उपस्थिति दर कति छ ?**

औसत..........................न्युनतम..........................अधिकतम ..........................

## ४.३ गुणात्मक सूचकहरु

- शिक्षक अनुपस्थित हुनाका कारणहरू
- शिक्षकहरूले कक्षाकोठामा विताउने समय र गर्ने क्रियाकलापहरु
- शिक्षाको गुणस्तरका बारेमा शिक्षकको धारणा
- शिक्षण प्रक्रियाको प्रभावकारिता (विद्यार्थीको हेराईबाट)
- शिक्षकका नैतिक बानी व्यवहारहरू
- शिक्षक सङ्गठनहरूसँग शिक्षकहरूको पहुँच र सन्जालीकरण
- शिक्षण सिकाइ प्रक्रियाका अवरोधहरू
- शिक्षक तालिम र त्यसको प्रयोग
- सक्रिय र निष्क्रिय शिक्षकका विशेषताहरू
- शिक्षकको कार्य सम्पादनको मूल्याङ्कन
- निजी शिक्षकको तलबका श्रोतहरू र त्यसले विद्यार्थीको नि:शुल्क शिक्षा अधिकारमा पारेका सम्भावित प्रभावहरू
- विद्यालयको सन्दर्भमा शिक्षक सङ्गठनका फाइदा र बेफाइदाहरू
- शिक्षकको किसिम र उसले पाउने सुविधाले गुणस्तरीय शिक्षामा पारेको प्रभाव
- सट्टा वा खेताला शिक्षकको प्रयोग
- शिक्षक तथा उनका परिवारमाथि हुने हिंसा
- शिक्षक आचारसंहिता र त्यसको पालना

## ४.४. विद्यालयमा तालिमप्राप्त शिक्षकको अधिकार सुनिश्चित गर्न चालिनु पर्ने कदमहरू :

१. विद्यालयमा कार्यरत सबै प्रकारका शिक्षकहरूको विस्तृत अभिलेख राख्न विद्यालयलाई उत्प्रेरित गर्नुहोस । विद्यालयमा कसले पढाइ रहेका छन्, उनीहरूको शैक्षिक योग्यताको स्तर के छ र यसले सिकाई प्रतिफलमा के प्रभाव पारेको छ भन्ने कुराको अनुगमन गरिनु पर्दछ । विद्यालयले हरेक शिक्षकको विस्तृत विवरण सहितको मूल्याङ्कन प्रणाली बनाएमा विद्यालय र शिक्षक दुबैका लागि सकारात्मक हुन सक्छ ।

२. योग्यता नपुगेका, कम योग्यता भएका र अन्य किसिमका अस्थायी शिक्षकहरूको सेवाकालीन तालिमहरूलाई सघाउनु होस् । सरकारले सबै स्थायी शिक्षकलाई सेवाकालीन तालिम प्रदान गरिसकेको अवस्थामा विद्यालयमा कार्यरत अन्य शिक्षकहरूको लागि पनि तालिमको व्यवस्था गरिनु पर्दछ । यसका लागि शिक्षक युनियनसँग मिलेर पैरवी गर्न सकिन्छ । साथै, यस्ता तालिममार्फत् शिक्षकहरूले बालमैत्री शिक्षण प्रक्रिया अवलम्बन गरी शिक्षण गरेको सुनिश्चित गर्नका लागि अभियान थाल्नुहोस । विद्यार्थी-शिक्षक अनुपातलाई मात्र हैन कि विद्यार्थी र तालिम प्राप्त शिक्षक अनुपातको प्रचार गर्नुहोस् र अभिलेख राख्नुहोस् ।

३. शिक्षक अधिकारका लागि शिक्षक युनियनसँग साझेदारी गर्नुहोस् । विद्यालयमा शिक्षा अधिकार प्रवर्द्धन गर्न शिक्षकको अधिकार र उनीहरूको कार्यसम्पादन महत्वपूर्ण विषय भएकाले स्थानीय र राष्ट्रिय दुबै स्तरमा शिक्षकहरूसँगको साझेदारीलाई बलियो बनाउनुहोस् । शिक्षण पेशाका लागि राष्ट्रिय स्तरमा स्वीकृत गरिएका न्यूनतम मापदण्डहरू पालना गर्ने बारेमा शिक्षक सङ्गठनहरू र मन्त्रालयसँग काम गर्न सकिन्छ । अन्तर्राष्ट्रिय श्रमिक सङ्गठन/युनेस्कोले सन् १९६६ मा गरेका अन्तर्राष्ट्रिय सिफारिसहरूलाई ध्यान दिँदै शिक्षकहरू पारदर्शी र व्यवसायिक प्रक्रियाबाट छनौट गरिने सुनिश्चित गर्नुहोस् । विद्यालयहरूमा गैर-व्यवसायिक शिक्षकहरूको छनौट अन्त्य गर्न के कस्ता कदम चालिएका छन् अनुगमन गर्नुहोस्[९] ।

४. तालिम नपाएका, अस्थायी र निजी श्रोतबाट नियुक्त शिक्षकहरूको सङ्गठित हुने अधिकारहरू सुनिश्चित गर्नुहोस् । तालिम नपाएका वा अपर्याप्त तालिम पाएका शिक्षकहरूको दूरशिक्षण वा अन्यका माध्यमद्वारा तालिममा पहुँच सुनिश्चित गर्नुहोस् । यसका लागि शिक्षक युनियनहरूसँग सहकार्य गर्नु उचित हुन्छ ।

५. विद्यमान शिक्षक तालिम कार्यक्रमहरूको तिनका प्रभावकारिताका आधारमा समीक्षा गर्नुहोस् । तालिमको मागपछि आपूर्ति पर्याप्त हुनु पर्दछ तथा स्तरीय पनि हुनुपर्दछ । यसले लैङ्गिक भेद्भाव, एचआइभी रोकथाम, मानव अधिकार, समाहित शिक्षा, सहभागितामूलक विधिहरू, इत्यादि मुद्दाहरूलाई समेटेको हुनुपर्दछ । शिक्षक तालिमको असर विद्यार्थीको सिकाइमा पर्ने हुनाले कुनै कमी देखिएका कुराहरूलाई सम्बोधन गर्ने प्रयासहरूलाई सघाउनुहोस् ।

६. विद्यालयमा उपस्थित भई अनुगमन गर्नुहोस् । शिक्षकहरूको कार्य सम्पादन र उनीहरूले शिक्षण सिकाईमा झेलिरहेको समस्यालाई नजिकैवाट नियाल्न विद्यालयमा दिनभरी भएका क्रियाकलापहरूको अनुगमन गर्नुहोस । कक्षा अवलोकन पनि गरी शिक्षण सिकाइ प्रक्रिया बालमैत्री भए नभएको मूल्याङ्कन गर्नुहोस । बालक्लवको परिचालनले पनि शिक्षकको कार्य सम्पादन अनुगमनमा मद्दत पुऱ्याउन सक्छ । यसको साथै, अभिभावकहरूलाई विद्यालयमा निरन्तर रूपमा ल्याई विद्यालयका गतिविधिको अवलोकन गर्न पनि प्रोत्साहित गर्न सकिन्छ ।

[९] सन् २०१५ सम्ममा गैर-व्यवसायिक शिक्षकहरूको छनौट अन्त्य गर्ने बचनबद्धता देखाएको बामाको + ५ सम्मेलन (Bamako+5 conference) का सिफारिसहरूलाई सरकारले पालना गरिरहेको छ भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

# ५ सुरक्षित र हिंसारहित वातावरणको अधिकार

विद्यार्थीलाई बाटोमा आउँदा जाँदा, विद्यालयमा विपद् वा अन्य घटनाहरूबाट सुरक्षित रहने वातावरण हुनुपर्दछ । विद्यालयमा दण्ड, सजाय वा हिंसाका साथै बाल अधिकार हनन् हुने घटनाहरू भएमा पीडितको गोपनियतालाई ध्यान दिई पीडकलाई कारवाही हुनुपर्दछ ।

# ५ सुरक्षित र हिंसारहित वातावरणको अधिकार

विद्यार्थीलाई बाटोमा आउँदा जाँदा, विद्यालयमा विपद् वा अन्य घटनाहरूवाट सुरक्षित रहने वातावरण हुनुपर्दछ । विद्यालयमा दण्ड, सजाय वा हिंसाका साथै बाल अधिकार हनन् हुने घटनाहरू भएमा पीडितको गोपनियतालाई ध्यान दिई पीडकलाई कारवाही हुनुपर्दछ ।

## ५.१ प्रमुख सन्दर्भहरु

"राज्यहरूले विद्यालयको अनुशासन बालबालिकाको मर्यादा र मानव अधिकारसँग मेलखाने गरी कायम गरेको सुनिश्चित गर्न सबै समुचित उपायहरूको अवलम्वन गर्नेछन्"[१०] । "राज्यहरूले बालबालिकालाई (आफ्ना आमाबुबा वा वैधानिक अभिभावकसँग अथवा बच्चाको देखरेख गर्ने र संरक्षण गर्ने व्यक्तिसँग बसेको अवस्थामा) सबै किसिमका शारीरिक र मानसिक हिंसाहरू, चोट र दुराचार, तिरस्कार र लापरबाहीपूर्ण व्यवहार, दुर्व्यवहार र शोषण (यौन शोषणलगायत) बाट रक्षा गर्न आवश्यक पर्ने समुचित कानुनी, प्रशासनिक, सामाजिक तथा शैक्षिक प्रावधानहरू अवलम्वन गर्नेछन् ।[११]"

"यस प्रकार विद्यालयको वातावरण आफैंले स्वतन्त्रता र जातीय, राष्ट्रिय र धार्मिक समूहहरू र धारा २९ (१) (बी) र (डी) मा उल्लेख गरिएका आदिवासीमूलका व्यक्तिहरू सबैका बीचमा समझदारी, शान्ति, सहनशीलता, लैङ्गिक समानता र मित्रताको भावना प्रतिबिम्वित गर्नु पर्दछ। विद्यार्थीलाई तर्साउने अथवा अन्य हिंस्रक र बहिस्कार गर्ने अभ्यासहरूलाई प्रोत्साहित गर्ने विद्यालयले बाल अधिकार महासन्धिको धारा २९(१) का आवश्यकताहरूलाई पूरा गर्दैन ।"[१२]



### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु

बाध्यता भएका

- मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणा पत्र, धारा २६.२
- आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, धारा १३.१ र १३.२
- बाल अधिकार महासन्धि, धारा २९ र १९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, धारा २४.१

[१०]बाल अधिकार महासन्धिको धारा २८.२
[११]बाल अधिकार महासन्धिको, धारा १९.१
[१२]बाल अधिकार महासन्धिको साधारण टिप्पणी १, अनुच्छेद १९)

बाध्यता नभएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिको साधारण टिप्पणी १३, अनुच्छेद ६(बी) र ४
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद ८

### राष्ट्रिय सन्दर्भहरुः

विद्यालय क्षेत्र सुधार योजना (२००९ - २०१५) ले विद्यालयहरूलाई शान्ति क्षेत्रको रूपमा पहिचान गरेको छ। सरकारले २०६८ आषाढ १२ गते सबै विद्यालयलाई शान्ति क्षेत्रको रूपमा घोषणा गरिसकेको छ। नेपाल सरकार, युनिसेफ, सेभ द चिल्ड्रेन र प्लान नेपालको संलग्नतामा भयरहित शिक्षाका विषयमा पनि निर्देशिका तयार पारिएको छ।

विद्यालय क्षेत्र सुधार योजनामा बालमैत्री वातावरणको परिकल्पना निम्नानुसार गरिएको छ :

"विद्यालयमा कुनै पनि बालबालिकाहरुलाई कुनै पनि किसिमको भौतिक दण्ड सजाय दिइने छैन। बालबालिकाहरुलाई भौतिक दण्ड सजाय गर्ने शिक्षक र विद्यालयलाई दोषी मानिनेछ। यस क्रममा शिक्षकलाई उसले पाउने ग्रेड घटुवा गर्ने र विद्यालय व्यवस्थापन समितिलाई चेतावनी दिएर  अनुशासन सम्बन्धी कारबाही गरिनेछ।"

## ५.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु :**

- लैङ्गिक हिंसा/दुराचारका घटना सङ्ख्या
- उपयुक्त उपायहरूको उपस्थिति र प्रयोग/कार्यान्वयन गर्ने विधिहरू
- विद्यालयसम्म पुग्ने बाटो सुरक्षित भए /नभएको
- विद्यालयमा हुने हिंसा र शोषणलाई पहिचान र उजुरी गर्ने विषयमा विद्यार्थीहरू माझमा सचेतना
- विद्यालयमा हिंसा सम्बोधन गर्ने तथा बाल अधिकार संरक्षण गर्ने नीतिहरूको उपलब्धता र कार्यान्वयन
- विद्यालयमा हुने हिंसाको प्रभाव
- विद्यालयमा सशस्त्र द्वन्द्वले पारेको प्रभाव
- विद्यालय शान्ति क्षेत्र कार्यक्रम लागु भए/ नभएको

**तथ्याङ्कहरु निम्न विधिहरु प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :**

- सम्भाव्य जोखिमहरूको पहिचानका लागि विद्यालय वातावरणको नक्साङ्कन,
- बालबालिकाहरू, विव्यसका पदाधिकारीहरू तथा शिक्षकहरूसँगको समूहकेन्द्रित छलफल,
- समूहकेन्द्रित छलफल (बालिका क्लवहरू र आमा समूहहरू),
- पीडितसँग अन्तर्वार्ता।



**५.२.१ हिंसा/दुराचारका घटनाहरु कत्तिको सामान्य छन् ? (घटनाको सङ्ख्या तालिकामा भर्नुहोस्)**

| भौतिक हिंसा<br>पीडित वर्ग | यौन दुराचार | तर्साउनु धम्क्याउनु | शारीरिक दण्ड | सार्वजनिक अपमान | अन्य |
|---|---|---|---|---|---|
| बालिकाहरू | | | | | |
| बालकहरू | | | | | |
| दलितहरू | | | | | |
| शिक्षकहरू | | | | | |
| महिला शिक्षकहरू | | | | | |
| अपाङ्गहरू | | | | | |
| पीडा पुऱ्याउनेहरू | | | | | |
| शिक्षकहरू | | | | | |
| साथीहरू | | | | | |
| अभिभावकहरू | | | | | |
| बालिकाहरू | | | | | |
| बालकहरू | | | | | |
| अन्य | | | | | |

**५.२.२ हिंसाका घटनाहरु कहाँ –कहाँ हुन्छन् ?** ........................................

(उदाहरणका लागि, कक्षाकोठामा, खेलकुद मैदानमा, विद्यालय बाहिर, विद्यालय आउने बाटोमा, घरटोल, छरछिमेकमा)

**५.२.३ कति प्रतिशत शिक्षकहरु बालबालिकाहरुको आत्मसम्मानलाई ख्याल गर्ने र उनीहरुलाई हिंसा र दुराचारका घटनाहरु सम्प्रेषण गर्न सहयोग गर्ने कुरामा तालिमप्राप्त छन्** ? ......... प्रतिशत

**५.२.४ हिंसा अथवा दुराचारका घटनाबाट पीडित बालबालिकाहरुको अनुगमन गर्ने, उजुरी लिने, र यसको सम्प्रेषण गर्ने के – के विधिहरु विद्यालयमा प्रयोग गरिन्छन् ?** ...............

विद्यालयमा हिंसा तथा दुराचारका घटना उजुरी गर्ने छुट्टै निकाय छ ? छ ☐ छैन ☐

के यी प्रक्रियाहरू स्वतन्त्र, सुरक्षित र गोप्य छ ? छन् ☐ छैनन् ☐ विवरण ........................

के बालबालिकाहरूले अनुशासनको कारबाही अथवा बहिस्कारका कारबाही विरूद्ध स्वतन्त्र निकायमा अपिल गर्न सक्छन् ? सक्छन् ☐ सक्दैनन् ☐ विवरण : ............................

कुन निकायसँग अपिल गर्छन् ? ................

**५.२.५ विगत वर्षहरुमा दुराचार/हिंसाका विरुद्ध सम्प्रेषण गरिएका कतिवटा मुद्दाहरुमा उल्लेखनीय कारबाही भएको छ ? कुनै एउटा कारबाही भएको उदाहरणको ब्योहोरा पेश गर्नुहोस् ।**

**५.२.६ हिंसा र दुराचारको विरुद्ध समुदाय र बालबालिकाहरूको प्रतिक्रिया कस्तो छ ?**

के बालबालिकाहरूमाथि हुने हिंसा/दुराचार/धम्क्याउने/तर्साउनेजस्ता क्रियाकलाप विरूद्ध अभियानहरू सञ्चालन गरिएका छन् ?

छन् ☐ छैनन् ☐ विवरण ...............................

५.२.७ के शिक्षक सङ्गठनहरुले शिक्षकहरुद्वारा गरिने हिंसा र दुराचारका घटना कम गर्न नीतिहरु अङ्गालेका छन् ?

छन् ☐ छैनन् ☐ विवरण ........................................................

**५.३ गुणात्मक सूचकहरु**

- बालबालिका, शिक्षक र अभिभावकहरूका विद्यालयमा हुने विभिन्न प्रकारका हिंसाका बारेमा सचेतना
- विद्यालयमा हुने हिंसाजन्य क्रियाकलापहरू
- घर परिवार र समुदायमा हुने हिंसात्मक क्रियाकलापहरू
- शारीरिक दण्डजन्य क्रियाकलापहरू
- विभिन्न प्रकारमा दण्ड सजायले विद्यार्थीलाई पारेको मानसिक र अन्य प्रभावहरू
- दुराचार र त्यसको उजुरी
- उजुर परेका दुराचारका लागि दण्ड/सजायहरू र त्यसले पारेको प्रभाव
- विद्यालय र नजिकका घरहरूमा प्रकोपको जोखिम र सङ्कटाभिमुखता




## ५.४ हिंसारहित वातावरणसम्बन्धी अधिकारलाई सुनिश्चित गर्न चालिनु पर्ने कदमहरु

१. विद्यालयमा र विद्यालय वरिपरिका हिंसा र दुराचारका घटनाहरूको उजुरी गर्ने संयन्त्र बनाई यस्ता घटनाहरूको अभिलेख राख्नुहोस् । यस्तो संयन्त्रमा आवश्यकता अनुसार शिक्षक, अभिभावक, विद्यार्थी, सामाजिक कार्यकर्ता र अन्य सरोकारवालाहरूको सहभागिता हुनुपर्दछ । बालबालिकाहरूले (विशेषगरी बालिकाहरूले) दुराचार र हिंसाको उजुरी गर्न गोप्य प्रक्रियाको व्यवस्था गर्न विद्यालयलाई सघाउनुहोस् । यस्ता संयन्त्र र प्रक्रियाको प्रभावकारिता यिनीहरूमाथि बालबालिकाहरूको विश्वास छ कि छैन भन्नेबाट थाहा हुन्छ । दुराचार प्रमाणित भएमा दण्डका लागि स्पष्ट नियमहरू तयार पारिनु पर्दछ । तर दण्डबाट मुक्ति भने दिइनु हुँदैन ।

२. विद्यालय सरोकारवालाहरूसँग मिली विद्यालयलाई हिंसार हित बनाउने योजना तयार पार्नुहोस् । एउटा सकारात्मक र सुरक्षित विद्यालय बनाउन कार्ययोजना र स्पष्ट नीति तथा नियमहरूको विकास र कार्यान्वयन गर्न विद्यालयलाई सघाउनुहोस् । यस क्रममा सम्भावित जोखिमहरू (जस्तै :- जात्रा, मेला, बजारहरू, असुरक्षित क्षेत्रहरू आदि) को पहिचान गर्न विद्यालय र विद्यालय वरि परिको वातावरणको नक्साङ्कन गर्नुहोस् ।

३. बालिकाहरू र बालकहरूले (छुट्टाछुट्टै र बेलाबेलामा सँगसँगै) संवेदनशील मुद्दाहरूमा छलफल गरी आफ्ना सिफारिसहरू तयार गर्न सक्षम बनाउन विद्यालयमा कार्यरत बाल क्लवहरूलाई सघाउनुहोस् ।

४. हिंसा र दुराचारसम्बन्धी मुद्दाहरूमा शिक्षकहरूलाई सेवाकालीन तालिम र शिअसं, विव्यस र अन्य सरोकारवालाहरूलाई अन्य सचेतना कार्यक्रम उपलब्ध गराउन सघाउनुहोस् । यस्ता तालिमहरूले अनुशासन कायम गर्न शारिरिक वा अन्य दण्ड दिनुको सकारात्मक विकल्प खोज्न मद्दत गर्न सक्छन् ।



# ६ सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार

विद्यार्थीहरूको भाषा र संस्कृतिको पहिचानसँग तालमेल हुने तथा उनीहरूको सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगिता हुने पाठ्यक्रम तथा शिक्षणविधिको व्यवस्था गरिनुपर्दछ ।

# ६ सान्दर्भिक तथा उपयोगी शिक्षाको अधिकार

विद्यार्थीहरूको भाषा र संस्कृतिको पहिचानसँग तालमेल हुने तथा उनीहरूको सामाजिक, सांस्कृतिक, वातावरणीय र आर्थिक सन्दर्भ, सीप र उपयोगिता हुने पाठ्यक्रम तथा शिक्षणविधिको व्यवस्था गरिनुपर्दछ ।

## ६.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

“बालबालिकालाई दिइने शिक्षाको गुणस्तर सान्दर्भिक हुनु पर्दछ र यसले बालबालिकाको अन्य अधिकारहरू प्राप्तिमा बल पु¥याउनु पर्दछ”[१३] ।

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु:

बाध्यता भएका,

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, धारा १३.१ र १३.३
- बाल अधिकार महासन्धि, धारा २९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी, धारा २४
- महिला विरूद्धका सबै प्रकारका भेद्भाव उन्मूलन सम्बन्धी महासन्धि, धारा १०

बाध्यता नभएका,

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद ६(सी) (डी)
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद ९

### राष्ट्रिय सन्दर्भहरु

- शिक्षा ऐनले पाठ्यक्रमलाई अनुकूल र समयसापेक्ष बनाउनका लागि पाठ्यक्रम विकास केन्द्रको व्यवस्था गरेको छ । केन्द्रले नियमित रूपमा पाठ्यक्रम र पाठ्यपुस्तकको पुनरावलोकन गरी परिमार्जन गर्दछ ।
- विद्यालय क्षेत्र सुधार योजना (२००९ - २०१५) ले पाठ्यक्रमलाई समय सापेक्ष बनाउनका लागि निम्नानुसारको मापदण्डहरू तोकेको छ :
- प्रत्येक तहका लागि पाठ्यक्रमको ढाँचा अनुसार सिकाई उपलब्धि निर्धारण गरिन्छ र ती सिकाइ उपलब्धिहरु विद्यार्थीहरुको सिकाइ मापनका आधार हुनेछन् ।
- प्रत्येक तहका सिकाई मापदण्डहरु प्रत्येक विद्यार्थीले हासिल गरेको सुनिश्चितता गरिनेछ । सामाजिक आर्थिक अवस्था, जातजाति, लिङ्ग र स्थानीयता आदिका कारणले विद्यार्थीले प्राप्त गर्ने ज्ञान र सीपमा कुनै फरक हुनेछैन ।
- स्थानीय पाठ्यक्रमको विकास विद्यालय र स्थानीय निकायले राष्ट्रिय तथा स्थानीय मापदण्ड मिलाएर गर्नेछन । त्यसैले मापदण्डमा आधारित जवाफदेहिता प्रणालीले ठीक तरिकाले काम गर्नेछ । स्थानीय पाठ्यक्रमहरु स्थान र परिवेश अनुसार फरक हुन्छन् र यिनीहरुलाई राष्ट्रिय मापदण्डसँग मिलाएर परिवेशका कारणले विद्यार्थीहरूको ज्ञान र सीपको तहमा हुन सक्ने भिन्नतालाई कम गरिनेछ ।
- कक्षाको तह बढदै जाँदा विद्यार्थीहरुलाई व्यावसायिक सीपहरु सिकाइनेछ । केही व्यवसायमा निश्चित अवधिका लागि संलग्न भएपछि माथिल्लो तहको शिक्षा लिन चाहने हरूका लागि अवसर उपलब्ध गराउन आवश्यक ध्यान दिइनेछ ।
- विभिन्न तहमा शिक्षण गरिने विषयका बारेमा गरिने निर्णय स्थानीय परिवेश, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मागका आधारमा गरिनेछ ।
- राष्ट्रिय पाठ्यक्रम बारेको निर्णय केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्रले र स्थानीय पाठ्यक्रम बारेको निर्णय स्थानीय तहमा गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाजस्ता स्थानीय निकायको सहभागितामा हुनेछ ।
- जिल्ला शिक्षा समिति र स्थानीय अधिकारीहरुको परामर्श र राष्ट्रिय पाठ्यक्रम प्रारूपको मागनिर्देशनमा जिल्ला शिक्षा कार्यालयले स्थानीय पाठ्यक्रम निर्माण गर्नेछन् । जिल्ला शिक्षा कार्यालयहरूले यस्ता स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन सम्बन्धमा स्थानीय स्तरमा क्षमता अभिवृद्धिसम्बन्धी योजना निर्माण गर्नेछन् ।



[१३]बाल अधिकार महासन्धि, साधारण टिप्पणी ११, अनुच्छेद ६ ।

## ६.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु :**

- प्राथमिक तहमा शिक्षण गर्दा प्रश्नोत्तर गर्ने बालबालिकाहरूको प्रतिशत,
- स्थानीय भाषा बोल्ने शिक्षकहरूको प्रतिशत,
- स्थानीय शिक्षकको उपलब्धता,
- स्थानीय पाठ्यक्रम पढाइ हुने समय (घण्टा),
- राष्ट्रिय पाठ्यक्रमलाई स्थानीय सन्दर्भसँग अनुकूल हुने पाठ्यक्रम तयार गर्न शिक्षकहरूले गरेका प्रयासहरू,
- शिक्षाले दिन खोजेका सीप, मूल्य र मान्यताहरू,
- शिक्षाको उपयोगिता र उपादेयताका विषयमा समुदायको धारणा ।

**यी तथ्याङ्कहरु निम्नलिखित विधिहरु प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :**

- केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र र पाठ्यक्रमसँग सम्बन्धित विशेषज्ञहरूसँग छलफल,
- शिक्षा सञ्जाल, विव्यस पदाधिकारी, शिक्षक र बालबालिकाहरूँगको समूहकेन्द्रित छलफल,
- अभिलेखहरूको समीक्षा, र
- बैठक र छलफलहरू ।

**६.२.१ कक्षा १ मा भर्ना हुने कति प्रतिशत बालबालिकाहरुले शिक्षणमा प्रयोग गरिने भाषा बोल्दछन् ?**
मातृभाषाका रूपमा ...... % दोस्रो भाषाका रूपमा मात्र ..... % बोल्न सक्दैनन् ........%

**६.२.२ कति प्रतिशत शिक्षकहरुले स्थानीय भाषा/मातृभाषा/विद्यार्थीहरुको भाषा जान्दछन् ?** .... %

**६.२.३ के स्थानीय तहमा निर्माण गरिएका सामग्रीहरु, स्थानीय तहमा सान्दर्भिक सामग्रीहरु र स्थानीय तहमा अनुकूल हुने गरी मिलाइएका पाठयोजनाहरु उपलव्ध छन्?**

| | | | |
|---|---|---|---|
| ☐ स्थानीय तहमा उत्पादित शिक्षण सामग्रीहरू: | छन् ☐ | अपर्याप्त ☐ | उपलब्ध छैनन् ☐ |
| ☐ स्थानीय तहका सापेक्ष विषयवस्तु | छन् ☐ | अपर्याप्त ☐ | उपलब्ध छैनन् ☐ |
| ☐ स्थानीय तहमा नै परिवर्तित पाठयोजना | छन् ☐ | अपर्याप्त ☐ | उपलब्ध छैनन् ☐ |
| ☐ स्थानीय हिसाबले उपयुक्त पोशाक | छन् ☐ | अपर्याप्त ☐ | उपलब्ध छैनन् ☐ |
| ☐ स्थानीय हिसावले उपयुक्त खाजा र खाना | छन् ☐ | अपर्याप्त ☐ | उपलब्ध छैनन् ☐ |

**६.२.४ के विद्यालयको सम्पूर्ण शिक्षा प्रक्रियाले निम्नलिखित कुराहरुलाई प्रवर्द्धन गर्दछ?**

| | | | |
|---|---|---|---|
| (क) अन्य राष्ट्रहरूप्रति सम्मान | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (ख) अन्य जातजाति र धार्मिक समूहरूप्रति सम्मान | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (ग) स्थानीय वातावरणप्रति जागरूकता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (घ) स्थानीय जीवनयापनमा प्रयोग गर्ने सीपहरूप्रति सान्दर्भिकता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (ङ) मुख्य स्वास्थ्यका मुद्दाहरूप्रति जागरूकता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (च) लैङ्गिक तथा प्रजनन् अधिकारहरूप्रति जागरूकता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (छ) एचआइभी तथा एड्सप्रति जागरूकता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (ज) विवेचनात्मक सोचाइ | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (झ) समस्या समाधान गर्न सक्ने क्षमता | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |
| (ञ) बालबालिकाहरूको सृजनात्मक अभिव्यक्ति | गर्छ ☐ | केही मात्रामा ☐ | गर्दैन ☐ |

**६.२.५ अभिभावकहरु, बालबालिकाहरु र समुदायका सरोकारवालाहरुले पाठ्यक्रम परिभाषित गर्नमा योगदान गर्न सक्षम छन् ?**

छन् ☐ केही मात्रामा ☐ छैनन् ☐

पाठ्यक्रमका विषयमा विभिन्न विकल्पहरू छन् कि छैनन ? छन् ☐ छैनन् ☐

के बालबालिकाहरूले विभिन्न विकल्पहरू रोज्न पाउँछन् ? पाउँछन् ☐ पाउँदैनन् ☐

**६.२.६ शिक्षकहरुले आवश्यकता अनुसार स्थानीय तहमा पाठ्यक्रमलाई अनुकूल वा सान्दर्भिक बनाउन सक्छन् कि सक्दैनन् ?**

सक्छन् ☐ विषयवस्तु मात्र थप्न सक्छन् ☐ सक्दैनन् ☐

| | | |
|---|---|---|
| शिक्षकहरूलाई यसको बारेमा थाहा छ कि छैन ? | छ ☐ | छैन ☐ |
| उनीहरू पाठ्यक्रम अनुकूल बनाउन सक्षम छन् कि छैनन् ? | छन् ☐ | छैनन् ☐ |
| शिक्षकहरूलाई यसका लागि आवश्यक तालिम दिइएको छ ? | छ ☐ | छैन ☐ |

## ६.३ गुणात्मक सूचकहरु

- स्थानीय भाषामा शिक्षण गर्ने गरिएको/ नगरिएको र त्यसको विद्यार्थीको उपस्थिति र सिकाइमा प्रभाव
- स्थानीय स्तरमा पाठ्यक्रमलाई अनुकूल बनाउन गरिएका प्रयासहरू र तिनको प्रभाव
- विद्यार्थीहरूमाझ विभिन्न आवश्यक विषयहरूको ज्ञान (जस्तै : एचआइभी/एड्स, प्रजनन् स्वास्थ्य, मानव अधिकार, प्रकोप जोखिम न्युनीकरण र अन्य जीवनपयोगी सीपहरू)

६.४ सान्दर्भिक शिक्षाको अधिकार सुनिश्चित गर्न चालिनु पर्ने कदमहरू :

१. शिक्षण विधिहरूको सान्दर्भिकता सुनिश्चित गर्न शिक्षक र विद्यालयसँग काम गर्नुहोस् । शिक्षालाई बढी सान्दर्भिक बनाउन नयाँ शिक्षण-सिकाई सामग्रीहरूको विकास गर्नु आवश्यक हुन्छ। यसका लागि सामग्रीको विकासमा स्थानीय मानिसहरूको संलग्नता गराउने अथवा भइरहेका सामग्रीहरूलाई स्थानीय भाषाहरूमा अनुकूल हुने गरी मिलाउनु पर्दछ । विद्यालयहरूले स्थानीय पाठ्यक्रममा समुचित ठाउँमा प्रकोप जोखिम कम गर्ने , सम्भाव्य जीवन -बचाउने सूचनाहरू/सीपहरू/अभ्यासहरू एक आपसमा बाँड्ने, र स्थानीय तहमा बढी आउने स्थानीय प्रकोपसँग जुध्ने तरिका सम्बन्धी जानकारीहरू समावेश गरिएको सुनिश्चित गर्नुहोस् ।

२. केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रसँग छलफल गरी पाठ्यक्रमलाई स्थानीय तहमा कसरी सान्दर्भिक बनाउन सकिन्छ पत्ता लगाउनुहोस । प्राथमिक विद्यालयका प्रारम्भिक कक्षाहरूमा मातृभाषामा शिक्षालाई बढावा दिनुहोस् । स्थानीय भाषा समूहहरूबाट तालिमप्राप्त शिक्षकहरू राखिएका छन् भन्ने कुरा सुनिश्चित गर्नुहोस् ।

३. शिक्षकलाई पाठ्यक्रमसम्बन्धी तालिमको सुनिश्चितता गर्नुहोस् । पाठ्यक्रममा समावेश नगरिएका विषयहरूलाई पनि शिक्षकले स्थानीय आवश्यकता अनुसार सान्दर्भिक बनाएर पढाउन सक्छन् । स्थानीय मुद्दाहरूमा आधारित सेवाकालीन शिक्षक तालिमहरूलाई सघाउनुहोस् तथा शिक्षकहरूलाई स्थानीय सामग्रीहरू/स्रोतहरू, स्थानीय पुस्तकालयको निर्माण अथवा सान्दर्भिक सामग्रीहरूको विकास गर्न तथा एक आपसमा वितरण गर्न प्रेरित गर्नुहोस् ।

४. विद्यालयहरूमा सम्बोधन गरिनु पर्ने मुख्य स्थानीय मुद्दाहरूमा अभियानको थालनी गर्नुहोस् । जलवायु परिवर्तनलाई खाद्य तथा कृषि उपजसँग जोड्नका लागि विद्यालयहरूलाई स्थानीय तहमा जलवायु परिवर्तनका सूचकहरूलाई पछ्याउन सघाउनुहोस् ।

५. विद्यालयमार्फत् अभिभावकसम्म पुग्नुहोस् । स्थानीय अभिभावक तथा सामुदायिक सरोकारवालाहरूलाई स्थानीय जीविका, संस्कृति, इतिहास तथा वातावरण विषयमा कक्षा सञ्चालन गर्न सघाउनुहोस् । यी विषयहरूमा रिफ्लेक्ट सर्कलहरूमा विस्तृत छलफल गर्नु उपयुक्त हुन्छ ।

# ७ आफ्ना अधिकारहरूबारे सुसूचित हुन पाउने अधिकार

प्रत्येक विद्यार्थीहरूले मानव अधिकार खासगरी, बालअधिकारका बारेमा जान्ने अवसर पाउनु पर्दछ, र उमेर अनुसारको यौन तथा प्रजनन् शिक्षासम्बन्धी जानकारी पाउने अधिकारसमेत सुनिश्चित गरिनु पर्दछ ।

७

# ७ आफ्ना अधिकारहरुबारे सुसूचित हुन पाउने अधिकार

प्रत्येक विद्यार्थीहरूले मानव अधिकार खासगरी, बालअधिकारका बारेमा जान्ने अवसर पाउनु पर्दछ, र उमेर अनुसार यौन तथा प्रजनन् शिक्षासम्बन्धी जानकारी पाउने अधिकारसमेत सुनिश्चित गरिनु पर्दछ ।

## ७.१ प्रमुख सन्दर्भहरु

**अन्तर्राष्ट्रिय सन्दर्भहरु**

"राज्यका दलहरूले समुचित र सक्रिय साधनहरूद्वारा, प्रौढहरू तथा बालबालिकाहरू सबैमा समान रूपले महासन्धिका सिद्धान्तहरू र व्यवस्थाहरू बारे जानकारी गराउने छन्"[१४] ।

**अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरुः**

बाध्यता भएका

- संयुक्त राष्ट्रसंघको मानव अधिकार सम्बन्धी घोषणापत्र, धारा २६.२
- आर्थिक सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, धारा १३.१
- बाल अधिकार महासन्धि, धारा १७ र २९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, धारा ८

बाध्यता नभएका

- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, धारा २-४ र १५

## ७.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

बालबालिकाहरूले आफ्नो अधिकार सम्बन्धी जानकारी राख्न पाउनु पर्ने अधिकार सुनिश्चित गर्न उनीहरू आफ्ना अधिकारहरूप्रति सचेत र जागरूक हुनुपर्दछ । विद्यालयमा मानवअधिकार मापदण्डहरू बाल-मैत्री किसिमले पढाइनु पर्दछ। उमेर अनुसार यौन तथा प्रजनन् स्वास्थ्य शिक्षासम्बन्धी जानकारी पाउने अधिकार हुन्छ ।

**तथ्याङ्कहरु निम्नलिखित विधिको प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :**

- बालबालिका, अभिभावक, विव्यस, शिअसं, तथा शिक्षकहरूसँगको छुट्टाछुट्टै समूह केन्द्रित छलफल,
- छलफलका निचोडहरूको प्रधानाध्यापक, विव्यस तथा शिअसंका पदाधिकारीहरूसँग छलफल, र
- पाठ्यक्रम विकास केन्द्रका अधिकारीहरूसँग बैठक ।



[१४] बाल अधिकार महासन्धि, धारा ४२

**७.२.१ के मानव तथा बाल अधिकारहरु विद्यालयमा पढाइन्छन् ?**

छन् ☐ छैनन् ☐ कहिलेकाहीँ ☐ यदि छन् भने कुन कक्षादेखि ? ......

**७.२.२ प्राथमिक विद्यालयको अन्त्यसम्ममा कति प्रतिशत बालबालिकाले मौलिक अधिकारहरु बारे जानकारी पाएका छन् वा बोल्न सक्छन् ?**

९०-१००% ☐ ७० -९०% ☐ ५०-७०% ☐ ५०% भन्दा कम ☐

**७.२.३ प्राथमिक विद्यालयको अन्त्यसम्ममा कति प्रतिशत बालबालिकाहरुले 'विभेद' भन्ने शब्दावली बुझ्दछन् र तीन वटा उदाहरणहरु दिन सक्दछन् ?**

९०-१००% ☐ ७० -९०% ☐ ५०-७०% ☐ ५०% भन्दा कम ☐

**७.२.४ के बालबालिकाहरुलाई उनीहरु सबै समान छन् भन्ने कुरा सिकाइन्छ ?**


छ ☐ छैन ☐

**७.२.५ के पाठ्यक्रममा निम्नलिखित विषयहरु उल्लेख गरिएको छ ?**

| | | |
|---|---|---|
| ■ लैङ्गिक समानता | छ ☐ | छैन ☐ |
| ■ अरूलाई सम्मान गर्ने/सँगसँगै बस्ने | छ ☐ | छैन ☐ |
| ■ द्वन्द्व समाधान | छ ☐ | छैन ☐ |
| ■ प्रजातन्त्र | छ ☐ | छैन ☐ |
| ■ वातावरण | छ ☐ | छैन ☐ |

**७.३ गुणात्मक सूचकहरु**

- शिक्षकहरूको मानव अधिकारसँग तथा बाल अधिकार सम्बन्धित विषयवस्तुका बारेमा बुझाइ
- शिक्षकको क्षमता र सीप
- बालबालिका र अभिभावकहरूमाझ मानव अधिकार, बाल अधिकार तथा यौन तथा प्रजनन् अधिकारको विषयमा बुझाइ
- विभिन्न समुहमा अधिकारहरूका बारेमा छलफल
- पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य थप शैक्षिक सामग्रीमा शिक्षा र बाल अधिकारको जानकारी समावेश भएको अवस्था



## ७.४ सम्भाव्य कामकारबाहीहरु

१. विस्तृत समीक्षा गर्नुहोस् । विद्यमान पाठ्यक्रममा बाल अधिकारहरू र मानव अधिकारहरूको समुचित स्थान र व्यवहारमा यिनीहरूको अध्यापन भैरहेको छ भन्ने कुरा सुनिश्चित गर्न विद्यमान पाठ्यक्रमको समीक्षा गर्नुहोस् । यसका लागि विद्यार्थी, शिक्षक, पाठ्यक्रम विशेषज्ञ, पाठ्क्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रसँग सहकार्य गर्नुपर्दछ ।

२. बाल सहभागिता प्रवर्द्धन सम्बन्धमा कार्यशाला आयोजना गर्नुहोस् । बालबालिकाहरूका लागि स्थानीय भाषामा बाल अधिकारलगायत अन्य मानव अधिकारहरूको बारेमा जानकारी दिन उमेर सुहाउँदा व्यावहारिक स्रोत साधनहरूको निर्माण गर्न एउटा कार्यशालाको आयोजना गर्नुहोस् ।

३. विद्यमान शिक्षण अभ्यासहरूको समीक्षा गरी बालबालिकाहरूले प्रजातन्त्र र मानव अधिकारबारे बालमैत्री वातावरणमा अध्ययन गर्न पाउने सुनिश्चित गर्नुहोस । मानव अधिकार सम्बन्धी शिक्षा दिने कार्य विद्यालयको जिम्मेवारीहरू मध्ये एक हो । यसका लागि शिक्षक र विद्यालय व्यवस्थापनका पदाधिकारीहरूलाई बाल अधिकार र मानव अधिकार विषयमा तालिम प्रदान गर्नुहोस् । बालबालिकाहरूले विभिन्न जीवनोपयोगी विषयमा उमेर सुहाउँदो र सही जानकारी (विशेषगरी, उनीहरूको यौन र प्रजनन् अधिकारहरू र एचआइभीसम्बन्धी जानकारी) पाउने व्यवस्था भएको सुनिश्चित गर्नुहोस् ।

४. विद्यालयमार्फत् समुदायमा पनि अधिकारबारे सचेतना गनुहोस् । सहनशीलताका मूल्यहरू, अहिंसा र आपसी सद्भावको महत्वलगायत विद्यालयमा पढाइने नागरिक शिक्षाका विषयहरू बारेमा स्थानीय तथा सार्वजनिक बहसहरूलाई सघाउनुहोस् । आवश्यक परेमा सहभागितामूलक उपायहरूको प्रयोग गरी समुदायका सरोकारवालाहरूका लागि मानव अधिकार सम्बन्धी कार्यशालाको आयोजना गर्नुहोस् ।

# ८ सहभागिताको अधिकार

छात्र र छात्राहरूले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रपूर्वक बोल्न वा सहभागी हुन पाउनुपर्दछ र उनीहरूको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।

# ८ सहभागिताको अधिकार

छात्र र छात्राहरूले आफूलाई प्रभाव पार्ने कुनै पनि विषयमा स्वतन्त्रपूर्वक बोल्न वा सहभागी हुन पाउनुपर्दछ र उनीहरूको विचारलाई निर्णय प्रक्रियामा उचित स्थान दिनुपर्दछ ।

## ८.१ प्रमुख सन्दर्भहरु

अन्तर्राष्ट्रिय सन्दर्भहरू
"शिक्षाले सबै मानिसहरूलाई स्वतन्त्र समाजमा प्रभावकारी ढङ्गले सहभागी हुन सक्षम बनाउनेछ ।"[१५]

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भ विन्दुहरुः

कानूनी बाध्यता भएका

- बाल अधिकार महासन्धि, धारा १२.१
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, धारा २४.१ (सी)

बाध्यता नभएका

- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद ८ र २२
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १२

### राष्ट्रिय सन्दर्भहरु :

विद्यालय र कक्षाकोठामा बालबालिकाको सहभागिताको आवश्यकता नेपालमा पछिल्ला समयहरूमा महसुस हुँदै आएको छ। सरकारले हालसालै २०६७ मा बालमैत्री विद्यालयको राष्ट्रिय प्रारूप स्वीकृत गरेको छ । यस प्रारूपले विद्यालयमा बाल सहभागिता सुनिश्चित गर्नका लागि निम्नानुसारको मापदण्ड तोकेको छ :

- विद्यालयमा बाल क्लवहरू गठन गरिएको छ ।
- विद्यालय सुधार योजना निर्माणका क्रममा बालबालिकाहरूको सहभागिता सुनिश्चित गरिएको छ ।
- विद्यालय व्यवस्थापन बालक्लबको गठन र क्षमता अभिवृद्धिका बारेमा सचेत छ ।
- बालबालिका सम्बन्धी निर्णय लिने क्रममा बालबालिकाहरूको सहभागिता हुन्छ ।
- बाल क्लबहरूको निरन्तर बैठक बस्छ र स्पष्ट कार्ययोजना तयार गरिन्छ ।

[१५]आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १३.१

## ८.२ तथ्याङ्क सङ्कलनका लागि सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु**

- कक्षाकोठामा बालबालिकाको सहभागिता,
- बाल क्लवहरू, विव्यस, शिअसं र विद्यालयमा गरिने क्रियकलापहरूमा इत्यादिमा बालबालिकाहरूको छुट्टाछुट्टै सहभागिता,
- बाल सहभागिताबारे शिक्षक तालिमको उपलब्धता र प्रयोग,
- स्थानीय पाठ्यक्रम निर्माणमा बालबालिकाको सहभागिता ।

**यी तथ्याङ्कहरु निम्नलिखित विधिहरु प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :**

- विभिन्न कक्षाका बालबालिकाहरूसँगको समूहकेन्द्रित छलफल ।
- शिक्षक, विव्यस र शिअसंहरूसँगको समूहकेन्द्रित छलफल ।



**८.२.१ के बालबालिकाहरुले निम्नलिखित कुराहरुमा आफ्ना अभिव्यक्तिहरु प्रस्तुत गर्ने र नियमित रुपमा अर्थपूर्ण सहभागी हुने अवसर पाउँछन् ?**

| | | | |
|---|---|---|---|
| कक्षाकोठा र शिक्षण सिकाइ प्रक्रियामा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |
| आफ्ना क्लब र विद्यालयका सभाहरूमा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |
| विद्यालयका निर्णय प्रक्रियाहरूमा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |
| स्थानीय पाठ्यक्रमबारे निर्णय गर्ने प्रक्रियामा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |
| शिक्षक छनौटमा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |
| शिक्षक अनुगमनमा | पाउँछन् ☐ | पाउँदैनन् ☐ | कहिलेकाहीँ ☐ |

**८.२.२ के उल्लिखित सहभागिताका अवसरहरु सबै बालबालिकाहरुका लागि समान छन् ?**

छन् ☐ छैनन् ☐ केही विद्यार्थीहरूको बढी बोलबाला छ ☐

के विभेद गरिएको समूहहरूका बालबालिकाहरूको सहभागिता छ ? ...............................

त्यस्ता बालबालिकाहरूको सहभागिता कसरी सुनिश्चित गरिएको छ ? ............................

के बालिकहरूको छुट्टै क्लब छ ? छ ☐ छैन ☐

**८.२.३ के अभिभावक, विव्यस पदाधिकारी र शिअसं पदाधिकारीहरु संलग्न हुन्छन् ?**

बालबालिकाहरूको सहभागिताको सुनिश्चितता प्रदान गर्न अथवा अनुगमन गर्न:

हुन्छन् ☐ हुँदैनन् ☐ कहिलेकाहीँ ☐

बालबालिकाको विद्यालयमा उपस्थितिको अनुगमन गर्न

हुन्छन् ☐ हुँदैनन् ☐ कहिलेकाहीँ ☐

बालबालिकाको सिकाई प्रतिफलहरू अनुगमन गर्न

हुन्छन् ☐ हुँदैनन् ☐ कहिलेकाहीँ ☐

बालबालिकाले गर्ने अतिरिक्त क्रियाकलापमा सहयोग तथा सहभागी

हुन्छन् ☐ हुँदैनन् ☐ कहिलेकाहीँ ☐

**८.२.४ अभिभावक र शिक्षकहरु कत्तिको एक आपसमा बैठक बस्दछन् ?**

शैक्षिक वर्षको प्रारम्भमा एक पटक, ☐

शैक्षिक वर्षको प्रारम्भमा एक पटक र अन्तिममा एक पटक ☐

अन्य : ................. ☐

थप विवरण ...........

**८.२.५ शिक्षकहरुलाई बालबालिकाहरुको सिकाई प्रक्रियामा सहभागिता प्रोत्साहित गर्न तालिम दिइएको छ ?**

छ ☐ छैन ☐

छ भने, कति प्रतिशत शिक्षकले यस्तो तालिम पाएका छन् ? ....... प्रतिशत

**८.२.६ बालबालिकाहरुको सहभागिता/आवाजले विद्यालयमा सकारात्मक परिवर्तन ल्याएको छ भने त्यस्तो कुनै एउटा उदाहरण दिनुहोस् ।** ......................................................



**८.३ गुणात्मक सूचकहरु**

- बालक्लबको गठन प्रक्रिया
- बालक्लबका क्रियाकलापहरू र तिनीहरूको प्रभाव
- बालक्लबको उपलब्धि र चुनौतिहरू
- विद्यालयका क्रियाकलाप तथा निर्णय प्रक्रियाहरूमा बालबालिकाहरूको सहभागिता
- बालबालिकाको कक्षाकोठामा सहभागिता (शिक्षकले प्रयोग गर्ने शिक्षण विधिमा आधारित)
- विद्यालय तहका निर्णयहरूमा बालबालिकाहरूको संलग्नता


## ८.४ बालबालिकाको सहभागिताको अधिकार सुनिश्चित गर्न चालिनु पर्ने कदमहरु :

१. विद्यालयहरूमा सिकाईका सहभागितामूलक विधिहरू प्रवर्द्धन गर्नुहोस । बालबालिकाहरूलाई परिवर्तनको सक्रिय संवाहक बनाउनका लागि सिकाई प्रक्रियामा उनीहरूको सहभागिता अत्यावश्यक छ । रिफ्लेक्ट र अन्य विधिहरूबाट सिक्दै सहभागितामूलक शिक्षण विधि र औजारहरूका बारेमा शिक्षकहरूलाई तालिम दिई सहभागितामूलक कक्षा सञ्चालन गर्नमा मद्दत पुऱ्याउन सकिन्छ । यसका साथै अभिभावक, विव्यस र शिअसं पदाधिकारीहरूका लागि पनि बाल सहभागिताका विषयमा कार्यशालाको आयोजना गर्नुहोस् ।

२. विद्यालयका विभिन्न क्रियाकलापहरूमा बालबालिकाको सहभागिता सुनिश्चित गर्नुहोस् । यस अन्तर्गत् कक्षाकोठामा सक्रियताका साथ सहभागी हुने अधिकार तथा विद्यालयका निर्णय गर्ने संरचनामा संलग्न हुने (विद्यालय सभाहरू अथवा क्लवहरू अथवा शिअसं र विव्यसमा बालबालिकाहरूको प्रतिनिधि भएर सहभागि हुने) अधिकार पनि पर्दछन् । बालबालिकाहरूलाई विवेचनात्मक रूपले सोच्न र सक्रियताका साथ भाग लिन प्रोत्साहित गर्न विद्यालय सभाहरूमा बालबालिकाको सहभागिता, बाल क्लवका क्रियाकलापहरू, खाजा खाने बेलाको समय र विद्यालय समयपछिका अतिरिक्त क्रियाकलापहरूलाई सघाउनुहोस् ।

३. आफ्नो योजना र बजेट निर्माण गर्ने प्रक्रियामा बालबालिकाहरूको सहभागिता प्रवर्द्धन गर्ने खालका क्रियाकलापहरूलाई पनि समावेश गर्नुहोस् । विद्यालयले सञ्चालन गर्ने शिक्षाका हरेक कार्यक्रमहरूमा बालक्लब र बाल सहभागितालाई बढावा दिनुहोस् ।

४. बालबालिकाहरूद्वारा नेतृत्व लिइएका पाठ्यक्रम समीक्षा तथा आचारसंहिताहरूलाई सघाउनुहोस् । साथी-शिक्षा तथा साथी-सरसल्लाह ('मेन्टोरिङ्ग', 'कोचिङ्ग') लाई बढावा दिनुहोस् ।



# ९ पारदर्शिता र जवाफदेहिताको अधिकार

राज्यले गरेको नीतिगत व्यवस्था अनुरूप विद्यालयका सरोकारवाला (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, गाउँ तथा जिल्ला शिक्षा समिति) ले आ-आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सो अनुसार पारदर्शी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

# ९ पारदर्शिता र जवाफदेहिताको अधिकार

राज्यले गरेको नीतिगत व्यवस्था अनुरूप विद्यालयका सरोकारवाला (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक, अभिभावक, स्रोतव्यक्ति, विद्यालय निरीक्षक, गाउँ तथा जिल्ला शिक्षा समिति) ले आ-आफ्नो काम, कर्तव्य र अधिकारबारे जानकारी लिनुपर्दछ र सो अनुसार पारदर्शी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

## ९.१ प्रमुख सन्दर्भहरु

### अन्तर्राष्ट्रिय सन्दर्भहरु

"न्यूनतम शैक्षिकस्तर' कायम गर्ने दायित्व राज्यको हो जसको पालना सबै शैक्षिक संस्थाहरूले[१६] गर्नुपर्दछ । यी स्तरहरूको अनुगमन गर्ने एउटा पारदर्शी तथा प्रभावकारी प्रणाली पनि उपलब्ध हुनुपर्दछ ।"[१७]

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरुः

कानुनी बाध्यता भएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, धारा १३.३ र १३.४
- बाल अधिकार महासन्धि, धारा २९.२

बाध्यता नभएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद ४९
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १ अनुच्छेद २२ र २५

### राष्ट्रिय सन्दर्भहरुः

- नेपाल सरकारले विद्यालय शिक्षाका विभिन्न पक्षहरूका समुदाय र अभिभावकको सहभागिताको अधिकार र आवश्यकता महसुस गरेको छ ।
- शिक्षा ऐन सातौं संशोधन, २०५८ ले हरेक सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ अनिवार्य रूपमा हुनुपर्ने प्रावधान राखेको छ । ऐनले विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको रूपरेखा र गठन गर्ने प्रक्रियाका बारेमा पनि स्पष्ट व्यवस्था गरी काम कर्तव्य र अधिकारहरू पनि छुट्याई दिएको छ । दुबै समितिहरू अभिभावकमध्येबाट चुनाव गरी छानिनु पर्ने प्रावधान छ । समितिका प्रमुख कार्यहरूमा विद्यालयको अनुगमन तथा मूल्याङ्कन पर्दछ ।
- विद्यालय व्यवस्थापन समितिले हरेक वर्ष विद्यालय सुधार योजना निर्माणमा विशेष भूमिका खेल्नु पर्ने व्यवस्था छ भने शिक्षक अभिभावक संघले हरेक वर्ष विद्यालयको सामाजिक परीक्षण गर्ने कार्यको संयोजन गर्नुपर्नेछ ।
- विद्यालयले हरेक वर्ष आर्थिक र सामाजिक परीक्षण गराई प्रतिवेदन अभिभावकसामु सार्वजनिक गर्ने र जिल्ला शिक्षा कार्यालयलाई बुझाउनु पर्नेछ । यसका अलावा विद्यालयहरूले हरेक वर्ष दुई पटक विद्यालयका बारेमा विस्तृत जानकारीहरू (फ्ल्यास प्रतिवेदन) भरेर जिल्ला शिक्षा कार्यालयलाई उपलब्ध गराउनु पर्दछ ।



[१६] धारा १३(३) र (४) अनुसार स्थापना गरिएका

[१७] आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, साधारण टिप्पणी १३, अनुच्छेद ५४

## ९.२ तथ्याङ्क सङ्कलनका सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु :**

- विव्यस र शिअसंको गठन प्रक्रियामा अभिभावकको संलग्नता,
- समितिहरूमा अभिभावकहरूको समावेशी र समतामूलक प्रतिनिधित्व,
- विव्यसले प्रभावकारी ढङ्गले काम गर्न सक्षम भएको अवस्था,
- विद्यालयले अभिभावकप्रति देखाएको पारदर्शिता र जवाफदेहिता,
- विद्यालय सुधार योजना र सामाजिक परीक्षण प्रक्रियाको प्रभावकारिता,
- अभिभावकहरूको साक्षरताको, विशेषगरी महिला साक्षरताको प्रभाव विद्यालय शासन व्यवस्थामा र बालबालिकाहरूको सिकाईमा ।

**यी तथ्याङ्कहरु निम्नलिखित विधिहरुको प्रयोग गरी सङ्कलन गर्न सकिन्छ :**

- विव्यस र शिअसंसँग समूहकेन्द्रित छलफल ।
- अभिभावकहरूसँग समूहकेन्द्रित छलफल ।
- विव्यस र शिअसंको बैठक माइन्युट र अन्य जानकारीहरू सङ्कलन र पूनरावलोकन ।
- खुल्ला बैठकहरू ।
- शिक्षक अभिभावक संघ

**९.२.१ विद्यालयमा शिक्षक अभिभावक संघ छ कि छैन ?**

छ ☐ छैन ☐

अवस्था :

क) समयावधि सकिएको ख) समयावधि नसकिएको

**९.२.२ शिअसं कसरी गठन गरियो ?**

मनोनयन ☐ चुनाव ☐ सर्वसम्मति ☐

**९.२.३ शिअसंको सक्रियता कस्तो छ ?**

- सक्रिय र पूर्ण रूपमा कार्यरत छ (वर्षमा कम्तिमा ४ पटक बैठक बस्छ)
- अस्तित्वमा छ र कहिलेकाहिँ सक्रिय हुन्छ ((वर्षमा २ देखि ३ पटक बैठक बस्छ)
- अस्तित्वमा छ तर सक्रिय छैन (वर्ष १ पटक बैठक बस्छ)
- अस्तित्वमा छैन । (गठन भए पनि बैठक र क्रियाकलाप गर्दैन)

९.२.४ शिअसं समाहित छ कि छैन ?

- समुदायका सबै समूहहरूका व्यक्तिहरूको राम्रो संलग्नता भएको
- सानो र कुनै एउटा समूहको बोलवाला भएको
- व्यापक र विविध
- एक वा दुई व्यक्तिहरूद्वारा नियन्त्रित

**९.२.५ शिअसंका कति प्रतिशत सदस्यहरु दलित समुदाय र अन्य पिछडिएका जाति छन् ?** ......... %

**९.२.६ शिअसंका कति प्रतिशत सदस्यहरु महिला छन् ?** ............ %

**९.२.७ अघिल्लो वर्ष विद्यालयमा शिक्षक अभिभावक संघको बैठक कति पटक बस्यो ?** .........

**९.२.८ विद्यालयमा आमा शिक्षक संघ वा आमा समूहहरु छन् कि छैनन् ?**

छन् ☐ छैनन् ☐

विद्यालय व्यवस्थापन समिति

**९.२.९ विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको छ कि छैन ?**

छ ☐ छैन ☐

**९.२.१० विव्यस कसरी गठन गरियो ?**

मनोनयन ☐ चुनाव ☐ सर्वसम्मति ☐

**९.२.११ विद्यालय व्यवस्थापन समितिको सक्रियता :**

- सक्रिय र पूर्ण रूपमा कार्यरत छ (वर्षमा कम्तिमा ६ पटक बैठक बस्छ)
- अस्तित्वमा छ र कहिलेकाहीँ सक्रिय हुन्छ ((वर्षमा ४ देखि ५ पटक बैठक बस्छ)
- अस्तित्वमा छ तर सक्रिय छैन (वर्ष १ पटक बैठक बस्छ)
- अस्तित्वमा छैन । (गठन भए पनि बैठक र क्रियाकलाप गर्दैन)

**९.२.१२ विद्यालय व्यवस्थापन समितिको समाहितता :**

- समुदायका सबै समूहहरूका व्यक्तिहरूको राम्रो संलग्नता रहेको छ ।
- सानो र कुनै एउटा समूहको बोलवाला रहेको छ ।
- एक वा दुई व्यक्तिहरूबाट नियन्त्रित छ ।

**९.२.१३ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शिक्षा ऐनमा व्यवस्था गरिए अनुसार विद्यालयमा अध्ययनरत विद्यार्थीका वास्तविक अभिभावक हुन् कि होइनन् ?**

हुन् ☐ होइनन् ☐

**९.२.१४ विव्यसका कति प्रतिशत सदस्यहरु दलित वा अन्य पिछडिएका समूहबाट छन् ?** ......... %

**९.२.१५ विव्यसका कति प्रतिशत सदस्यहरु महिला छन् ?** ............ %

**९.२.१६ अघिल्लो वर्ष विद्यालयमा विव्यसको बैठक कति पटक बस्यो ?** ......... पटक

विव्यस र शिअसंको बैठक छुट्टाछुट्टै बस्छ कि बस्दैन ? बस्छ ☐ बस्दैन ☐

**९.२.१७ विद्यालयको बजेट:**

- सबै मानिसहरूले बुझ्दछन् र सार्वजनिक रूपमा पारदर्शी छ ? (उदाहरणको लागि सूचना पाटीमा टाँसिएको)
- जसले हेर्न चाहन्छ उसका लागि उपलब्ध छ
- एक वा दुई व्यक्तिहरूबाट नियन्त्रित छ
- धेरैजसो मानिसका लागि रहस्य छ

**९.२.१८ के विनियोजन गरेको बजेट विद्यालयमा समयमा आइपुग्छ ?**

छ ☐ छैन ☐

विनियोजत बजेटको शीर्षक छुट्टिने पत्र विद्यालयमा आउँछ कि आउँदैन ? आउँछ ☐ आउँदैन ☐

थप विवरण .....................................

**९.२.१९ के विद्यालयको कार्य सम्पादन नियमित निरीक्षण गर्ने प्रणाली छ ?**

छ ☐ छैन ☐

विद्यालय शिक्षाको अनुगमन गर्न कुन संस्था वा निकाय जिम्मेवार छ ? .................................

**विद्यालयमा अघिल्लो शैक्षिक सत्रमा विद्यालय निरीक्षक र श्रोतव्यक्ति कति पटक आए ?**

विद्यालय निरीक्षक : ................ पटक श्रोतव्यक्ति : ............... पटक

९.२.२० **विद्यालयमा सामाजिक परीक्षण समिति छ कि छैन ?**

छ ☐ छैन ☐ थप विवरण ...........................

९.२.२१ **विद्यालयले निम्न क्रियाकलापहरु गरेको छ कि छैन ?**

| | | |
|---|---|---|
| अभिभावक भेला (वर्षमा कम्तिमा एक पटक) | छ ☐ | छैन ☐ |
| हरेक वर्ष विद्यालय सुधार योजनाको निर्माण | छ ☐ | छैन ☐ |
| हरेक वर्ष सामाजिक परीक्षण | छ ☐ | छैन ☐ |
| सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक | छ ☐ | छैन ☐ |
| फ्ल्यास प्रतिवेदन सहभागीतात्मक रूपले तयार गरी जिशिकामा समयमा बुझाइएको | छ ☐ | छैन ☐ |
| विद्यालय प्रतिवेदन कार्डको निर्माण र वितरण | छ ☐ | छैन ☐ |
| विद्यार्थीको प्रगति प्रतिवेदन अभिभावकलाई बुझाइएको | छ ☐ | छैन ☐ |
| सूचना पार्टीको व्यवस्था | छ ☐ | छैन ☐ |
| शिक्षक, विद्यार्थी र वि.व्य.स. अभिभावकको आचारसंहिता | छ ☐ | छैन ☐ |

९.२.२२ **स्थानीय अभिभावकहरु मध्ये कति प्रतिशतले लेख्न पढ्न जान्दछन् ?**

| | महिला (%) | पुरूष (%) | जम्मा (%) |
|---|---|---|---|
| कत्ति पनि जाँन्दैनन् | | | |
| मुस्किलले | | | |

९.२.२३ **तपाईलाई आफ्नो विद्यालयले जिल्लाका अन्य विद्यालयहरुको दाजोमा कसरी कार्यसम्पादन गरी रहेको छ भन्ने कुरा थाहा छ ?**

छ ☐ छैन ☐

यदि छ भने, औसतभन्दा माथि ☐ औसत ☐ औसतभन्दा तल ☐

९.२.२४ **कति प्रतिशत विव्यसमा सहभागी अभिभावकका बालबालिका सोहि विद्यालयमा पढ्छन् ?** ..................%

९.३ **गुणात्मक सूचकहरु**

- अभिभावक भेला र छलफलहरू,
- आमा अभिभावकहरूको विद्यालयमा संलग्नता,
- विद्यालयको बजेट सार्वजनिक रूपमा हेर्न र स्वतन्त्रतापूर्वक अनुगमन गर्न सकिन्छ कि सकिँदैन ?
- अभिभावकहरू विद्यालयमा कहिले कहिले आउँछन् ?
- विव्यसको गठन प्रक्रिया र समाहितता
- विव्यस र शिअसंमाझ काम, कर्तव्य र अधिकारहरू बारे सचेतना
- विव्यस र शिअसंले विद्यालयको कार्य सम्पादन कसरी अनुगमन गर्छन ?
- विव्यस र शिअसं बैठकका एजेण्डाहरू र निर्णयको कार्यान्वयन
- विव्यस, शिअसं र अभिभावकलाई विद्यालय सुधार योजना र सामाजिक परीक्षणका बारेमा सचेतना
- विद्यालयलाई जवाफदेही बनाउन अभिभावकहरूको सहभागिता बढाउन उपलब्ध सहयोग
- अन्य विद्यालयको तुलनामा आफ्नो विद्यालयको प्रगति मूल्याङ्कन
- शिअसं र विव्यसंमा अभिभावहरूको सहभागिताले विद्यालयका नीतिहरू परिवर्तन गर्न र विद्यालयका कामकारबाहीहरू अभिभावकप्रति जवाफदेही बनाउन मद्दत पुगेको छ कि छैन ?
- विद्यालयका आयश्रोतहरू
- विद्यालय निरीक्षक र स्रोतव्यक्तिले अनुगमनमा दिएको प्रतिक्रिया र त्यसको प्रभाव



## ९.४ विद्यालयलाई जवाफदेही र पारदर्शी बनाउने अधिकार सुनिश्चित गर्न चालिनु पर्ने कदमहरु

१. विद्यालय सुशासनसम्बन्धी नीतिहरूको समीक्षा गर्नुहोस् । सबै विद्यालयहरूका स्पष्ट काम, कर्तव्य र अधिकारहरू भएका र वास्तवमै स्थानीय जनताहरूको आवाज सुन्ने प्रभावकारी विव्यस र शिअसं छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि राष्ट्रिय नीतिहरूको समीक्षा गरी नीति अनुसार विद्यालय तहमा कार्य भइरहेको छ कि छैन अनुगमन गर्नुपर्दछ ।

२. विद्यालयहरूमा न्यूनतम मापदण्डहरूको निश्चितता गर्न उपलब्ध सरकारी निरीक्षण कार्यक्रमहरूको क्षमता अभिवृद्धि गरी कार्यरत भएको सुनिश्चित गर्नुहोस् । निरीक्षण गरिनु र निरन्तर अनुगमन हुनु पर्ने विषयलाई अधिकारको बहससँग जोडी साझेदार संस्था र विद्यालयका सरोकारवालाहरूसँग मिली पैरवी गर्नुहोस् ।

३. विव्यस र शिअसंको क्षमता अभिवृद्धिका लागि पहल गर्नुहोस । शिअसं, विव्यस र विद्यालयका प्रधानाध्यापकहरूलाई उनीहरूको काम, कर्तव्य र अधिकारका बारेमा सचेत गराइनुपर्दछ । उनीहरूलाई विद्यालयको समस्या पहिचान गर्न, योजना निर्माण गर्न, श्रोतहरूको सही परिचालन गर्न र सामाजिक परीक्षण गराउन सक्षम बनाई आवश्यक सहयोग गर्नुपर्दछ । समुदायस्तरमा बाल-मैत्री बजेट बनाउन सहयोग गर्ने विधिको पहिचान गरी विकास गर्नुहोस् ।

४. विभिन्न समूहहरूका वैधानिक अथवा कानुनी अधिकारहरूबारे स्रोत पुस्तिकाहरू प्रकाशन गर्नुहोस् र कुन हद्सम्म तिनीहरूले यी अधिकारहरूको प्रयोग गर्न सक्दछन्, नक्साङ्कन गर्नुहोस् । विद्यालयलाई अभिभावकप्रति जवाफदेही र पारदर्शी बनाउन के- के क्रियाकलापहरू गर्न सकिन्छ पत्ता लगाउनुहोस र ती क्रियाकलापहरू सञ्चालन गर्न विव्यस र शिअसंलाई सघाउनुहोस् ।

५. विव्यस र शिअसंका नेतृत्वदायी पदहरूमा महिला र अन्य पिछडिएका वर्गहरूको सशक्त र समान सहभागिताको सुनिश्चितता लगायत विद्यमान अवस्थाको समीक्षा गर्नुहोस् र उनीहरूको प्रतिनिधित्व बढाउन पैरवी गर्नुहोस ।

६. विव्यसको महासंघ (सामुदायिक विद्यालय राष्ट्रिय नेटवर्क वा अन्य त्यस्तै सञ्जाल) सँग सहकार्य गरी अभिभावकको सहभागी र सचेत हुन पाउने अधिकारको सुनिश्चितता गर्नुहोस । नेपालमा सबै सामुदायिक विद्यालयलाई प्रतिनिधित्व गर्ने निकाय नभएकाले साझेदार संस्था र विद्यालयहरूसँग सहकार्य गरी स्थानीय, जिल्ला, क्षेत्रीय तथा राष्ट्रिय सबै तहमा उपस्थिति भएको विव्यस महासंघ गठन गर्न प्रोत्साहित गर्नुहोस् ।

# १० गुणस्तरीय सिकाईको अधिकार

विद्यार्थीहरूको पूर्ण शारीरिक र मानसिक विकासका साथै बौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाई वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

# १० गुणस्तरीय सिकाईको अधिकार

विद्यार्थीहरूको पूर्ण शारीरिक र मानसिक विकासका साथै बौद्धिक र व्यक्तित्व विकासका लागि गुणस्तरीय बालकेन्द्रित सिकाइ वातावरण र प्रभावकारी शिक्षण प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

## १०.१ प्रमुख सन्दर्भहरु

### अर्न्तराष्ट्रिय सन्दर्भहरु

"प्रत्येक बालबालिकाको गुणस्तरीय शिक्षा पाउने अधिकार हो । यसका लागि सिकाई वातावरण, शिक्षण सिकाई विधिहरू र सामग्रीहरू तथा सिकाई प्रतिफलहरूमा जोड दिनु आवश्यक छ" ।[१८]

गुणस्तरीय सिकाई प्राप्त गर्नका लागि शिक्षक विद्यार्थी अनुपात चालिस विद्यार्थी बराबर एक शिक्षक अथवा यसभन्दा कम हुनुपर्दछ भन्ने कुरामा ठूलो सहमति छ ।

### अन्य अन्तर्राष्ट्रिय सन्दर्भहरु

कानुनी बाध्यता भएका

- संयुक्त राष्ट्रसंघको मानवअधिकारसम्बन्धी घोषणापत्र, धारा २६.२
- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, धारा १३.२
- बाल अधिकार महासन्धि, धारा २८.१ र २९
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धी, धारा २४.१ र २४.२

बाध्यता नभएका

- आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, साधारण टिप्पणी ११, अनुच्छेद ६ र साधारण टिप्पणी १३, अनुच्छेद ६(सी) र ५०
- बाल अधिकार महासन्धि, साधारण टिप्पणी १ अनुच्छेद ८, ९ र १२

### राष्ट्रिय सन्दर्भहरुः

- नेपालको अन्तरिम संविधान, २०६३ ले निःशुल्क शिक्षा अधिकारसँगै गुणस्तरीय शिक्षालाई पनि बालबालिकाको अधिकारका रूपमा स्थापित गरेको छ ।
- शिक्षा नियमावलीले पाठ्यक्रम विकास र पूनरावलोकन प्रक्रियाका बारेमा उल्लेख गर्दै प्राथमिकदेखि माध्यमिक तहसम्म परीक्षाहरू सञ्चालन गर्ने सम्बन्धमा पनि निर्देश गरेको छ ।
- विद्यालय क्षेत्र सुधार योजना (२००९ - २०१५) ले विद्यालय शिक्षाको गुणस्तर कायम गर्न गुणस्तर सुधार र गुणस्तर नियन्त्रणको सुनिश्चिततालाई प्राथमिकता दिएको छ । योजनाले गुणस्तरीय विद्यालय शिक्षाका सम्बन्धमा तोकेका मुख्य मापदण्डहरू यस प्रकार छन् :
- विद्यालयमा सबैको पहुँच पुग्ने आवश्यक भौतिक पूर्वाधार हुनाका साथै स्वस्थ र बालमैत्री वातावरणको निर्माण गरिनेछ ।
- कक्षाकोठाको आकार कक्षा १ देखि ८ सम्म एउटा विद्यार्थीका लागि ०.७५ वर्गमिटर क्षेत्रफल पुग्ने किसिमको हुनुपर्दछ भने अन्य खालि ठाउँ शिक्षा विभागले तयार गरको विद्यालय ढाँचामा तोकिए अनसारको हुनुपर्दछ ।
- हरेक विद्यालयमा विद्यार्थी सङ्ख्याका अनुपातमा सान्दर्भिक पुस्तकसहितको एउटा पुस्तकालय हुनुपर्दछ ।
- प्रत्येक कक्षामा अधिकतम ४० जना विद्यार्थी हुनु पर्दछ ।
- एक शैक्षिक सत्रमा विद्यालय कम्तीमा २२० दिन खुल्नु पर्दछ ।
- अधिकतम शिक्षक विद्यार्थी अनुपात प्रतिशिक्षक ४० विद्यार्थी हुनुपर्दछ ।
- कक्षा ५ सम्म कक्षा सङ्ख्या अनुसारको शिक्षक, र सो भन्दा माथिका कक्षाहरू (६ - १२) मा आवश्यक विषय अनुसारको शिक्षक उपलब्ध भएको सुनिश्चित गरिनुपर्दछ ।
- विद्यालयहरुमा पाठयपुस्तकका साथै विद्यार्थीहरुको उमेर सुहाउँदो र पाठ्यक्रममा उल्लेख भएको सिकाई उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउने खालको सान्दर्भिक पाठ्यसामग्रीहरु हुनुपर्दछ ।
- आधारभुत शिक्षाका कम्तीमा कक्षा १ देखि ३ सम्म पढाइ हुने प्रारम्भिक विद्यालयमा बालबालिकाले मातृभाषामा शिक्षा पाउने अधिकार निश्चित गरिनेछ ।
- आधारभुत शिक्षाका लागि शिक्षकको न्यूनतम योग्यता शिक्षाशास्त्रमा प्रमाणपत्र तह या शिक्षक तयारी कोर्ससँग सम्बन्धित उच्च माध्यमिक शिक्षा पूरा गरेको हुनुपर्नेछ ।

[१८] बाल अधिकार महासन्धि, साधारण टिप्पणी १, अनुच्छेद २२

- सबै शिक्षकहरुले शिक्षक तयारी कोर्स पूरा गरेका र प्रत्येक ५ वर्षमा पुनर्ताजगी शिक्षक तालिम कोर्स पूरा गर्नुपर्दछ ।
- विद्यालयका सबै तहहरूमा निरन्तर मूल्याङ्कन प्रणाली लागु गरिनेछ र हरेक विद्यार्थीको मूल्याङ्कन प्रतिवेदन सङ्ग्रह गरिनेछ । शैक्षिक सत्रको अन्त्यमा सबै मूल्याङ्कनहरूको नतिजा जोडिनेछ ।
- कक्षा ८ मा जिल्लास्तरीय, कक्षा १० मा क्षेत्रीय, र कक्षा १२ मा राष्ट्रिय परीक्षा गरिनेछ ।
- कक्षा उत्तीर्ण गर्नका लागि हरेक विद्यार्थीले हरेका विषयमा कम्तिमा ५० प्रतिशत अङ्क ल्याएको सुनिश्चित गरिनेछ ।
- अभिभावकहरूलाई निरन्तर रूपमा बालबालिकाहरूको उपलब्धिका बारेमा जानकारी गराइनेछ । यस प्रक्रियामा कक्षा शिक्षकलाई जिम्मेवार बनाइनेछ ।
- कमजोर विद्यार्थीहरूलाई अन्य विद्यार्थी बराबरको तहमा ल्याउनका लागि थप सहायक कक्षाहरू सञ्चालन गरिनेछ र यसका लागि विषय शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

## १०.२ सूचना सङ्कलन गर्नका लागि आवश्यक सूचकहरु र फारामको नमुना

**सम्भाव्य सूचकहरु**

- कक्षा उत्तीर्ण दर (प्राविधिक शिक्षाको सन्दर्भमा आधारभुत सीप जाँच पास गर्ने प्रतिशत)
- विभिन्न जातजाति र समुहहरूको कक्षा उत्तीर्ण दर
- विद्यार्थीको औसत सिकाइ उपलब्धि
- शिक्षकले विद्यार्थीलाई दिने समय र कक्षाकोठामा बिताउने समय
- शिक्षण सिकाई प्रक्रिया र त्यसको प्रभावकारिता
- अभिभावक र बालबालिकाहरूको हासिल सिकाई उपलब्धिप्रतिको सन्तुष्टि

**सूचनाहरु निम्न विधिवाट सङ्कलन गर्न सकिन्छ :**

- विद्यालयको रजिष्टर
- विद्यालयको परीक्षाको नतिजा सङ्कलन
- आमा, शिक्षक र विद्यार्थी समूहहरूसँग समूहकेन्द्रित छलफल
- कक्षा अवलोकन



**१०.२.१ कक्षा १ मा भर्ना भएका विद्यार्थीहरु मध्ये कति प्राथमिक तह उत्तीर्ण हुन्छन् ?**[१९]

जम्मा : .............% छात्रा : ............. % छात्र : ........... % दलित : ........... %

अन्य पिछडिएका वर्ग : .............. %

**१०.२.२ अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरु मध्ये कति परीक्षामा समावेश भए र कति अन्तिम परीक्षामा उत्तीर्ण भए ?**

| कक्षा | भर्ना | | | परीक्षामा सम्मिलित | | | परीक्षामा उत्तिर्ण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | दलित | जम्मा | छात्रा | दलित | जम्मा | छात्रा | दलित | जम्मा |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**१०.२.३ प्राथमिक तहबाट निम्न माध्यमिक र माध्यमिक तहसम्म जाने दर कस्तो छ ?**

| तह | जम्मा (%) | छात्रा (%) | छात्र (%) | दलित (%) | अन्य (%) |
|---|---|---|---|---|---|
| प्राथमिकबाट निम्न माध्यमिक (५-९) | | | | | |
| आधारभुतबाट माध्यमिक | | | | | |

**१०.२.४ विद्यार्थीको सिकाई उपलब्धिका बारेमा कति प्रतिशत जति अभिभावकहरुलाई थाहा होला ?**[२०] ...... %

**१०.२.५ बालबालिकाहरु कति घण्टा सम्म विद्यालयमा सिकाई गर्छन ?**

एक दिनमा : ........ एक हप्तामा : ........... एक शैक्षिक सत्रमा : ..........

**१०.२.६ हरेक दिन बालिबालिकाहरुले विद्यालयमा कति समय खेल्ने समय पाउँछन ?** .............

के केटा र केटी दुबै खेल्छन् ? खेल्छन् ☐ खेल्दैनन् ☐

विस्तृत विवरण : ..............................................................................

**१०.२.७ मुख्य तीन विषय (अंग्रेजी, गणित, विज्ञान वा वातावरण) मा औसत सिकाई उपलब्धि कस्तो छ ?**

| कक्षा | जम्मा | छात्र | छात्रा | दलित | अन्य जाति |
|---|---|---|---|---|---|
| कक्षा - ३ | | | | | |
| कक्षा - ५ | | | | | |
| कक्षा - ८ | | | | | |

[१९] अघिल्लो शैक्षिक सत्रको आधारमा

[२०] यो सूचना प्राप्त गर्नका लागि निस्पक्ष रूपमा छानिएका ३० जना जति अभिभावकसँग अन्तर्वार्ता गरी त्यसको आधारमा अनुमान गर्न सकिन्छ ।

## १०.३ गुणात्मक सूचकहरु

- बालबालिकाको सिकाईमा अवरोधहरू (बालबालिकाहरू किन अनुत्तीर्ण हुन्छन् ?)
- कक्षा कार्य र त्यसको परीक्षण तथा प्रतिक्रिया
- परीक्षा सङ्ख्या र सञ्चालन
- नतिजा वितरण र त्यसको प्रभाव
- शिक्षण सिकाइ प्रक्रिया र शैली
- विद्यार्थीले विषयवस्तुहरू सिक्ने प्रक्रिया
- शिक्षण सिकाई प्रक्रिया सुधार्न शिक्षकले गरेका प्रयासहरू
- बालबालिकाका लागि गृहकार्य गर्न आवश्यक पर्ने सुरक्षित र शान्त स्थानको उपलब्धता
- अभिभावकहरूले छोरा र छोरीलाई गृहकार्य दिने समय
- अभिभावकवाट गृहकार्य गरे नगरेको अनुगमन र सहयोग
- विद्यार्थी, शिक्षक र अभिभावकहरूको गुणस्तरप्रतिको बुझाइ
- अभिभावकहरू विद्यालयमा हुने अध्ययन अध्यापनप्रति सन्तुष्ट/असन्तुष्ट
- शिक्षण सिकाईको भाषा



## १०.५ गुणस्तरीय शिक्षाको अधिकार सुनिश्चित गर्नका लागि चालिनुपर्ने कदमहरु

१. विद्यार्थी-शिक्षक अनुपात सम्बन्धमा सिफारिसहरू अथवा प्रतिबद्धताहरूबारे हेर्न राष्ट्रिय शिक्षा नीतिहरूको समीक्षा गर्नुहोस् । तोकिएको शिक्षक विद्यार्थी अनुपात शिक्षकहरू विद्यालयहरूमा छन् कि छैनन् तुलना गर्नुहोस् ।

२. स्थानीय साझेदार संस्थाहरू र विद्यालयहरूसँग मिली सिकाई उपलब्धिको निष्पक्ष र बाह्य परीक्षण गरी त्यसको नतिजालाई प्रमाणका आधारमा गरिने पैरवीका लागि प्रयोग गर्नुहोस । यसका लागि स्थानीय विद्यालयहरूमा सिकाइको गुणस्तरको समीक्षा गर्ने प्रयासहरूलाई सघाउनुहोस् र यसका परिणामहरूलाई प्रकाशित गर्नुहोस् । यी समीक्षाहरू जाँच/परीक्षाका परिणामहरूमा आधारित हुनुपर्दछ र तर यसैमा मात्र सीमित हुनु हुँदैन । यस्ता किसिमका परीक्षणहरू गर्दा विभिन्न विभेद्मा परेका समूहलाई विशेष ध्यान दिई सिकाईलाई असर पार्ने तत्वहरूको पहिचान गर्नुपर्दछ । सिकाइ उपलब्धिलाई प्रभाव पार्ने अन्य तत्वहरू जस्तै : कक्षा आकार, विद्यालयको जवाफदेहिताको स्तर र शिक्षकहरूको गुणस्तरसँग तुलना गर्नुहोस् ।

३. अभिभावकहरू तथा अन्य समुदायका सदस्यहरूलाई सिकाईका सूचकहरू विकास गर्न सहयोग गर्नुहोस् । उनीहरूको सिकाइ मापनसम्बन्धी अवधारणालाई परिस्कृत गरी सचेत पार्न सकिएमा विद्यालय तहमा शिक्षाको गुणस्तर मूल्याङ्कन र सुधारका लागि अभिभावकलाई परिचालन गर्न सकिन्छ । गुणस्तरीय शिक्षा मापनका मुद्दाहरूमा विद्यालयले विद्यार्थीहरूलाई सिकाउन खोजेको मूल्य मान्यताहरू, व्यवहारिक ज्ञान, सामाजिक सीपहरू, विवेचनात्मक सोचाई तथा समस्या समाधान गर्ने विधिहरू, इत्यादि पर्दछन् । अभिभावक र शिक्षकहरूबीच विद्यार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित विभिन्न वषयमा छलफल गर्ने मञ्च तयार पारी छलफललाई सहजीकरण गर्नुहोस् ।

४. शिक्षकहरूमा बालमैत्री शिक्षण गर्न सक्ने क्षमता र सीपको विकास गर्नमा तालिम तथा अन्य क्षमता अभिवृद्धिसम्बन्धी सहयोग गर्नुहोस् । बालबालिकाको सहभागिता बढाउन पाठ्यक्रम बाहेक सृजनात्मक तथा नयाँ किसिमका सिकाईहरूलाई प्रवर्द्धन गर्ने अतिरिक्त क्रियाकलापहरूलाई सघाउनुहोस् ।

५. शिक्षाको गुणस्तर बढाउने खालका नयाँ नौला प्रयासहरू सुरू गर्नुहोस । सिकाईमा दिगो राख्न सक्ने गरी सुधार गर्न सम्पूर्ण सरकारी प्रणालीको क्षमतालाई बलियो पार्ने खालका सफल प्रयासहरू आवश्यक पर्दछन् । एक्सनएड र साझेदार संस्थाहरूले सिकाइलाई प्रत्यक्ष प्रभाव पर्ने खालका सुरूवातहरूलाई प्रश्रय दिई तिनीहरूको प्रभावलाई प्रचार प्रसारमा ल्याउनु पर्दछ ।



# अनुसूची – १

## विद्यालय शिक्षामा अधिकारको प्रवर्द्धन – एक संयुक्त प्रयास



# विद्यालय शिक्षामा अधिकारको प्रवर्द्धन – एक संयुक्त प्रयास

प्रारम्भदेखिनै विद्यालय शिक्षामा अधिकारको प्रवर्द्धन गर्ने प्रक्रियाका बारेमा विभिन्न राष्ट्रिय, जिल्ला र समुदाय तहका सरोकारवालाहरूको अपनत्व निर्माण गर्न बहुत जरूरी छ । यस प्रक्रियालाई सबै भौगोलिक क्षेत्रको प्रतिनिधित्व सुनिश्चित हुने गरी अगाडि बढाउनु पर्नेछ । राष्ट्रियस्तरमा निम्न लिखित तथा अन्य सम्बन्धित संघसंस्थाहरूसँग सहकार्य गरी यस प्रक्रियालाई अगाडि बढाइनेछ ।

- राष्ट्रिय तहको शैक्षिक अनुसन्धान संस्था, जसले कार्यविधि र प्रक्रियाहरूको प्रमाणीकरण, तथ्याङ्कहरूको एकीकरण, ढाँचा निर्माण तथा स्याम्पलिङ्गको विश्वसनीयतामा सरसल्लाह, सहजकर्ताहरू र अनुसन्धानकर्ताहरूको तालिममा सहयोग, फिल्ड प्रक्रियाहरूमा सँगै जाने, छानिएका क्षेत्रहरूमा सुपरिवेक्षण गर्ने (स्थलगत निरीक्षण - तथ्याङ्कहरूको विश्वसनीयता प्रमाणीकरण गर्ने र गुणस्तर नियन्त्रण गर्ने) तथा तथ्याङ्क एकीकरण र राष्ट्रिय प्रतिवेदन लेख्न सहयोग गर्नमा मद्दत पुऱ्याउँछ ।
- सहभागितामूलक विधिहरूमा सरसल्लाह र सहयोग गर्न सक्ने सहभागितामूलक अभ्यासकर्ताहरूको सञ्जाल : यसका लागि सहभागितामूलक औजारहरूको निर्माण र सहजकर्ताहरूको/ अनुसन्धानकर्ताहरूको तालिम पर्दछन् । एक्सनएड नेपालका शिक्षा क्षेत्रमा काम गर्ने साझेदार संस्थाहरू विद्यालयसँग नजिकमा बसेर काम गर्ने भएकाले उनीहरूलेनै यस्तो सञ्जालको काम गर्न सक्छन् ।
- शिक्षक सङ्गठनहरूको सहभागिता प्रक्रियाको विश्वसनीयता तथा शिक्षकहरूको सक्रियता सुनिश्चित गर्नका लागि महत्वपूर्ण हुनेछ ।
- राष्ट्रियस्तरमा उपलब्ध विद्यालय व्यवस्थापन समितिको सञ्जाल (वा एक्सनएड नेपालले शैक्षिक परियोजना सञ्चालन गरिरहेका विद्यालयका व्यवस्थापन समिति र शिक्षक अभिभावक संघहरूको सञ्जाल)
- राष्ट्रिय शिक्षा अभियान/सङ्गठन, जसको संलग्नताले प्रतिवेदनको प्रयोग व्यापक प्रचार र अभियान थाल्नका लागि हुनेछ भन्ने कुरा सुनिश्चित गर्न मद्दत पुग्नेछ तथा जसले जीसीई (GCE) का माध्यमले यस प्रक्रियालाई क्षेत्रीय र अन्तर्राष्ट्रिय कार्यका लागि जोड्न सक्नेछन् । नेपालमा जीसीईका सदस्य संस्थाहरू र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको शिक्षा सञ्जालले यो भूमिका निर्वाह गर्न सक्दछ ।
- केही पत्रकार बन्धुहरू/महिला अधिकार सङ्गठनहरू जसले स्थानीय तहमा यस प्रक्रियामा साथ दिन सक्दछन् र राष्ट्रियस्तरमा यस प्रक्रिया र यसको उत्पादनबारे जनचेतना जागृत गर्न सक्दछन् ।
- केन्द्रीय तहमा सरकार, एक्सनएड र विशेषज्ञसहितको उच्चस्तरीय सुपरिवेक्षण कार्यदल (think tank) गठन गरी पिआरएस प्रक्रियालाई संस्थागत गर्न सकिन्छ । उल्लिखित सबै संघ-संस्थाहरू मिलाएर एउटा सुपरिवेक्षण समिति बनाउनु पर्दछ, प्रारम्भमा यसको सहजकर्ता 'एक्सनएड' हुनेछ । स्पष्ट छ, प्रत्येक क्षेत्रमा स्थानीय साझेदारहरू र अन्य इच्छुक स्थानीय तहमा कार्यरत सङ्गठनहरूका साथै बालबालिकाहरूले यस प्रक्रियालाई प्रभावकारी र सशक्त बनाउन निर्णायक भूमिका खेल्ने छन् ।



सम्पूर्ण समुदायलाई, विशेष गरी बालबालिकाहरूलाई, संलग्न गराउनु -- हामीले साझेदारहरूलाई विद्यालयहरू, अभिभावकहरू र बालबालिकाहरूसँग यी अधिकारहरूबारे अनुसन्धान गर्नका लागि सूचना सङ्कलन गर्न नजिकबाट काम गर्न प्रोत्साहित गर्दछौं । हाम्रो अनुभवले देखाएको छ कि शिक्षकहरू, अभिभावकहरू, बालबालिकाहरू र मानव अधिकार कर्मीहरूलाई विद्यालयले यी अधिकारहरू मध्ये एक वा बढी अधिकारहरूलाई कसरी परिपूर्ति गरिरहेको छ भन्ने कुराको अनुगमनमा संलग्न गराउनु जनचेतना जागृत गर्ने, परिवर्तन पछ्याउने र चुनौतीहरू सम्बोधन गर्ने सशक्त साधन हो । यसलाई गर्ने विभिन्न तरिकाहरू छन्, जस्तै अनुकूल बनाइएका बाल-मेला सामग्रीहरूको प्रयोग गरी बाल-समूहहरू अथवा विद्यमान आमा समूहहरू र रिफ्लेक्ट सर्कलहरू । यी अधिकारहरूको संयुक्त अनुगमन गर्न अक्सर विविध सरोकारवालाहरूको समूह बनाउनु महत्वपूर्ण हुन्छ, जसमा बालबालिकाहरू, अभिभावकहरू, शिक्षकहरू, शिक्षा साझेदारहरू, शिक्षक सङ्गठनहरू र सम्भवतया शिक्षा मन्त्रालय संलग्न हुन्छन् ।

...

बालबालिकाहरूलाई विद्यालयमा कुन कुराको काम गर्दैन र के कुराको परिवर्तन गर्नु पर्नेछ भन्ने बारे राम्रो ज्ञान हुन्छ, उनीहरूका लागि आफ्नो विद्यालय र सिकाइएका सुधार गर्न उनीहरूलाई सशक्त बनाउन तपसीलका कार्यक्रमहरूद्वारा स्थान बनाउनु महत्वपूर्ण हुन्छ :

- घोषणापत्र र सामग्रीहरूको बाल-मैत्री संस्करणको निर्माण र सचित्र वर्णन गर्न समुदाय र विद्यालय दुबै स्तरमा बालबालिकाहरूलाई संलग्न गराउने ।
- तथ्याङ्क सङ्कलन र परिवर्तनका लागि क्षेत्रहरू र कामकारबाहीको पहिचान गर्ने समूहका अंगका रूपमा बालबालिकाहरू हुनु पर्दछन् भन्ने कुरा स्वीकार गर्नका लागि क्षमता निर्माण गर्ने र प्रौढहरूलाई मद्दत पुऱ्याउने ।
- विद्यालयभित्र अथवा बाहिर बालबालिकाहरूको सहभागितामूलक सर्वेक्षण, तथ्याङ्क सङ्कलन र नक्साकङ्न अभ्यासहरूलाई बढावा दिने ।
- सबैस्तरमा सरकारका अधिकारीहरूसँग संलग्न हुनका लागि बालबालिकाहरूका संसदहरू अथवा क्लवहरूको गठन गर्ने ।
- घोषणापत्रसँग काम गर्नका लागि बालिकाहरूको क्लवहरूको प्रवर्द्धन गर्ने र तिनीहरूसँग काम गर्ने ।




## सधन्यवादः श्रोत पुस्तिका तयारकर्ताहरु


जीवनराज लोहनी
डा. यज्ञराज पन्त
नवीन सुवेदी
ईन्द्र गुरूङ्ग
दिनेश गुरूङ्ग
रोशन ढकाल
अशोकराज पोखरेल
कोपिला डंगोल
प्रेम बहादुर चौधरी
दिल बहादुर नेपाली
विनोद तिमिल्सेना (तस्विर संकलन)
टेकराज भट्ट
सुनिता गुरूङ्ग
डा. प्रमोद भट्ट
किरण ढकाल
मानबहादुर डांगी
यादव भुसाल

साभारः एक्सनएड अन्तर्राष्ट्रिय शिक्षा अधिकार परियोजनाद्धारा प्रकाशित अङ्ग्रेजी भाषाका श्रोत पुस्तिकाबाट अनुवाद तथा परिमार्जन गरिएको ।

## आधारभूत शिक्षा आधारभूत अधिकारः सबैका लागि स्तरिय शिक्षा हाम्रो सरोकार




End poverty. Together.

**ActionAid International is a unique partnership of people who are fighting for a better world - a world without poverty**

ActionAid International is registered under Section 21A of the Companies Act 1973

Registration number 2004/007117/10

The Haque, Netherlands

**ActionAid International Nepal Country Office**
GPO Box: 6257, Aspara Marga, Lazimpat, Kathmandu, Nepal

**Telephone**
+977-1-4436477, 4419115

**Fax**
+977-1-4419718

**E-mail**
mail.nepal@actionaid.org

**Website**
www.actionaid.org/nepal

**ActionAid International Nepal Eastern Resource Centre**
Ward No. 16, Panchali,
Biratnagar, Morang
**Telphone:** 021-524575
**Fax:** 021- 528635
**E-mail :** infoerc.nepal@actionaid.org

**ActionAid International Nepal Central Resource Centre**
P.O. Box 84, Shanti Marga-99
Ward No. 10, Bharatpur, Chitwan
**Telphone:** 056-521175
**Fax:** 056-532332
**E-mail :** infocrc.nepal@actionaid.org

**ActionAid International Nepal Western Resource Centre**
PO Box 75 Ward No. 16,Belaspur
Sanchayakosh Marga,
Nepalgunj, Banke
**Telphone:** 081-526298, 524245
**Fax:** 081-522536
**E-mail :** infowrc.nepal@actionaid.org